साप्ताहिक
# साँघु
SANGHU Vernacular Weekly
वेबसाइट: www.sanghunews.com
अन्तरिम सरकारकी प्रधानमन्त्री सुशीला कार्की नेपालको ४७औं प्रधानमन्त्री भएको १५१औं दिन
वर्ष ४३, अंक ३६, २०८२, माघ २६ गते, सोमबार (Feb. 09, 2026) मूल्य रू. १०/-

# चर्चाको शिखरमा झापा-५, दवावमा ओली
## बालेनको चुनौतीपछि रणनीति फेरिँदै

**काठमाडौं । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का वरिष्ठ नेता बालेन्द्र शाह 'बालेन'ले झापा-५ मा एमाले अध्यक्ष केपी ओलीलाई हायलकायल पार्न थालेका छन् । जेन-जी विद्रोहको पक्ष र विपक्षमध्ये कसले जित्ने भन्ने भाष्य स्थापित गरेर अहिले झापा-५ चुनावी रणमैदान बनेको छ । बालेन शाह र ओलीले निरन्तर शक्ति प्रयोग गरिरहेका छन् ।**

बालेनको पक्षमा माहोल बढ्न नदिन ओलीले हरसम्भव प्रयास गरिरहेका छन् । विगतमा चुनावी प्रचार अभियानमा झापा-५ मा खासै गइराख्नु नपर्ने ओली अहिले दबाबमा परेका छन् । युवा क्लबदेखि पुराणसम्म सहभागी हुन थालेका छन् ।

ओलीले आफ्नो सम्पूर्ण शक्ति झापा-५ मा लगाएका छन् र उक्त क्षेत्रमा केन्द्रित हुन ओलीलाई पार्टीभित्रैबाट सुझाव दिइएको छ । जिल्ला बाहिर नजान र अरू नेताहरूको क्षेत्रमा नजान पनि सुझाव दिएका छन्। ओली बाहिर जति धेरै बोल्यो, त्यति धेरै क्षति हुने एमालेभित्रको बुझाइ भएपछि ओलीलाई अहिले आफ्नो क्षेत्रमा केन्द्रित हुन सुझाव दिएको हो ।

कार्यकर्तादेखि नेतासम्मको बुझाइमा ओलीले कमभन्दा कम बोल्दा पार्टीको भोट सुरक्षित हुने तर्कमा रहेका छन् । उक्त तर्कसहित ओलीलाई चुनावी अभियानका क्रममा अन्य





जिल्लामा नलैजाने नीति बनेको हो । ओलीको चाहना भने अरू जिल्लामा भाषण गर्न जाने रहेको तर नेताहरू नै इच्छुक नरहेको एमाले स्रोतको भनाइ छ ।

एमाले स्रोतका अनुसार, चुनावपछिको आकलनले पनि नेताहरू त्रसित हुन थालेका हुन् । एमालेभित्र पछिल्ला दिनमा जिल्लामा भोटहरू वितरवितर हुने संकेत बुझिएका छन् । नेताहरूले नै उक्त कुरा बुझेर आएपछि एकपटक चुनाव सार्न पाए हुने भन्ने मनसाय पनि प्रकट गरेका थिए । सार्वजनिक रूपमा केही टिप्पणी पनि गरेका थिए ।

तर, सरकार चुनाव सार्ने पक्षमा भने देखिएको छैन । सोही कारण उनीहरू दबाबका बाबजुद चुनावमा जान खोजिरहेका छन् । अहिले एमालेका नेताहरूमा (बाँकी पृष्ठ ८ मा)

# मतदाताको मन कता-कता मोडिँदैछ ?
# निर्वाचन र बदलिँदो राजनीतिक शक्ति

● साँघु विशेष प्रतिनिधि

**काठमाडौं । आगामी २०८२ फागुन २१ गतेका लागि तय गरिएको निर्वाचनको मिति नजिकिँदै गर्दा मुलुकको राजनीतिक तापक्रम एकाएक बढेको छ । निर्वाचन आयोगले तयारीलाई तीव्र पारेसँगै गाउँदेखि शहरसम्म चुनावी सरगर्मीले सीमा नाघेको देखिन्छ । उम्मेदवारहरू आफ्नो एजेन्डासहित मतदाताको घरदैलोमा पुग्न व्यस्त छन् भने मतदाताहरूमा पनि यसपटक विशेष उत्साह र फेरिँदो चेतना देखिएको छ ।**

निर्वाचनको पूर्वसन्ध्यामा देखिएको सबैभन्दा रोचक दृश्य भनेको दल त्याग र नयाँ दलमा प्रवेश गर्ने लहर हो । दशकौंदेखि नेपाली कांग्रेस र नेकपा एमाले जस्ता पुराना एवं स्थापित दलहरूमा आबद्ध कार्यकर्ता र समर्थकहरू पछिल्लो समय धमाधम पार्टी परित्याग गरी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र एकीकृत नेकपातर्फ आकर्षित भइरहेका छन् । यसले परम्परागत राजनीतिक शक्ति संरचनामा ठूलो हलचल पैदा गरिदिएको छ र वर्षौंदेखिको विरासत बोकेका दलहरूलाई गम्भीर चुनौती थपिदिएको छ ।

निर्वाचनको सम्मुखमा देखिएको जनलहर र राजनीतिक समीकरणलाई सूक्ष्म ढङ्गले विश्लेषण गर्दा यसपटक कुनै पनि एकल दलले बहुमत प्राप्त गर्ने सम्भावना निकै न्यून देखिएको छ । मतको प्रकृति र मतदाताको रुझान हेर्दा राष्ट्रिय स्वतन्त्र पार्टीले समानुपातिकतर्फ सबैभन्दा बढी मत प्राप्त गरी प्रथम स्थान हासिल गर्ने बलियो सम्भावना छ ।

यद्यपि, प्रत्यक्ष निर्वाचन प्रणालीतर्फको प्रतिस्पर्धामा भने नेपाली कांग्रेस नै सबैभन्दा बढी सिट जित्दै पहिलो दल बन्ने अनुमान गरिएको छ । यसले गर्दा समग्र सिट संख्याको हिसाबमा




नेपाली कांग्रेस संसद्को सबैभन्दा ठूलो दल बन्ने र राष्ट्रिय स्वतन्त्र पार्टीले दोस्रो स्थान ओगट्ने प्रक्षेपण गरिएको छ । पछिल्लो समय वामपन्थी शक्तिहरूको ध्रुवीकरणबाट बनेको 'नेकपा' तेस्रो स्थानमा रहने देखिएको छ भने विगतमा शक्तिशाली रहेको नेकपा एमाले यसपटक चौथो स्थानमा खुम्चिने संकेतहरू देखिएका छन् ।

प्रतिनिधि सभाको कुल २७५ सिटको गणितीय लेखाजोखा गर्दा यी चार प्रमुख दलहरूले नै वर्चस्व जमाउने देखिन्छ । हालसम्मको राजनीतिक आँकडा र चुनावी प्रक्षेपण अनुसार यी चार दलले कुल सिटमध्ये करिब २४० सिट हासिल गर्ने अनुमान छ । बाँकी ३५ सिटमा साना दलहरू र स्वतन्त्र उम्मेदवारहरूको उपस्थिति रहने आंकलन गरिएको छ ।

यस प्रकारको परिणामले मुलुकलाई पुनः मिलिजुली सरकारको दिशामा लैजाने र सत्ता समीकरणका लागि दलहरूबीच तीव्र रस्साकस्सी हुने स्पष्ट देखिन्छ । मतदाताहरूको बदलिँदो रोजाइले एकातिर नयाँ शक्तिलाई स्थापित गर्ने अवसर दिएको छ भने अर्कोतिर पुराना दलहरूलाई आत्मसमीक्षा गर्न बाध्य पारेको छ । २०८२ फागुन २१ को मतदानले दिने अन्तिम नतिजाले नै नेपालको आगामी पाँच वर्षको राजनीतिक भविष्य र सत्ताको साँचो कसको हातमा पुग्छ भन्ने टुङ्गो लगाउनेछ ।

**चुनावी मैदान**

नेपालको आगामी निर्वाचनमा यसपटक केही यस्ता निर्वाचन क्षेत्रहरू छन्, जसले सम्पूर्ण देशको ध्यान तानेका छन् । पुराना दिग्गज र नयाँ उत्साहका बीचको यो टक्करले आगामी राजनीतिक दिशा तय गर्ने अनुमान गरिएको छ ।

**झापा-५: ओली बनाम बालेन**

झापा क्षेत्र नम्बर ५ अहिले देशकै सबैभन्दा बढी चर्चामा रहेको क्षेत्र हो । यहाँ नेकपा एमालेका अध्यक्ष तथा पूर्व प्रधानमन्त्री केपी शर्मा ओली र काठमाडौं महानगरका पूर्व मेयर तथा रास्वपाका प्रभावशाली नेता बालेन्द्र शाह (बालेन) आमनेसामने छन् । ओलीले आफ्नो कार्यकालमा गरेका विकास निर्माण (दमक भ्यू टावर, सडक सञ्जाल) लाई चुनावी एजेन्डा बनाएका छन् भने बालेनले 'परिवर्तन र नयाँ पुस्ताको नेतृत्व' लाई जोड दिएका छन् ।

पुराना र पाका मतदाताहरू अझै पनि ओलीको पक्षमा अडिग देखिन्छन्, तर, युवा मतदाताहरूको ठूलो हिस्सा बालेनतर्फ झुकेको छ । दुबै उम्मेदवारको भविष्यको प्रश्न जोडिएको झापा ५ मा अन्तर्राष्ट्रिय ध्यान तानिएको छ । जो जितेपनि जिते हस्तीनापुरको राज हारे चपरीमुनी...!

**रुकुम पूर्वः प्रचण्डको परीक्षा**

हरेक निर्वाचनमा क्षेत्र फेर्दै आएका एकीकृत नेकपाका संयोजक तथा पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' यसपटक रुकुम पूर्वबाट चुनावी मैदानमा छन् । माओवादी जनयुद्धको आधारभूमि मानिने यो क्षेत्र प्रचण्डका लागि सबैभन्दा सुरक्षित मानिएको छ ।

रुकुम पूर्वका (बाँकी पृष्ठ ८ मा)

# प्रचण्ड किन राजन दाहालमै अडिए ?
## सिन्धुली-२ मा प्रतिष्ठाको लडाइँ



काठमाडौं । नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' ले अहिलेको चुनावमा आफ्नो भन्दा बढी चिन्ता राजन दाहालको लिइरहेका छन् । सिन्धुलीको जिल्ला कमिटीले नै सिफारिस नगरेका दाहाललाई प्रचण्डले टिकट दिएर पठाएपछि नेता हरिबोल गजुरेलसहितको टिमले असहयोग गरेको छ । असहयोग मात्र होइन, सशक्त बागी उठाएर चुनौती दिएका छन् ।

त्यसपछि प्रचण्डले गजुरेलसहित उम्मेदवार महेश्वर दाहाललाई कारबाही गरे । त्यसपछि प्रचण्डले सिन्धुलीका उम्मेदवार राजन दाहालको उम्मेदवारीलाई प्रचण्डले प्रतिष्ठाको विषय बनाएका छन् । आफ्नो क्षेत्रमा नगएर प्रचण्डले सिन्धुली पुगेर नै दाहाललाई भोट मागेका छन् । त्यसैले अहिले सिन्धुलीमा थप नेकपाका नेताहरू चिढिएका छन् । राजन दाहालको कर्मप्रति सिन्धुलीमा धेरै नै प्रश्न उठ्ने गरेका छन् । पार्टीभित्र र बाहिर उनको आर्थिक कार्यशैलीमा गम्भीर प्रश्न उठेर पार्टीले नै असहयोग गरेका बेलामा प्रचण्ड उनको क्षेत्रमा गएका हुन् । उनी त्यहाँ गएर भोट मागिदिएका छन् ।

प्रचण्डको छोरी गंगा दाहाललाई आर्थिक लाभ पुऱ्याइदिने काम राजन दाहालले गर्ने भएकै कारणले पनि टिकट पाएको दाबी गरिन्छ । त्यही कारणले पार्टीभित्र उनको (बाँकी पृष्ठ ८ मा)

# अनेक काण्ड लागेकाहरू रास्वपाका उम्मेदवार



धनन्जय रेग्मी र गोविन्द पन्थी

काठमाडौं । नयाँले देश बनाउँछन् भन्ने राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)ले देशभर दिएका उम्मेदवारमध्ये धेरैजसो एउटा न एउटा काण्ड लागेका छन् । २०८२ भदौ २४ गते सिंहदरबारदेखि नेताहरुका घर आगो लगाएको जिम्मा लिएका कृष्ण कार्कीलाई रास्वपाले मोरङ-२ बाट प्रतिनिधि सभामा उम्मेदवार बनाएको छ । पिसाब गरिरहेको तस्बिर खिच्नेदेखि भालेसँग भोट माग्दै हिड्ने जस्ता अनेक उट्पट्याङ काम गर्दैआएकी कथित अभियन्ता आशिका तामाङलाई रास्वपाले धादिङ-१ बाट उम्मेदवार बनाएको छ ।

२०७८ कात्तिक २० गते भाइटीकाका दिन बेलायतबाट फर्किंदा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा मदिराले मातेर भन्सारका कर्मचारीमाथि हातपात गर्ने नेपाल पर्यटन बोर्डका पूर्वसीईओ धनन्जय रेग्मीलाई स्याङ्जा क्षेत्र नम्बर-१ बाट उम्मेदवार बनाएको छ । भन्सार नियम विपरीत ६ वटा ह्विस्कीको बोतल लिएर साधारण गेटबाट बाहिर निस्किन खोज्दा रेग्मीलाई विमानस्थलका सुरक्षा अधिकारी, भन्सार कर्मचारीले रोकेका थिए । नियमले तोकिएको भन्दा बढी मात्रामा मदिरा ल्याउन नदिएको भन्दै भन्सारका कर्मचारीमाथि हातपात (बाँकी पृष्ठ ८ मा)

# निर्वाचनमा विदेशी चासो बढ्दै
## नेपालको जनमत कता डोरिँदैछ ?

काठमाडौं । निर्वाचन नजिकिँदै जाँदा बाह्य प्रभाव र दबाब बढ्न थालेको छ । विदेशी दूतावासहरूले दल, नेता र निकायसँग बाक्लो सम्पर्क बढाएका छन् । एमाले, कांग्रेस र नेकपाको समानुपातिक तथा प्रत्यक्ष सिटबारे विदेशी सर्वेक्षण भएको स्रोतको दाबी छ । निर्वाचन आयोगसम्म पहुँच बढाउने प्रयास भइरहेको बताइन्छ । भारतले नेपाललाई दिने बजेट बढाएको छ भने अमेरिकाले भिसामा कडाइ गरेको छ । चीनसँगै रुस, जर्मनी र बेलायतको सक्रियता पनि बढेको बताइन्छ । विश्लेषकहरू यसलाई चुनावी नतिजासँग जोडेर हेर्न थालेका छन् ।

अमेरिकाले भने नेपालीहरुको भिसामा कडाइ गरेको छ । त्यसो गर्नुको अर्थ भने दबाब बढाउन खोजेको अर्थमा हेरिएको छ । नेपालको चुनावी नतिजा यी दुवै देशको कोणलाई हेरेर गर्नका लागि पनि यस्तो निर्णय गरिएको बताइन्छ । यद्यपि पछिल्ला दिनमा चीनको सक्रियता बढाएको छ र त्यो सक्रियतासँगै रुस पनि सहभागी हुन थालेको छ । युक्रेनमा आक्रमण गर्नुअघि रुसले नेपालमा निकै सक्रियता बढाएको थियो । त्यसपछि रुस अहिले नेपालमा सक्रिय भएको स्रोतहरुले उल्लेख गरेका छन् । अमेरिकाले भने जापान, इजरायल र कतारलाई पनि सक्रिय बनाइरहेको स्रोतहरुले उल्लेख गरेका छन् ।

# सेनाका हेलिकप्टर बेपत्ता ?
# प्रधानमन्त्रीबाट सोधखोज

काठमाडौं । "सेनाका २ थान हेलिकप्टर मर्मतको नाममा बेपत्ता ? रक्षा, सेना र अख्तियारको मौनतामाथि गम्भीर प्रश्न" शीर्षकमा साँघु साप्ताहिकले २०८२ माघ १९ गते प्रकाशित समाचारप्रति प्रधानमन्त्री तथा रक्षा मन्त्री सुशीला कार्की गम्भीर रूपमा ध्यानाकर्षित भएको बालुवाटार स्रोतले जनाएको छ ।

प्रधानमन्त्री निवास स्रोतका अनुसार, उक्त समाचार प्रकाशित भएपछि प्रधानमन्त्री तथा रक्षा मन्त्री कार्कीले नेपाली सेना र रक्षा मन्त्रालयका सम्बन्धित उच्च अधिकारीहरूसँग यस विषयमा स्पष्ट जानकारी माग गर्दै सोधपुछ गरेकी थिइन् । तर, सोधपुछका क्रममा सम्बन्धित निकायका अधिकारीहरूले स्पष्ट र ठोस विवरण नदिई गोलमटोल जवाफ दिएर विषय टार्ने प्रयास गरेको स्रोतको दाबी छ । (बाँकी पृष्ठ ८ मा)

# गगनको टिकट अस्वीकार गर्दा

काठमाडौं । गगन थापालाई सभापति अस्वीकार गरेका नेताहरू उनकै हस्ताक्षरको टिकट लिएर उम्मेदवार बनेका छन् । मीनेन्द्र रिजाल कांग्रेस परिवर्तन भएको दाबी गरिरहेका छन् ।

तर कांग्रेसमा केही नेताले थापाको टिकट अस्वीकार गरेका छन् । शेरबहादुर देउवा, आरजु राणा, रमेश लेखक र बालकृष्ण खाँणलाई थापाले टिकट नदिने निर्णय लिएका थिए । विजय गच्छदारलाई भने थापाले टिकट दिएका छन् ।

उदयपुरका नारायण खड्का र सुदूरपश्चिमका वीरबहादुर बलायरले भने टिकट अस्वीकार गरे । बलायरले अन्तिम दिन टिकट नलिने निर्णय गरेपछि (बाँकी पृष्ठ ८ मा)

# सेनाको ५० करोडभन्दा बढीको टेन्डरमा प्रश्न
# विभागहरू छलेर गोप्य मूल्यांकन र सेटिङको आशंका

**काठमाडौं । नेपाली सेनाले क्यामुफ्लाज कपडा (Camouflage Fabric), संयुक्त राष्ट्रसंघ (UN) का लागि प्रयोग हुने चुस्ता कपडा (Chusta Fabric) र ब्ल्याक लेदर बुट खरिदका लागि प्रकाशित गरेको ५० करोड रुपैयाँभन्दा बढीको टेन्डर प्रक्रियामा गम्भीर अनियमितता र गोप्य 'सेटिङ' भएको आरोप उठेको छ ।**

सैनिक स्रोतका अनुसार, शक्तिशाली सम्धी यादव कुँवरले सिफारिस गरेका सप्लायर्सलाई टेण्डर दिनका लागि संभार रथी विभाग प्रमुख उपरथी प्रकाश राज थापाको संयोजनमा तीनवटै आइटमको मूल्यांकन प्रक्रिया हाल गोप्य रूपमा अगाडि बढाइएको छ ।

**टेन्डर प्रक्रिया र मिति**

संभार रथी विभागले सन् २०२५ नोभेम्बर २० मा क्यामुफ्लाज कपडा र UN प्रयोजनका लागि चुस्ता कपडा आपूर्तिका लागि बोलपत्र आव्हान गरेको थियो । ती दुवै बोलपत्र २०८२ पुस २० गते खोलिएको सैनिक स्रोतले जनाएको छ । हाल ती टेन्डरहरू मूल्यांकन चरणमा रहेको भए पनि नेपाली सेनाका अन्य विभागलाई बाईपास गरेर प्रक्रिया पूर्ण रूपमा गोप्य राखिएको दाबी गरिएको छ ।

**परम्परा तोडेर**
**'क्लोज डोर' मूल्यांकन**

स्रोतका अनुसार, विगतमा यस्ता संवेदनशील कपडा खरिदका क्रममा नेपाली सेनाको लिगल विभाग (सेना प्राड विभाग), लेखा विभाग तथा टेक्सटाइल गण (कालिका स्थान) का प्राविधिक इन्जिनियरहरूको सहभागितामा नमुना परीक्षण, प्राविधिक विश्लेषण र मूल्यांकन गरिँदै आएको थियो ।

तर, यसपटक उक्त परम्परा तोडेर संभार रथी विभागले संभारका मात्रै सीमित अधिकृतहरूको संलग्नतामा, सेनाकै बाह्य प्राविधिक निकायलाई पन्छाउँदै, गोप्य रूपमा मूल्यांकन गरिरहेको सैनिक स्रोतको दाबी छ । यसले टेन्डर प्रक्रियाको पारदर्शितामाथि गम्भीर प्रश्न उठाएको छ ।

**५० करोडभन्दा बढीको टेन्डर,**
**नमुना बुझाउने समय अपुग**

कपडा र ब्ल्याक लेदर बुटसमेत गरी ५० करोड रुपैयाँभन्दा बढीको टेन्डर नेपाली सेनाले प्रकाशित गरेको छ । तर, टेन्डरमा प्रतिस्पर्धा गर्न चाहने केही सप्लायर्सले अत्यन्तै छोटो-जम्मा १० दिनको समय मात्र दिइएको भन्दै असन्तुष्टि जनाएका छन् ।

ती सप्लायर्सका अनुसार, नमुना तयारी, प्राविधिक परीक्षण र कागजात पूरा गर्न पर्याप्त समय नदिई टेन्डर प्रकाशित गर्नुको उद्देश्य नै 'सेटिङ' मिलाइएका सप्लायर्स बाहेक अन्यलाई प्रतिस्पर्धाबाट बाहिर राख्नु हो । "नमुना समेत राखेर टेन्डरमा भाग लिन नसकून् भन्ने नियत देखिन्छ," एक सप्लायरले नाम नछाप्ने शर्तमा बताए ।

**शक्तिशाली सिफारिस र संस्थागत प्रश्न**

टेन्डर प्रक्रियामा नेपाली सेनाभित्र शक्तिशाली पहुँच भएका सम्धीको सिफारिस प्रभावकारी बनेको आरोपले नेपाली सेनाभित्रको खरिद प्रणालीमाथि नै प्रश्न खडा गरेको छ । यदि आरोपहरू सत्य सावित भएमा, यसले सार्वजनिक खरिद ऐन, सेनाको आन्तरिक निर्देशिका र सुशासनका आधारभूत मान्यतामाथि ठाडो चुनौती दिने विश्लेषकहरूको भनाइ छ ।

**पारदर्शिताको माग**

सैनिक प्रशासन र रक्षा मन्त्रालयका जानकारहरूका अनुसार, यस्ता उच्च मूल्यका टेन्डरहरूमा अधिकतम् पारदर्शिता, बहुपक्षीय प्राविधिक मूल्यांकन र प्रतिस्पर्धालाई सुनिश्चित गर्नु अनिवार्य हुन्छ । (बाँकी पृष्ठ ८ मा)

# फेक रेस्क्यु काण्डमा ठूला नाम सुरक्षित
# सानालाई जेल, शक्तिशालीलाई छुट ?

काठमाडौं । केही साताअघि नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)ले फेक रेस्क्यु प्रकरणमा संलग्न केही व्यक्तिलाई पक्राउ गरेपछि लामो समयदेखि दबिएको एउटा संगठित अपराध पुनः सतहमा आएको छ । तर, यी पक्राउले समस्या समाधानभन्दा बढी गम्भीर प्रश्न जन्माएको छ-के अनुसन्धान साँच्चिकै मूल अपराधीहरूसम्म पुग्दैछ, कि फेरि केही साना पात्रलाई अघि सारेर ठूला खेलाडी जोगाउने पुरानै अभ्यास दोहोरिँदैछ ?

ठमेल क्षेत्रका पर्यटन व्यवसायीहरूका अनुसार फेक रेस्क्यु केवल केही ट्रेकिङ कम्पनी वा दलालहरूको खेल होइन, यो अस्पताल, बीमा कम्पनी, हवाईजहाज कम्पनी र राजनीतिक संरक्षणसम्म फैलिएको संगठित नेटवर्क हो । तर पछिल्लो अनुसन्धान केही व्यक्तिमा सीमित हुँदा यो नेटवर्कका प्रभावशाली केन्द्रहरू अझै प्रहरीको निगरानीबाहिर छन्।

**२०७५ को प्रतिवेदन : सुरुबाटै बिग्रिएको खेल**

फेक रेस्क्यु प्रकरण २०७५ सालमै राज्यको नजरमा परेको थियो । तत्कालीन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री रविन्द्र अधिकारीले यस विषयमा छानबिन गर्न समिति गठन गरेका थिए । तत्कालीन सहसचिव घनश्याम उपाध्यायको नेतृत्वमा छानबिन समिति बनेर विस्तृत प्रतिवेदन तयार गरिएको थियो । तर, प्रतिवेदन सार्वजनिक हुने बेलादेखि नै त्यसमा चलखेल भएको (बाँकी पृष्ठ ८ मा)

# भूमिव्यवस्था मन्त्रालयमा सेटिङको खेल
## जेनजी सिफारिसका विज्ञविरुद्ध उजुरी

काठमाडौं । जेनजी विद्रोह मुख्यतः भ्रष्टाचारबिरुद्ध थियो । तर, त्यो विद्रोहपछि गठन भएको नागरिक सरकारकी प्रधानमन्त्री सुशीला कार्कीको सचिवालयमा जेनजीकै सिफारिसमा राखिएका विज्ञसमेत ठेक्कापट्टाका सेटिङ र कर्मचारी सरुवामा असुलीमा लागेको भन्दै उजुरी परेको छ ।

प्रधानमन्त्री कार्कीले भूमिव्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय हेर्नेगरी जेनजी प्रतिनिधिका रुपमा सचिवालयमा राखिएका दीपक ओली बिचौलिया बनेर निस्किएको उजुरीमा उल्लेख छ । विगतका मन्त्रीहरुका स्वकीय सचिव र निजी सचिव भन्दा ओलीले भूमिब्यवस्था मन्त्रालयअन्तर्गतका विभाग र कार्यालयहरुमा ठेक्का सेटिङ र कर्मचारी सरुवामा हस्तक्षेप गर्ने गरेको कर्मचारी स्रोत बताउछ । मन्त्रालय र मन्त्रालयअन्तर्गतबाट हुने कर्मचारीहरुको सरुवा, मन्त्रालयबाट हुने बोलपत्र, दरभाउपत्र, परामर्श सेवाका काम, नापी र मालपोत कार्यालयबाट हुने जग्गा दर्तालगायतका जग्गा प्रशासनसँग सम्बन्धित काममा प्रधानमन्त्रीको सुशासन विज्ञ भन्दै ओलीले चासो लिने र सेटिङ अनुसार गर्न दबाब दिने गरेको उजुरीमा उल्लेख छ ।

भूमिब्यवस्था मन्त्रालयका कर्मचारीमार्फत् ओलीले ठेक्का र कर्मचारी सरुवामा सेटिङ गरेर असुलीमा व्यस्त हुने गरेको आरोप छ । उजुरीमा उल्लेख छ- प्रधानमन्त्री कार्कीले सीसीटीभी चेक गर्न लगाउने हो भने ओलीको कार्यकक्षमा को को बिचौलियाहरुको बाक्लो आउजाउ हुन्छ, प्रष्ट देख्न सकिन्छ । साथै मन्त्रालयको सीसीटीभी फुटेज चेक गर्ने लगाउने हो भने ओलीले कुन कुन कर्मचारीमार्फत् के के काम गर्न लगाउने गरेका छन्, सबै छर्लङ्ग हुने दावी गरिएको छ ।

बिभिन्न जिल्लामा अध्ययनको नाममा जाने क्रममा प्रधानमन्त्री कार्की र भूमिब्यवस्था मन्त्री इङ्नामको नाम बेचेर जिल्लास्थित नापी र मालपोत कार्यालयका कार्यालय प्रमुखहरुलाई ओलीका लागि होटल, गाडी, घुमफिर र खानपिनको ब्यवस्था गरिदिन मन्त्रालयका कर्मचारीले फोन गर्ने गरेको समेत प्रशस्त प्रमाण फेलापर्नेछ । ओली जिल्लामा जाँदा भएको सबै खर्च जिल्लास्थित नापी र मालपोत कार्यालयका कार्यालय प्रमुखहरुले ब्यक्तिगत रुपमा तिर्न बाध्य (बाँकी पृष्ठ ८ मा)

# जेन-जी छानबिन प्रतिवेदनको घडी
## चुनावअघि सार्वजनिक हुन्छ कि थन्किन्छ ?

काठमाडौं । २०८२ भदौको २३ र २४ को जेन-जी आन्दोलनका क्रममा भएको घटनाबारे छानविन गर्न गठन भएको उच्चस्तरीय जाँचबुझ आयोगले २०८२ माघ मसान्तसम्म प्रतिवेदन बुझाउने तयारी गरिरहेको छ । अहिलेसम्म सरकारले थपेको म्याद पनि समान्तमै सकिँदैछ । त्यसैले, समितिको प्रतिवेदनमा के समेटिन्छ भन्ने चासोको विषय बनेको छ । तत्कालीन प्रधानमन्त्री केपी ओलीलाई मुख्य दोषी किटान गरेर चुनाव लड्न नै अप्ठ्यारो पार्ने गरी प्रतिवेदन आउँछ वा समय थपिन्छ भन्ने सर्वत्र चासो छ ।

सामान्यत सरकारमा रहेका व्यक्तिलाई दोषी किटान गर्ने पुरानै रोग हो । यसअघिका राजनीति आन्दोलनमा त्यस्तो प्रयास भने भएको छ । जस्तो ०६३ साल र ०४६ साल पनि आन्दोलनमा दमनकारीलाई दोषी किटान गरिएको थियो । तर, उनीहरुमाथि कारबाही भने केही भएन । त्यतिबेला प्रतिवेदनमा के छ भन्ने चाहिँ सबै सार्वजनिक भएको थियो । अहिले दुईवटा कुरामा चासो भइरहेको छ ।

एक, प्रतिवेदनले के के कुरा समेट्छ ? अथवा दोषी किटान गर्छ कि गर्दैन् ? ओलीलाई दोषी किटान गऱ्यो (बाँकी पृष्ठ ८ मा)

# लोकप्रियता होइन, राष्ट्रिय दृष्टिकोणको परीक्षा
## नेतृत्व परिवर्तन कि नीतिगत शून्यता ?

**प्रतिनिधि सभाको चुनावको निम्ति तोकिएको मिति आउन अब एक महिना पनि बाँकी छैन । राजनीतिक दलका नेताहरू चुनावको प्रचार-प्रसारमा लागेका छन् । तर राजनीतिक दलका नयाँ-पुराना कुनै दलका कुनै नेताले पनि मुलुकका संवैधानिक व्यवस्था तथा राजनीतिक प्रणाली, निर्वाचन प्रणाली, आर्थिक प्रणाली एवं धार्मिक, सांस्कृतिक प्रणाली तथा परराष्ट्र सम्बन्ध र नीति लगायतका संवेदनशील मुद्दाहरूमा आफ्नो स्पष्ट दृष्टिकोण जनसमक्ष राख्ने तत्परता देखाएका छैनन् ।**

यो बेला



युवराज पाण्डे(पीएचडी)

यसले गर्दा अहिले बढी चर्चामा रहेका बालेन, रवि, ओली, गगन वा प्रचण्ड लगायतका नेताहरू र ती नेताहरू सम्बद्ध दलहरूमा कुनै नीतिगत भिन्नता देखिँदैन । प्रतिनिधि सभाको निर्वाचनमा पहिलोपटक उम्मेदवार बनेका बालेन र धेरैपटक उम्मेदवार बनेका तथा पटक-पटक सत्तामा पुगेका ओली, प्रचण्ड लगायतका नेताको चरित्रमा आधारभूत भिन्नता नदेखिनुलाई हाम्रो वर्तमानको ठूलो विडम्बनाकै रूपमा लिनुपर्ने अवस्था छ ।

अनुहारको परिवर्तनले मुलुकमा परिवर्तन आउँदैन, नीति र कार्यक्रमको कार्यान्वयनको परिवर्तनले मात्र मुलुकमा परिवर्तन आउँछ। यस अर्थमा जुनसुकै उम्मेदवारले चुनाव जिते पनि वा हारे पनि मुलुक र जनताको जीवनमा प्रभाव पार्ने विषयमा कुनै फरक निर्णय र

**मतदाताहरूले पनि को कति उमेरको छ वा कसले कस्तो अभिनय गर्छ जस्ता अर्थ राजनीतिसँग प्रत्यक्ष रूपमा नजोडिएका विषयलाई आधार बनाएर होइन, राष्ट्रको स्वाधीनता बन्धकी राखेर निर्वाचनको माध्यमबाट सत्ता र शक्तिमा पुग्न कोही प्रयत्नशील छ, छैन ?**

कार्यक्रमको कार्यान्वयन हुने सम्भावना रहेको नदेखिनुलाई हाम्रो समाजको वर्तमानको एउटा ठूलो दुर्भाग्यको रूपमा लिनुपर्छ ।

**नीतिगत अस्पष्टता र राजनीतिक विडम्बना**

अहिले रवि र बालेन लगायतका उम्मेदवार र नेताले आफ्नो दलले चुनाव जितेमा अर्को दलका नेतालाई नछाड्ने धम्कीपूर्ण भाषण गर्दै हिँडेको कुराले नयाँ भनिएका नेताहरूमा समेत प्रजातान्त्रिक चरित्र छैन भन्ने कुराको पुष्टि गर्छ । प्रजातन्त्रमा विश्वास राख्ने व्यक्तिले नीति र कार्यक्रमका आधारमा मतदाताको मन जित्ने प्रयास गर्छ, कानूनी व्यवस्था र प्रक्रिया भित्र रहेर आफ्ना क्रियाकलापहरू अघि बढाउँछ ।

आस्थाका आधारमा वा व्यक्तिगत वा दलगत आग्रह वा पूर्वाग्रह र दलसँगको सम्बद्धताका आधारमा मुलुकलाई द्वन्द्व र विभाजनतिर धकेल्ने प्रयास गर्ने र प्रतिशोध साँध्ने सपना छर्दै हिँड्दैन । तर, आशा गरिएका अनुहारहरूले नै मुलुकलाई झन् (बाँकी पृष्ठ ८ मा)

## जीवनधारा

### मौनताको मर्म

चीनका राजाले एक साधकलाई राजदरवारमा सम्मानपूर्वक बोलाएर भने–'तपाईं मलाई दैनिक जीवनको उत्तम आचार–व्यवहारको बारेमा केही बताइदिनुहोस् ।' साधक आएर राजाको सामुन्ने बसिरहे । पाँच मिनेट बित्यो, दश मिनेट बित्यो...। राजा प्रतीक्षामा थिए कि सन्तको मुखबाट केही शब्द निस्कियोस् । राजाको सभा भवनमा बसिरहेका अन्य मानिसहरू पनि मौन थिए । आधाघण्टा बित्यो । एकातिर राजाको प्रतिक्षा जारी थियो भने अर्कोतिर साधुको मौनता । जब एक घण्टा बित्यो तब राजा अधीर भए । राजाले भने–मैले तपाईंलाई यहाँ उपदेशको लागि आमन्त्रण गरेको हो, तपाईं भने निरन्तर मौन हुनुहुन्छ, कृपया केही बोल्नुहोस् । राजाका मन्त्री मौनताको मर्म बुझ्दथिए । साधकको सट्टा मन्त्री नै बोले– राजन त्र उपदेश समाप्त भयो । अब सन्त हिंड्ने तयारी गर्दैछन् । सन्त उठेर साँच्चै हिंड्न आँटे । हिंड्दाहिंड्दै फर्किएर राजातिर यसो हेरेर अति शान्त स्वरमा भन्न थाले–...हे राजन त्र नबोल्दा जुन कुरा समझमा आउँछ, त्यो बोलीद्वारा समझमा आउँदैन । मेरो मौनताको अर्थ यही हो ।

ख्याति नदी जस्तै आफ्नो उद्गम स्थानमा अति सानो र धेरै टाढा पुगेपछि ठूलो हुन्छ । – डेविनेट

## सम्पादकीय

### निर्वाचन : बजारमा लुट र राज्यको मौनता

नेपालमा निर्वाचनको घोषणा लोकतन्त्रको औपचारिक प्रक्रिया हो । तर व्यवहारमा यो घोषणा आम नागरिकका लागि महँगीको आधिकारिक संकेतपत्र बनेको छ । निर्वाचनको मिति तोकिँदै गर्दा बजारले एकैचोटि सास फेर्छ–र त्यो सास आम उपभोक्ताको घाँटीमा कस्सिन्छ । चामल, दाल, तेल, ग्यास, तरकारी, औषधि–सबैको मूल्य एकैपटक उकालो लाग्छ । यो न त प्राकृतिक विपत्ति हो, न अन्तर्राष्ट्रिय संकटको आकस्मिक असर । यो निर्वाचनसँगै संस्थागत भएको संगठित लुट हो ।

यो देशमा गरिब, निम्न मध्यम र मध्यम वर्गका लागि निर्वाचन अब उत्सव होइन, बाँच्नै नसकिने अवस्था सुरु हुने साइरन हो । आम्दानी जस्ताको तस्तै, तर खर्च दिनदिनै असह्य । परिवार पाल्नै कठिन, बचत त कल्पनै गर्न नसकिने । यही अवस्था प्रत्येक निर्वाचनमा दोहोरिन्छ–र अझ खतरनाक कुरा, निर्वाचनपछि अकासिएको मूल्य कहिल्यै तल झर्दैन । प्रश्न स्पष्ट छ–यो मूल्यवृद्धि कसका लागि ? र कसको संरक्षणमा ?

**निर्वाचन खर्च र बजारमाथिको कब्जा**

नेपालको निर्वाचन खर्चिलो मात्र होइन, अराजक र अपारदर्शी छ । कानूनले तोकेको खर्च सीमा कागजमै सीमित छ । वास्तविकतामा उम्मेदवार र दलहरू करोडौं खर्च गर्छन् । त्यो पैसा कहाँबाट आउँछ ? जवाफ सबैलाई थाहा छ–व्यापारी, ठेकेदार र बिचौलियाबाट ।

यहींबाट निर्वाचन र बजारबीचको खतरनाक गठबन्धन सुरु हुन्छ । व्यापारीले चन्दा दिन्छन्, नेताले मौन समर्थन दिन्छन् । व्यापारीलाई चुनावअघि पैसा चाहिन्छ, नेताले चुनावपछि शक्ति चाहिन्छ । यो सौदाबाजीको मूल्य तिर्छन्–सामान्य उपभोक्ताले ।

निर्वाचनअघि मूल्य बढ्छ, ताकि व्यापारीले चन्दाको रकम असुल्न सकोस् । निर्वाचनपछि पनि मूल्य घट्दैन, ताकि भविष्यका लागि 'लगानी' सुरक्षित रहोस् । यसलाई संयोग भन्नु आफैँलाई मूर्ख बनाउनु हो । यो व्यवस्थित, योजनाबद्ध र राजनीतिक संरक्षणमा चलेको लुटतन्त्र हो ।

**कालोबजारी होइन, राज्य-स्वीकृत अपराध**

सरकार हरेकपटक भन्छ–"अनुगमन भइरहेको छ", "कारबाही हुन्छ", "बजार नियन्त्रणमा छ"। तर यथार्थमा बजार न त नियन्त्रणमा छ, न नियन्त्रण गर्ने इच्छाशक्ति देखिन्छ । यदि बजार नियन्त्रण बाहिर गएको हो भने राज्य असफल भएको स्वीकार गर्नुपर्छ । र यदि नियन्त्रणमा हुँदाहुँदै केही नगरेको हो भने–यो राज्यको मिलेमतोमा भएको अपराध हो ।

निर्वाचनको समयमा–अनुगमन निकाय निष्क्रिय हुन्छन्, कर्मचारी राजनीतिक दबाबमा पर्छन्, ठूला व्यापारी 'छुन नहुने वर्ग' बन्छन्, र साना खुद्रा व्यापारी मात्र देखावटी कारबाहीको सिकार हुन्छन् । ठूला गोदाम, सिण्डिकेट र आयातकर्तामाथि हात हाल्ने आँट कसैको हुँदैन । किनकि उनीहरू कुनै न कुनै दलका "आर्थिक मेरुदण्ड" हुन् । यही कारण कालोबजारी नेपालमा अपराध होइन, नियमित अभ्यास बनेको छ ।

**अन्तरिम सरकार : कामको अभाव**

अन्तरिम सरकारसँग प्रशासन छ, सुरक्षा संयन्त्र छ, कानून कार्यान्वयन गर्ने शक्ति छ । तर, इच्छाशक्ति छैन भन्ने स्पष्ट देखिन्छ । बजार नियन्त्रण गर्न सकिन्छ, तर, सरकार गर्न चाहँदैन । किनकि निर्वाचन सकिनासाथ फेरि यही व्यापारी, यही दल र यही शक्ति सन्तुलन दोहोरिन्छ । अन्तरिम सरकारको मौनता कमजोरी होइन, जानाजानी रोजिएको तटस्थता हो–जसको महँगो मूल्य तिर्न निरिह जनता बाध्य छन् ।

**मूल्यवृद्धि : गरिबमाथिको संगठित हिंसा**

मूल्यवृद्धि कुनै आर्थिक तथ्य मात्र होइन । यो सामाजिक हिंसा हो । जब आम्दानी नबढी दैनिक खर्च मात्र बढ्छ, त्यो गरिबमाथि थोपरिएको अदृश्य कर हो । त्यो कर संसदले पास गर्दैन, तर बजारले असुल्छ । त्यो कर विकासमा लगानी हुँदैन, तर चन्दा, विलास र सत्ता खेलमा खर्च हुन्छ । यसरी हेर्दा, निर्वाचन लोकतन्त्रको अभ्यास होइन, गरिबलाई थप गरिब बनाउने शोषणको औजार बन्दै गएको छ ।

**अब पनि आँखा चिम्लिने ?**

हरेक निर्वाचनमा यही प्रश्न उठ्छ, यही लेखिन्छ, यही चर्चा हुन्छ–तर केही बदलिँदैन । किनकि राज्य, राजनीति र बजार एउटै डोरीले बाँधिएका छन् । जबसम्म निर्वाचन खर्च पारदर्शी हुँदैन, जबसम्म व्यापारी–राजनीतिक गठजोड तोडिँदैन, तबसम्म मूल्यवृद्धि नरोकिने निश्चित छ । बजार नियन्त्रण गर्न नसक्ने सरकार अयोग्य हो भन्नै पर्ने हुन्छ । मूल्यवृद्धिलाई नजरअन्दाज गर्ने राजनीति जनविरोधी हो । कालोबजारीलाई संरक्षण गर्ने व्यवस्था लोकतन्त्र होइन, लुटतन्त्र हो ।

**निष्कर्ष**

निर्वाचन जनताको अधिकार हो, तर त्यो अधिकारकै नाममा जनतालाई बाँच्न नसक्ने बनाउनु अपराध हो । मूल्यवृद्धि नियति होइन, राजनीतिक नालायकी र नैतिक दिवालियापनको परिणाम हो । यदि राज्य अझै पनि मौन बस्छ भने, त्यो मौनता स्वयं अपराध हुनेछ ।

# कस्तो निर्वाचन ? किन निर्वाचन ?

**लोकतन्त्रमा स्वतन्त्र, निश्पक्ष, धाँधलीरहित, नागरिकको पूर्ण सहभागिता सुनिश्चित भएको आवधिक निर्वाचनलाई अनिवार्य सर्त मानिएको छ । लोकतान्त्रिक प्रणालीको संरचनात्मक, संस्थागत र विधिसम्मत विकासमा आवधिक निर्वाचनले सहयोग गर्ने भए पनि केवल आवधिक निर्वाचन हुनुले मात्र लोकतन्त्र सुदृढ र सफल बन्ने होइन । सन् २०२५ अघि बङ्लादेशमा प्रधानमन्त्री शेख हसिनाले १५ वर्षसम्म गराउँदै आएको जस्तो निर्वाचन, नेपालमा पञ्चायतकालमा हुने गरेका निर्दलीय चुनाव र तत्कालीन राजा ज्ञानेन्द्रले गरेको नगर निर्वाचन आदिले नागरिक अपनत्व बढाउन सकेन । चुनावलाई 'नागरिकको आफ्नो चाडपर्व जस्तो' बनाउन सकेमा मात्र त्यसले सार्थकता पाउन सक्दछ ।**

**समय र विचार**



**डा. प्रेमराज सिलवाल, अधिवक्ता**

**मुलुकले विभिन्न कालखण्ड र राजनीतिक व्यवस्थाअन्तर्गत अनेक निर्वाचन गराउँदै आएको छ । २०८२ फागुन २१ गतेको प्रतिनिधि सभाको निर्वाचनलाई अर्को एक थान निर्वाचन मात्र हो भन्ने ढंगले बुझ्नु हुँदैन ।**

**कस्तो निर्वाचन ?**

निर्वाचन लोकमत मापन गर्ने वैधानिक विधि हो । लोकसत्तामा नागरिकले अभ्यास गर्ने सार्वभौम अधिकार तथा राजनीतिक भूमिकामार्फत आफू स्वयम् चुनिने वा आफूले आफ्ना प्रतिनिधिको छनोट गर्न पाउने अधिकार संवैधानिक तथा कानूनी रूपमा प्रष्ट गरिएका हुन्छन् । लोकतन्त्र मुलुकको शासन सत्तामा जनता सहभागी भएर शासन गर्ने व्यवस्था निर्वाचनको माध्यमबाट गरिने भएकाले यसलाई जनताद्वारा जनताले जनताको लागि शासन गर्ने प्रणाली समेत भन्ने गरिएको हो । निर्वाचनका विभिन्न प्रणाली विश्वमा अभ्यासमा रहेको देखिन्छ । पहिलो हुने निर्वाचित हुने प्रणाली विश्वमा ८७ मुलुकमा लागु गरिएका छन् । समानुपातिक प्रणाली ८० मुलुकमा अभ्यासमा रहेको देखिन्छ । समानुपातिक प्रणालीमा पनि विभिन्न नमुना र अभ्यास देखिन्छन् । समानुपातिकमा सिट प्राप्त गर्न नेपालमा प्रतिनिधि सभातर्फ कूल सदर मतको तीन प्रतिशत ल्याउनुपर्ने व्यवस्था छ भने प्रदेश सभातर्फ १.५ प्रतिशत थ्रेसहोल्ड छ । विश्वमा १२ प्रतिशतसम्म थ्रेसहोल्ड राखिएका छन् । जर्मनमा समानुपातिकमा सिट पाउन प्रत्यक्षतर्फ न्यूनतम १ जना र कूल सदर मतको ५ प्रतिशत ल्याउनुपर्ने कानूनी व्यवस्था छ ।

आवधिक निर्वाचन, समान मताधिकार, लोकतन्त्रमा प्रत्येक नागरिक कानुन अनुसार निर्वाचनमा 'चुन्न र चुनिन पाउने', गोप्य मतदान हुने, प्रत्येक मतको गणना र अर्थ हुने, राजनीतिक विचारधारा, राजनीतिक दलमार्फत आफूलाई प्रस्तुत गर्न पाउने, राजनीतिक विचार र संगठनको स्वतन्त्रता, नागरिक सरोकारका मुद्दा उठाउन र बोल्न पाउने अधिकार एवम् अवसरको रूपमा निर्वाचनलाई विश्लेषण गरिँदै आएका छन् ।

मानव अधिकारको विश्वव्यापी घोषणा (सन् १९४८) र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध (सन् १९६६) ले नागरिकको राजनीतिक र वैचारिक स्वतन्त्रता एवम् राजनीतिक अधिकारलाई मानव अधिकार मानिएको छ । नेपालको संविधानमा समेत नागरिकका मौलिक हक अन्तर्गत राजनीतिक स्वतन्त्रता र विचारको स्वतन्त्रताको पूर्णतः सुरक्षा गरेको छ ।

**किन निर्वाचन ?**

नेपालमा महिलाहरूले भोटको अधिकार पाउनु पर्दछ भन्ने माग श्री ३ पद्म शमशेरसमक्ष माग राखेपछि २०१० भाद्र १७ गते काठमाडौं नगर निर्वाचन भएको थियो । नेपालमा वि.सं. २००४ साल जेठ ३ मा भएको स्थानीय निर्वाचनमा प्रतिनिधि छान्न काठमाडौंमा पहिलो पटक निर्वाचनबाट साधनादेवी प्रधान नेपालको पहिलो महिला जनप्रतिनिधि बनेकी थिइन । २०१५ साल फागुन ७ गतेदेखि वैशाख २१ सम्म नेपालमा बालिग मताधिकारको आधारमा निर्वाचन भयो । जसमा ९ वटा राजनीतिक दलहरूले भाग लिए ।

नेपाली काँङ्ग्रेसले १०९ सिटमध्ये ७४ सिट जित्यो । नेपाली काँङ्ग्रेसका नेता विशेश्वरप्रसाद कोइराला प्रधानमन्त्री हुनुभयो । डडेल्धुराबाट निर्वाचित द्वारिकादेवी ठकुरानी पहिलो निर्वाचित महिला सांसद बन्नुभयो । २०३६ सालमा भएको पञ्चायती शासन विरोधी विद्यार्थी आन्दोलनपछि २०३७ साल वैशाख २० गते राष्ट्रिय जनमत सङ्ग्रह गरियो । २०१७ साल पुस १ गतेदेखि लागु भएको पञ्चायती एकदलीय व्यवस्था २०४६ साल चैत २६ गतेसम्म चल्यो ।

**इतिहासमा निर्वाचन**

२०७२ साल असोज ३ गते निर्वाचित संविधान सभाले संविधान निर्माण गरी लागु गरेपछि भएको पहिलो निर्वाचन २०७४ साल वैशाख ३१, असार १४ र असोज २ गते गरी तीन चरणमा संविधान अनुसारको स्थानीय तहका निर्वाचन सम्पन्न भएका थिए । उक्त निर्वाचनमा १४, ०९९ निर्वाचित प्रतिनिधि सङ्ख्या सहित मुलुकभरमा एमाले शक्तिशाली बन्यो । दोस्रो र तेस्रोमा क्रमशः नेपाली काँङ्ग्रेस र माओवादी रहे । २०७४ साल मङ्सिर १० र २१ गते दुई चरणमा प्रतिनिधि सभाको निर्वाचन गरियो । २७५ सदस्यीय उक्त प्रतिनिधि सभामा प्रत्यक्ष र समानुपातिक गरी एमालेले कूल १२१ सिट जित्यो । नेपाली काँङ्ग्रेस ६३ र माओवादी ४३ सिटमा विजयी भएका थिए । त्यसपछि विभिन्न मितिमा प्रदेश सभाका निर्वाचनहरू भएका थिए । २०७९ वैशाख ३० गते स्थानीय तहको निर्वाचन गरियो । २०७९ साल मङ्सिर ४ गते प्रतिनिधि सभा र प्रदेश सभाका निर्वाचन सम्पन्न भयो ।

प्रतिनिधि सभातर्फ (प्रत्यक्ष र समानुपातिक दुवैमा) नेपाली काँङ्ग्रेस ८८ सिट सहित पहिलो, ७८ सिट सहित एमाले दोस्रो, ५४ सिट सहित माओवादी तेस्रो र २१ सिट सहित राष्ट्रिय स्वतन्त्र पार्टी चौथो ठूलो दलका रूपमा संसदमा निर्वाचित भए । संसदमा कुनै एउटा दल र गठबन्धन समूहको बहुमत नहुँदा सरकार संविधानको धारा ७६ (२) अनुसार दुई भन्दा बढी दलको बनाउनु पर्ने बाध्यताको चक्रव्यूहले २०८२ साल भदौ २३-२४ अवस्थासम्म ल्यायो । २०८२ साल फागुन २१ गतेको प्रतिनिधि सभाको निर्वाचनमा मुलुक होमियो । मुलुकले विभिन्न कालखण्ड र राजनीतिक व्यवस्थाअन्तर्गत अनेक निर्वाचन गराउँदै आएको छ । २०८२ फागुन २१ गतेको प्रतिनिधि सभाको निर्वाचनलाई अर्को एक थान निर्वाचन मात्र हो भन्ने ढंगले बुझ्नु हुँदैन । नेपालको राजनीतिक, सामाजिक, कानूनी र आर्थिक परिवर्तनमा सहयोगी भूमिका खेल्न नागरिक सचेत तथा गम्भीर बन्नुपर्ने अवस्था छ ।

२०४६ सालमा भएको राजनीतिक परिवर्तनपछि नेपाल अधिराज्यको संविधान, २०४७ जारी भयो । २०५ सदस्यीय प्रतिनिधि सभाको प्रबन्ध संविधानले गर्‍यो । २०४८ साल वैशाख २९ गते बहुदलीय व्यवस्था अन्तर्गतको पहिलो प्रतिनिधि सभाको निर्वाचन सम्पन्न भयो । नेपाली काँङ्ग्रेसले ११० सिट ल्यायो । नेपाल कम्युनिस्ट पार्टी (एमाले) ले ६९ सिट जित्यो । २०४९ साल जेठ १५ र १८ गते स्थानीय निर्वाचन भयो । २०५१ साल कार्तिक २९ गते दोस्रो प्रतिनिधि सभाको निर्वाचन गरियो ।

एमाले ८८ सिट सहित एमाले पहिलो र ८३ सिट सहित नेपाली काँङ्ग्रेस दोस्रो भयो । २०५४ साल जेठ ४ तथा जेठ १३ मा गाउँ विकास समिति र नगरपालिकाको निर्वाचन गरियो । २०५६ साल वैशाख २० र जेठ ३ मा नेपालमा प्रतिनिधि सभाको निर्वाचन भयो । २०५२ साल फागुन १ गतेदेखि माओवादी पार्टीले सशस्त्र युद्ध सुरु गरेपछि द्वन्द्वको बिचमा चुनाव भयो । २०५६ सालको निर्वाचनमा पुनः नेपाली काँङ्ग्रेसले १११ सिट जित्यो । एमाले ७१ सिट सहित प्रमुख प्रतिपक्षी बन्यो । २०५८ साल जेठ १९ मा राजपरिवारको हत्यापछि २०५८ साल असोज १८ मा तत्कालीन राजाले निर्वाचित शेरबहादुर देउवालाई अपदस्थ गरेपछि २०६२ साल माघ २६ गते राजा ज्ञानेन्द्रको नेतृत्वको सरकारले नगरपालिकाको निर्वाचन गरायो । दलहरूले बहिस्कार गरेपछि त्यसले सामाजिक र राजनीतिक वैधता गुमायो ।

जनआन्दोलनपछि २०६३ साल वैशाख ११ गते विघटित प्रतिनिधि सभाको पुनर्स्थापना भयो । संसदले नेपालको अन्तरिम संविधान, २०६३ जारी गर्‍यो । निर्वाचिन संविधान सभामार्फत संविधान निर्माण गर्न २०६४ साल चैत २८ गते पहिलो संविधान सभाको निर्वाचन भयो । चुनावमा कूल २२० सिटमा विजयी भएर ६०१ सदस्यीय संविधान सभामा नेपाल कम्युनिस्ट पार्टी (माओवादी) सबैभन्दा ठूलो दल बन्यो । नेपाली काँङ्ग्रेस कूल ११० तथा नेकपा एमाले १०३ सिटमा विजयी भयो । २०७० साल मङ्सिर ४ गते अर्को संविधान सभाको निर्वाचन भयो । त्यसमा चाहिँ नेपाली काँङ्ग्रेसले कूल १९६, नेकपा एमाले १७५ र माओवादी ८० सिटमा विजयी भए ।

२०६४ सालमा २६ वटा राजनीतिक दलको संसदमा उपस्थिति रहेकोमा २०६४ सालमा ३१ वटा दलहरू (स्वतन्त्र सहित) को प्रतिनिधित्व रह्यो । अर्थात् सारमा, इतिहासमा अनेकौं निर्वाचनको विश्लेषण गर्दा निर्वाचनका लागि निर्वाचनले लोकतन्त्र सुदृढ बन्न सक्दैन । निर्वाचन नागरिकको आफ्नो सरकोकारको विषय हुन सकेको खण्डमा मात्र लोकतान्त्रिक प्रणाली र संविधानप्रति नागरिकको अपनत्व वृद्धि हुने कुरामा विस्वास गर्न सकिन्छ ।

# नेता : बाचा गरेर भोट लिने, बिर्सेर शासन गर्ने...!

# लोकतन्त्र बचाउने कि नेताको झुट जोगाउने ?

● साँघु राजनीतिक टिप्पणीकार

**लोकतन्त्रमा भोट जनता दिन्छन्, तर धोका बारम्बार जनताले नै खानुपरेको यथार्थ अब लुकाउन सकिने अवस्थामा छैन। हरेक पाँच वर्षमा उही दृश्य दोहोरिन्छ–नेताहरू मञ्चमा उभिन्छन्, भावनात्मक भाषण गर्छन्, असम्भव सपना देखाउँछन् र जनताको पीडामाथि राजनीति गर्दै भन्छन्,–"हामी जित्यौं भने देश बदलिन्छ ।" जनता विश्वास गर्छन्, भोट दिन्छन् । तर, चुनाव सकिएसँगै ती वाचा र सांसदहरु क्रमशः हराउँदै जान्छन् । दुःख भने जनताकै जीवनमा यथावत् रहन्छ ।**

यही कारण आज नेपाली लोकतन्त्रको सबैभन्दा ठूलो विडम्बनाका रूपमा एउटा गम्भीर प्रश्न उठिरहेको छ-चुनावमा बोलेका कुरा पूरा नगर्दा नेताले कुनै मूल्य चुकाउनै नपर्ने हो ? कि लोकतन्त्रको 'बिउटी' भन्ने यही हो ?

**लोकतन्त्र कि खुला झुटको लाइसेन्स ?**

आजको नेपालमा चुनाव जित्नु सेवा गर्ने अवसरभन्दा बढी सत्ता उपभोग गर्ने लाइसेन्स जस्तो देखिन थालेको छ । घोषणापत्र कागजमै सीमित छन्, भाषण चुनावी हतियार मात्र बनेका छन् र जनविश्वास दिनदिनै कमजोर हुँदै गएको छ ।

यदि कुनै कर्मचारीले आफ्नो जिम्मेवारी पूरा नगरे जागिर जान्छ ।

यदि कुनै व्यापारीले ठगी गरे कानुनी कारबाही हुन्छ ।

तर नेताले देश बनाउने वाचा तोड्दा-प्रायः केही हुँदैन ।

यो अवस्था लोकतन्त्रको आत्मासँग मेल खान्छ त ?

**किन उठ्दैछ प्रतिबन्धको बहस ?**

आज सडकदेखि सामाजिक सञ्जालसम्म एउटै आवाज गुञ्जिन थालेको छ-"काम नगर्ने नेताले फेरि भोट माग्न पाउनु हुँदैन ।"

यो केवल आवेग होइन, लोकतन्त्रलाई सही दिशामा फर्काउन गरिएको चेतावनी हो । यदि कुनै उम्मेदवारले चुनावमा खुलेआम रोजगारी सिर्जना गर्ने, भ्रष्टाचार अन्त्य गर्ने, शिक्षा-स्वास्थ्य सुधार्ने वाचा गर्छ तर पाँच वर्षपछि ती सबै कागजमै सीमित रहन्छन् भने, त्यस्तो व्यक्ति फेरि उही जनतासामु "मलाई मौका दिनुस्" भन्न नैतिक रूपमा कति योग्य हुन्छ ?

**यस्तो कानून भए के हुन्थ्यो ?**

कल्पना गरौं-नेपालमा स्पष्ट कानूनी व्यवस्था गरियो : "चुनावी घोषणापत्रमा उल्लेख गरिएका मुख्य प्रतिबद्धता जानाजानी पूरा नगर्ने उम्मेदवारलाई अर्को चुनावमा उम्मेदवारी दिन रोक लगाइनेछ ।" यस्तो कानून लागू भए नेपाली राजनीतिमा केही आधारभूत परिवर्तन देखिन सक्थ्यो कि ?

**सत्तामा रहेका नेताहरू प्रायः एउटै तर्क दोहोर्‍याउँछन्– "विश्वमा यस्तो कानुन छैन ।" यथार्थ के हो भने धेरै देशमा प्रत्यक्ष रूपमा "वाचा पूरा नगरे उम्मेदवारी प्रतिबन्ध" भन्ने कानून छैन । तर, त्यहाँ राजनीतिक इमानदारिता र नैतिकता बलियो छ, मिडियाको निगरानी कडा छ र मतदाताको स्मरण शक्ति कमजोर छैन । नेपालमा समस्या कानूनको मात्र होइन, राजनीतिक संस्कारको पनि अभाव छ ।**

पहिलो, नेताहरू हचुवाको भाषण गर्न डराउने थिए । पूरा गर्न सकिने, मापनयोग्य र यथार्थपरक वाचा मात्र सार्वजनिक हुने सम्भावना बढ्थ्यो ।

दोस्रो, घोषणापत्र चुनावी पर्चा होइन, जनतासँगको जवाफदेही सम्झौता बन्थ्यो ।

तेस्रो, जनताले दिएको भोटको वास्तविक अर्थ स्थापित हुन्थ्यो–भोट आशाको चिठ्ठी होइन, जवाफदेहीको करार बन्थ्यो ।

चौथो, विकास योजनामा निरन्तरता आउँथ्यो र काम नगरी फोटो खिचेर हराउने राजनीतिक संस्कार कमजोर हुन्थ्यो ।

**"विश्वमा यस्तो कानून छैन" भन्ने बहाना**

सत्तामा रहेका नेताहरू प्रायः एउटै तर्क दोहोर्‍याउँछन्- "विश्वमा यस्तो कानुन छैन ।" यथार्थ के हो भने धेरै देशमा प्रत्यक्ष रूपमा "वाचा पूरा नगरे उम्मेदवारी प्रतिबन्ध" भन्ने कानून छैन । तर, त्यहाँ राजनीतिक इमानदारिता र नैतिकता बलियो छ, मिडियाको निगरानी कडा छ र मतदाताको स्मरण शक्ति कमजोर छैन । नेपालमा समस्या कानूनको मात्र होइन, राजनीतिक संस्कारको पनि अभाव छ । मतदाता क्षमादानी छन् । त्यसैले देश र जनताले निरन्तर सीमाहीन दुःखकष्ट व्यहोर्न पर्ने अवस्था रहेको छ ।

जब संस्कार कमजोर हुन्छ, तब कानुन अपरिहार्य बन्छ ।

डर के हो ? नेताहरू किन डराउँछन् ?

**नेताहरूले उठाउने मुख्य प्रश्न हो– "वाचा कसरी मापन गर्ने ?"**

तर यो प्रश्न समस्या कम, बहाना बढी हो। जब भ्रष्टाचारको सूचक, बेरोजगारीको तथ्यांक र बजेट खर्चको विवरण निकाल्न सकिन्छ भने, वाचा मापन असम्भव किन हुन्छ ?

प्राकृतिक विपत्ति, महामारी वा अन्तर्राष्ट्रिय संकटजस्ता विषय छुट्टै हुन् । यहाँ कुरा जानाजानी बेवास्ता गरिएको प्रतिबद्धताको हो। राजनीतिक प्रतिशोधको डर देखाएर कानुनै नबनाउनु समाधान होइन। समाधान भनेको निष्पक्ष, स्वतन्त्र र संवैधानिक मूल्यांकन संयन्त्र निर्माण गर्नु हो ।

**साँचो समस्या : सजाय नहुने राजनीतिक संस्कृति**

नेपालमा नेताहरू किन जिम्मेवार देखिँदैनन् ? किनकि उनीहरूलाई थाहा छ-काम नगरे सजाय छैन, झुट बोले कारबाही छैन, देश बिगारे पनि जवाफदेहिता छैन । यस्तो अवस्थामा चुनाव सेवा गर्ने अवसर होइन, सत्तामा पुग्ने सीढी मात्र बन्ने गरेको छ ।

**निष्कर्ष : लोकतन्त्र बचाउने कि झुट जोगाउने ?**

चुनावी वाचा उल्लङ्घन गर्ने नेतामाथि अर्को चुनावमा प्रतिबन्ध लगाउने कानून सुन्दा कठोर लाग्न सक्छ । तर, यसको मूल भावना दण्ड होइन, जवाफदेहिता हो । यो कानून कुनै व्यक्ति वा दलविरुद्ध होइन-झुट, गैरजिम्मेवारी र ढोंगविरुद्ध हो ।

यदि नेताले बोलेको शब्दको मूल्य छैन भने लोकतन्त्रको पनि मूल्य रहँदैन। अब निर्णय नेतृत्वको हातमा छ-या त जिम्मेवार राजनीति, या त निरन्तर धोका। जनताले धेरै पर्खिसके...अब त उही हो...!


# सुपारी र केराउको कोटामा डीजीहरुको सेटिङ

## नागरिक सरकारका मन्त्री कसरी मुछिए ?

● साँघु संवाददाता

**काठमाडौं । औद्योगिक कच्चा पदार्थका रुपमा वर्षेनी सुपारी र केराउको कोटा वितरण हुँदैआएको छ । आर्थिक वर्ष सुरु भएपछि कोटा आयातका लागि उद्योगी र ब्यापारीबीच तँछाड मछाड हुने गरेको छ । सूर्तीजन्य र खाद्य पदार्थ दलहनका लागि कच्चा पदार्थका रुपमा रहेका सुपारी, मरिच र केराउ स्वदेशी उत्पादनले नधान्ने भएपछि तेस्रो मुलुकबाट आयात गर्ने गरिएको छ । जसका लागि उद्योग, बाणिज्य मन्त्रालयले वर्षेनी उद्योग विभागबाट कोटा वितरण गर्दैआएको छ ।**



ब्यापारिक प्रयोजनका लागि भने हालसम्म रोक्का छ । औद्योगिक प्रयोजनका लागि प्राप्त आयातको कोटा बढी लिएर केही बिचौलिया ब्यापारीहरुले सुपारी, मरिच र केराउ भारत तस्करी गर्ने गरेका छन् । जसका कारण प्रत्येक बर्ष सुपारी, केराउ र मरिचको कोटा वितरण सुरु भएपछि विवाद हुने गरेको छ । यो बर्षको कोटा वितरण पनि विवादमा परेको छ ।

जेनजी आन्दोलनको जगमा बनेको नागरिक सरकारले सुशासन कायम गर्ने मुख्य दायित्व बिर्सिएर उद्योग मन्त्री अनिलकुमार सिन्हाले पनि सेटिङमा सुपारी, केराउ र मरिचको कोटा अधिक वितरण गरेको आरोप छ ।

मन्त्री सिन्हाले उद्योग विभागमार्फत् चालु आर्थिक वर्षका लागि २५ हजार मेट्रिक टन सुपारी आयातको कोटा दिएको स्रोतको दावी छ । केही दिनअघि राजपत्रमा प्रकाशित भएपछि उद्योग विभागले कोटा बितरणका लागि प्रक्रिया थालनी गर्ने तयारी गरेको छ ।

२०८२ पुस २८ गते राजपत्रमा प्रकाशित सूचना अनुसार उत्पादनमूलक उद्योगलाई औद्योगिक प्रयोजनका लागि मात्र भन्दै केराउ, सुपारी, सेतो र कालो मरीच आयातका लागि अनुमति पाउने उल्लेख गरिएको छ । उक्त सूचनालाई कार्यान्वयनका लागि मन्त्रालयले परिपत्र गरिसकेको छ । बिभागलाई गरिएको परिपत्रबमोजिम निवेदनको ढाँचामा इच्छुक उद्योगहरुले प्रस्ताव पेश गर्न सक्नेछन् ।

उद्योग बिभागको प्रशासन तथा सुविधा शाखाले अहिले उद्योगहरुको निवेदन धमाधम लिने काम गरिरहेको छ । विभागका महानिर्देशकमा जितेन्द्र बस्नेत बहाली भएपछि सुपारी र केराउसहितको आयात खुल्ला गरिएको हो । पछिल्ला दिनमा मन्त्री सिन्हाकै निर्देशनबमोजिम आधा दर्जन उद्योगहरुले सुपारी, केराउ र मरिचको कोटा लगिसकेका छन् ।

मन्त्री सिन्हासँगै उठबस भएका विवादस्पद उद्योगीहरुले उक्त कोटा पाएको बताइन्छ । उद्योग मन्त्रालयका सचिव मधुसुदन बुर्लाकोटी र बाणिज्यतर्फका सचिव डा. रामप्रसाद घिमिरेको सुझावविपरीत मन्त्रीकै दबाबमा उक्त सुपारी र केराउको कोटा आवश्यक भन्दा बढी खोलिएको स्रोत बताउँछ ।

आर्थिक बर्षको सुरुवातमै सुपारी र केराउको कोटा खोल्नुपर्नेमा गतबर्ष कोटा लिएर आयात गर्न नसकेका उद्योगीहरुको दबाब र प्रभावमा मन्त्री सिन्हा परेपछि आर्थिक बर्ष सुरु भएको ६ महिनापछि मात्र नयाँ कोटा खोलिएको हो । यसअघि कोटा पाएकाहरुले आधा पनि आयात गर्न सकेका थिएनन् । गतबर्ष पनि २५ हजार मेट्रिक टन सुपारी र त्यही हाराहारीमा केराउ र मरिच आयातका लागि कोटा वितरण गरिएको थियो ।

यसअघिका विभागका महानिर्देशक राजेश्वर ज्ञवाली र तत्कालीन प्रशासन तथा सुविधा शाखाका निर्देशक अर्जुनसेन ओली, जो हाल मन्त्री सिन्हाकै पर्यटन मन्त्रालयको निजी सचिव रहेका छन्, उनकै सेटिङमा कोटा बितरण गरिएको स्रोतको दाबी छ । प्रतिकिलो दररेट नै तोकेर ज्ञवाली र ओलीले सेटिङमा बितरण गरिएको कर्मचारी स्रोत बताउछ । २५ हजार मेट्रिक टन सुपारी र त्यही बराबरको केराउ आयातको कोटा नेपालका उद्योगका लागि कच्चा पदार्थ भनिएतापनि यी दुबै बस्तु विगतदेखि तस्करीको माध्यमबाट भारतमा निर्यात हुने गरेका छन् ।

औद्योगिक कच्चा पदार्थका लागि आवश्यक नै नभए पनि बढी कोटा लिएर भारतमा तस्करी गर्ने श्रीराम टोबाको कम्पनीका कमलकिशोर मालपानीसहितका केही उद्योगीहरुको धन्दालाई ज्ञवाली र ओलीले साथ दिएको कर्मचारी स्रोतको दावी रहेको छ । सेटिङमा दिइएको कोटामध्येको सुपारी, केराउ र मरिच आधा पनि नेपालमा नआएको बाणिज्य स्रोत बताउछ । तिनै उद्योगीहरुले ६ महिना नयाँ अनुमति दिन रोक लगाएका थिए ।

मन्त्री सिन्हासहित जेनजी सरकारका प्रधानमन्त्री सुशीला कार्कीका प्रमुख स्वकीय सचिव आदर्श श्रेष्ठसम्म पहुँच पुऱ्याएर यो वर्षको अनुमति रोक्दैआएका थिए । ६ महिनासम्म नयाँ आयातको कोटा रोक्नका लागि करोडौंको डिल भएको बताइन्छ ।

उद्योगलाई कच्चा पदार्थका लागि जति आवश्यक पर्छ, त्योभन्दा धेरै बढी सुपारी र केराउ आयात गर्ने र तस्करीको बाटोबाट भारतमा पठाउने गरेको आरोप पनि उद्योगीहरुमाथि लाग्ने गरेको छ । विशेषगरी कमलकिशोर मालपानीले शक्तिकेन्द्रलाई प्रभावमा पारी सुपारीको कोटा बढी लिने र भारतमा तस्करी गर्ने गरेको आरोप लाग्दैआएको छ ।

# खेलकुद परिषदमा सतर्कताको निर्देशन अवज्ञा

## उपाध्यक्षलाई बर्खास्त हुनबाट क-कसले जोगाए ?

● साँघु संवाददाता

काठमाडौं । राष्ट्रिय खेलकुद परिषद(राखेप)का उपाध्यक्ष ध्रुव आचार्यको नियुक्तिसम्बन्धी विवादलाई युवा तथा खेलकुद मन्त्रालयले होल्डमा राखेको खबर छ । राष्ट्रिय सतर्कता केन्द्रले उनको नियुक्तिका विषयमा उजुरी सम्बन्धमा छानबिन गरी योग्यता नपुगेको हुँदा उक्त नियुक्ति सच्याउनका लागि मन्त्रालयलाई निर्देशन दिएको थियो ।





राखेपका उपाध्यक्ष ध्रुव आचार्य र सचिव लोकनाथ पौडेल

तत्कालीन युवा तथा खेलकुद मन्त्री बब्लु गुप्ताले आचार्यको नियुक्तिसम्बन्धी विवादलाई होल्ड गरी आफ्नै अध्यक्षतामा बसेको परिषदको बैठकमा सहभागी गराएका थिए । अयोग्य भएको हुँदा तपाईंको नियुक्ति किन बदर नगर्ने भनी आफैंले स्पष्टीकरण सोधेका उपाध्यक्षलाई मन्त्रीले सँगै राखेर राखेपको बोर्ड बैठक गरेपछि त्यसको विरोध भएको थियो । आचार्यलाई राखेपको उपाध्यक्ष होइन भन्ने नसकिने अवस्था भएकाले बोर्ड बैठकमा उनलाई सहभागी तत्कालीन मन्त्री गुप्ताका निजी सचिवसमेत रहेका युवा तथा खेलकुद मन्त्रालयका उपसचिव मोहन निरौलाले बताए । उनले भने-उपाध्यक्षले दिएको स्पष्टीकरणपछि मन्त्रिपरिषदबाट केही पनि परिपत्र वा निर्देशन नआएकाले राखेपको उपाध्यक्ष आचार्य नै हो । उहाँ उपाध्यक्ष भएकाले बैठकमा भाग लिनु अन्यथा होइन । निरौलाले खेलकुद ऐनमा समेत राखेपको पदाधिकारीको योग्यताका बारेमा प्रष्ट ब्यवस्थासमेत नभएको बताए ।

मन्त्रिपरिषदले स्पष्टीकरण सोध्नका लागि निर्णय गरेर मन्त्रालयमा पठाएको र सोही अनुसार मन्त्रालयले आचार्यलाई स्पष्टीकरण सोधेको थियो । आचार्यले आफूलाई सोधेको स्पष्टीकरणको जवाफ दिइसकेका छन् । तत्कालीन मन्त्री गुप्तालाई नेकपा एमालेका सचिव महेश बस्नेतमार्फत् दबाब दिएर आचार्यलाई परिषदबाट बर्खास्त गर्नबाट रोकिएको चर्चा हुने गरेको छ ।

त्यसैगरी, तत्कालीन युवा तथा खेलकुद मन्त्रालयका सचिव डा. हरि लम्सालला‌ई मुख्यसचिव सुमनराज अर्यालमार्फत् दबाब दिएर आचार्यको पद जोगाइ दिएको मन्त्रालयकै एक अधिकारीले बताए । हालका मुख्यसचिव अर्याल खेलकुद सचिव हुँदा आवश्यक योग्यता नै नपुगेको भए पनि आचार्यलाई नियुक्ति गरिएको खेलकुद स्रोत बताउछ । हालका खेलकुद सचिव लोकनाथ पौडेल एमालेनिकट भएकाले एमाले नेतृत्वकै दबाबमा आचार्यसम्बन्धी विवाद सामसुम पार्न लागिएको स्रोत बताउँछ ।

२०८२ फागुन २१ को निर्वाचनसम्म अन्तरिम सरकारबाट आचार्य बर्खास्त हुने संभावना भने टरेको छ । हाल युवा तथा खेलकुद मन्त्रालयको जिम्मेवारीको भारी प्रधानमन्त्री सुशीला कार्कीमाथि नै थोपरिएको छ । उनैको नेतृत्वमा बसेको मन्त्रिपरिषद बैठकले आचार्यलाई स्पष्टीकरण सोधी बर्खास्त गर्ने प्रक्रिया अगाडि बढाएको २ महिना बितिसक्दा पनि कार्यान्वयन अवरुद्ध रहेको छ ।

**यस्तो छ बर्खास्त गर्ने सतर्कताको निर्देशन**

मन्त्रिपरिषदको २०८१ पुस १६ को राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को दफा ३ को उपदफा २ को खण्ड 'ख' बमोजिम ध्रुव आचार्यले राखेपको उपाध्यक्षमा नियुक्ति पाएका थिए । तर, उनको नियुक्ति प्रक्रियामा प्रचलित कानून र निर्देशन उल्लंघन गरेको पाइएपछि राष्ट्रिय सतर्कता केन्द्रले छानबिन गरी उनलाई पदमुक्त गर्न निर्देशन दिएको थियो ।लामो समयको छानबिनपछि सतर्कता केन्द्रले २०८२ मंसिर पहिलो साता युवा तथा खेलकुद मन्त्रालयलाई निर्देशन कार्यान्यवन गर्न पत्र पठाउँदै प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयलाई सो विषयमा ध्यानाकर्षणसमेत गराएको थियो ।

हालका मुख्यसचिव सुमनराज अर्याल युवा तथा खेलकुद मन्त्रालयको सचिव हुँदा आचार्यलाई नियुक्तिका लागि मन्त्रिपरिषद कार्यालयमा प्रस्ताव पठाएका थिए । उनै अय्रलद्वारा हस्ताक्षरित ०८१ पुस १४ गते पठाइएको प्रस्ताव लगत्तै पुस १६ गते बसेको मन्त्रिपरिषदले आचार्यलाई परिषदको उपाध्यक्ष नियुक्त गर्ने निर्णय गरेको थियो । प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयले अर्यालले पठाएको प्रस्ताव अध्ययन नै नगरी जस्ताको तस्तै निर्णय गरी उनलाई नियुक्ति गर्ने निर्णय गरेको थियो ।

युवा तथा खेलकुद मन्त्रालयको अभिलेखमा आचार्यको योग्यता एसएलसीसम्म मात्र रहेको स्रोत बताउछ । सरकारी तथा संस्थान, प्रतिष्ठान, परिषदको निकायका पदाधिकारी नियुक्ति र मनोनयन गर्दा आवश्यक कानून निर्माण गर्न र सो निर्माण नभएसम्म कम्तीमा स्नातक योग्यता हासिल गरेका ब्यक्तिलाई प्रतिस्पर्धाबाट नियुक्ति गर्न सर्वोच्च अदालत २०७८ भदौ २४ गते आदेश जारी गरेको थियो ।

उपभोक्ता हित संरक्षण मञ्च नेपालको तर्फबाट अधिवक्ता जयप्रसाद पौडेलले नेपाल आयल निगमका संचालक सहदेव बोगटीको नियुक्तिविरुद्ध परेको मुद्दामा सर्वोच्चले उक्त आदेश जारी गरेको थियो । उक्त आदेश प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयमा कार्यान्वयनका लागि पठाइएको र सो कार्यालयले सबै मन्त्रालयहरुमा उक्त फैसलाअनुसार गर्न परिपत्र गरिसकेको थियो ।

आचार्यलाई नियुक्ति गर्नका लागि उठाइएको टिप्पणीमा उक्त विषयसमेत उल्लेख गरिएको स्रोत बताउछ । मन्त्रालयका शाखा अधिकृत ईश्वर सिंखडाले सुरुवातमा उठाएको टिप्पणीमा 'राष्ट्रिय खेलकुद विकास ऐन अनुसार योग्यता पुगेका एकजना उपाध्यक्ष रहने ब्यवस्था रहेको हुनाले प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयको सर्वोच्च अदालतको आदेशबमोजिमको विषयमा मन्त्रिपरिषदको निर्णय अनुसार हुने भएकाले निवदेक ध्रुव आचार्यलाई निवेदनसाथ पेश गरिएको विवरण अनुसार परिषदको उपाध्यक्ष मनोनयन गर्नका लागि निर्णयार्थ पेश गर्ने' उल्लेख छ । उक्त विषयलाई हाल संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा कार्यरत रहेका उपसचिव लेखनाथ न्यौपानेले समेत समर्थन गर्दै सहसचिव सुभाषचन्द्र शिवाकोटीकोमा टिप्पणी पेश गरेका थिए ।

जेनजी कर्मचारीका मुख्य डिजाइनरका रुपमा चिनिएका शिवाकोटी तत्कालीन खेलकुद मन्त्री बब्लु गुप्तासँग विवाद भएपछि संचार तथा सूचना प्रबिधि मन्त्रालयमा सरुवा मिलाएर गएका थिए । सामान्यतया कुनै पनि फाइलमा आफू सन्तुष्ट नभएसम्म हस्ताक्षर नगर्ने सहसचिवका रुपमा चिनिएका शिवाकोटीले २०८१ पुस १४ मै तत्कालीन सचिव सुमन अर्याललाई टिप्पणी पेश गरेका थिए । उनले पेश गरेको टिप्पणीलाई सोही दिन सचिव अर्यालले तत्कालीन खेलकुद मन्त्री तेजुलाल चौधरीकोमा पठाए । चौधरीले पनि सदर गरी मन्त्रिपरिषदमा पठाएका थिए । एकैदिन टिप्पणी उठाई सोही दिन मन्त्रिपरिषदमा प्रस्ताव दर्ता गर्दा ठूलै राजनीतिक र प्रशासनिक दबाब आचार्यले दिएको कर्मचारी स्रोत बताउछ ।

ध्रुव आचार्य तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीका प्रमुख स्वकीय सचिव राजेश बज्राचार्य उपाध्यक्ष रहेको मदन भण्डारी स्पोर्टस् एकेडेमीका अध्यक्षसमेत हुन् । सोही कारण उनलाई बज्राचार्यले योग्यता नपुगेका आचार्यलाई नियुक्ति गर्न तत्कालीन खेलकुद मन्त्री चौधरीलाई चर्को दबाब दिएको स्रोत बताउछ । यस्तै दबाब तत्कालीन खेलकुद सचिव अर्याललाई तत्कालीन मुख्यसचिव एकनारायण अर्यालमार्फत् दिइएपछि उनले योग्यता नपुगेको जानकारी हुँदाहुँदै पनि टिप्पणी उठाउन कर्मचारीलाई आदेश दिएको जानकारी हुन आएको छ ।

तत्कालीन अर्थमन्त्री बिष्णु पौडेलनिकट मानिने आचार्यलाई जसरी पनि उपाध्यक्ष बनाउनका लागि सचिव अर्याललाई कन्भिन्स गर्नेमा उनीसमेत सक्रिय रहेको युवा खेलकुद मन्त्रालय स्रोत बताउछ । युवा खेलकुद मन्त्रालयका हरेक निर्णय प्रक्रियामा तत्कालीन अर्थमन्त्रीसम्म पुग्ने गरेको स्रोत बताउछ । हालको जेनजी सरकारले कुनै पनि दलको ट्याग नलागेको भनेर सचिव अर्याललाई मुख्यसचिव बनाएको हो ।

योजना आयोगमा हुँदासमेत पूर्व अर्थमन्त्री पौडेलको आदेश अनुसार चल्दैआएका सुमनले उपाध्यक्ष आचार्यको नियुक्ति प्रक्रियामा एमालेको सरकारलाई साथ दिन बिधि विपरीत निर्णय गरेको आरोप लागेको छ ।

राष्ट्रिय सतर्कता केन्द्रले उपाध्यक्ष नियुक्तिमा भएको कैफियत सच्याउन निर्देशन दिएपछि तत्कालीन सचिव अर्याल र सहसचिव सुवासचन्द्र शिवाकोटीको भूमिकामाथि गम्भीर शंका उब्जिएको थियो ।

प्रशासन क्षेत्रका एक विज्ञका अनुसार सर्वोच्च अदालतको आदेश र प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयको परिपत्रका बारेमा जानकार हुँदा अयोग्य ब्यक्तिलाई नियुक्तिका लागि मन्त्रिपरिषदमा प्रस्ताव पठाउन सामेल प्रशासनिक नेतृत्व र तत्कालीन मुख्यसचिव एकनारायण अर्यालमाथि विभागीय कारबाही हुनुपर्ने माग खेलाडीहरुको रहेको छ । दलीय राजनीतिक नेतृत्व जेनजी आन्दोलनबाट विस्थापित भएका कारण यो प्रकरणमा प्रशासनिक नेतृत्व कारबाहीको भागिदार हुनुपर्ने कर्मचारीहरुको माग रहेको छ ।

## समाचार/विविध

### मन्त्रीका निजी सचिव र सहसचिवको गठजोड

● साँघु संवाददाता



मन्त्री अनिलकुमार सिन्हा

*काठमाडौं । उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्री अनिलकुमार सिन्हाका निजी सचिव सरोज पोखरेलको ज्यादतिले सीमा नाघ्न थालेको खबर छ । उपसचिव पोखरेलको सरुवा २०८२ भदौ १२ गते स्थानीय तहमा भएको स्रोत बताउछ । तर, उनले शक्तिको दुरुपयोग गरी सरुवा भएको कार्यालयमा हाजिर हुन नगई मन्त्री सिन्हाको निजी सचिवका रुपमा काजमा उद्योग मन्त्रालयमा भित्रिएका थिए ।*

*उपसचिव राजु कुँवरलाई विस्थापित गरी पोखरेल मन्त्री सिन्हाको निजी सचिव भएका हुन् । पोखरेलको दरबन्दी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा थियो । मन्त्रीको निजी सचिव भएपछि उनले दरबन्दी उद्योगमै मिलान गरेका छन् । मन्त्रीको निजी सचिव भएपछि उद्योग विभाग, बाणिज्य विभाग, आयल निगम, कम्पनी रजिष्टार कार्यालयका प्रमुखहरुलाई दैनिक रुपमा व्यक्तिगत लाभका काम लगाउने गरेको स्रोत बताउँछ । विभागीय र संस्थानका प्रमुखहरु उनको दबाबबाट आजित भइसकेको गुनासो गर्न थालेका छन् । उद्योग विभागको निर्देशकको रुपमा करिब २ बर्ष बसेर सेटिङमा मात्र तल्लीन रहेको आरोप खेप्दै आएका पोखरेललाई सेवाग्राहीको गुनासाका आधारमा सामान्य प्रशासन मन्त्रालयले अन्तरमन्त्रालय नै सरुवा गरेको थियो । सधैं काठमाडौंमा तरमारेर बसेका उनी जेनजी सरकार आएपछि खटाएको ठाउँमा नगएबापत कारबाहीमा पर्नुपर्नेमा उल्टै मन्त्री सिन्हाबाट पुरस्कृत भई उनकै सचिवालयमा हालीमुहाली गर्ने अवसर पाएको कर्मचारी स्रोत बताउछ ।*

*सर्वोच्च अदालतकै न्यायाधीश पृष्ठभूमिका मन्त्री सिन्हा सकभर विवादास्पद काम गर्न हच्किने गरेको कर्मचारीहरु बताउछन् । मन्त्रीबाट बिदा हुँदा पनि बिगतकै छवि कायम राख्ने कोसिसमा रहेका मन्त्री सिन्हालाई पोखरेलजस्ता हरेक फाइलमा स्वार्थ हेर्न पल्केका उपसचिवले थप विवादमा तान्ने काम गरेको एक विभागीय प्रमुखले निकटस्थहरुसँगै सेयर गरेका छन् ।*

*उद्योग मन्त्रालयका कर्मचारीदेखि विभागीय प्रमुखहरु समेत उनका गलत कार्यका बारेमा गुनासो राख्ने ठाउँ नै नपाएको बताउने गर्दछन् । पोखरेलको दवाव यतिसम्म भयो कि निर्वाचन आचारसंहिता जारी हुनुपूर्व मन्त्रालयका आन्तरिक सरुवादेखि लिएर कर्मचारीको पदस्थापन र सहसचिवहरुलाई जिम्मेवारी पनि उनकै तजबिजमा तोकिएको कर्मचारीहरु बताउछन् । मन्त्री सिन्हा, सचिवद्वय मधुसुदन बुर्लाकोटी र डा. रामप्रसाद घिमिरेको इमान्दारीको लाभ पोखरेलले उठाउँदैआएको स्रोत बताउछ । सचिव घिमिरे केही दिनभित्रै अवकाशमा जाँदैछन् भने बुर्लाकोटीको स्वभाव बुझ्नेहरु उनकोमा व्यक्तिगत स्वार्थ र लाभको विषय लिएर जाने हिम्मत नै गर्न सक्दैनन् । जसको लाभ मन्त्रीका निजी सचिव पोखरेलले उठाइरहेको कर्मचारी स्रोत बताउ । उद्योग विभागको महानिर्देशकबाट मन्त्रालयको द्विपक्षीय महाशाखामा सरुवा भएका सहसचिव राजेश्वर ज्ञवाली, बाणिज्य विभागका महानिर्देशक रोशन ज्ञवाली र निजी सचिव पोखरेलको निजी स्वार्थका लागि बाक्लो भेटघाट हुने गरेको जानकारी हुन आएको छ । ज्ञवालीले सरुवा हुनुअघि नै उद्योग विभागबाट सुपारी, मरिच र केराउ आयातको कोटा वितरणमा समेत सेटिङ गरेको आरोप लाग्दैआएको छ ।*

### त्रिविमा अराजक आन्दोलन, प्रशासन पंगु

### तोडफोडको राजनीतिले त्रिवि बन्धक

● साँघु संवाददाता

*काठमाडौं । त्रिभुवन विश्वविद्यालय (त्रिवि)मा अखिल क्रान्तिकारीले आंतक मच्चाइरहेको छ । केही दिनदेखि तालाबन्दी र विरोध गरेर क्रान्तिकारीले त्रिविका पदाधिकारीलाई दबाब दिइरहेको छ । केही सातादेखि त्रिवि भने यस्तै विद्यार्थीहरुको मागका कारण आतंकित भइरहेको छ । तालाबन्दीको मारमा परेर त्रिवि पदाधिकारीले कामसमेत गर्न पाएका छैनन् । विद्यार्थी नेताहरुले आफ्नो स्वार्थ पूरा नभएको झोँक विश्वविद्यालयलाई बद्नाम गर्ने र विद्यार्थी तथा शिक्षकलाई आतंकित बनाएर त्रिविको दैनिक पठनपाठन समेत प्रभावित बनाइरहेको गुनासो विद्यार्थी र अभिभावकको रहेको छ ।*

*पछिल्लो दिनमा भने त्रिविमा शुल्क घटाउनुपर्नेलगायतका अनावश्यक माग राखेर क्रान्तिकारी तोडफोडमा उत्रिएको छ । त्रिविमा अनावश्यक दबाब दिने र आतंक सिर्जना गर्ने भएपछि त्रिवि पदाधिकारीले वार्ता गर्न पनि रुची देखाएका छैनन् । त्यहीकारण केही दिनअघि रेक्टर खड्ग केसीको कार्यकक्षमा पनि तोडफोड गरेका थिए । उनीहरु यस्ता तोडफोड आतंकलाई विरोध र दबाब लागि सांकेतिक आन्दोलन भन्ने गरेका छन् । साथै, केसीको कार्यकक्ष तोडफोड गरेको दुई दिनपछि माघ १६ गते शुक्रबार उपकुलपति र रजिस्टारको कार्यकक्षमा तोडफोड र अपशब्द प्रयोग गरेर पोस्टरहरु टाँसेका थिए ।*

*उनीहरुको निरन्तरको आतंकका कारण शिक्षक र कर्मचारीहरु डराउने अवस्थामा पुगेका छन् । पदाधिकारीहरुले आफ्नो कार्यकक्षबाट काम गर्न समेत पाएका छैनन् । त्रिविलाई सहज रुपमा चलाउन नदिने यस्ता विद्यार्थीलाई कारबाही गर्न भने कसैले पनि सकेको छैन ।*

*मानविकी संकायअन्तर्गतका चारवटा सेल्फ-सस्टेन प्रोग्राम केन्द्रीय विभागमा ल्याएपछि सहमति अनुसार शुल्क समायोजन नभएको ती विद्यार्थीको तर्क रहेको छ । यद्यपि, त्रिवि प्रशासनका अनुसार शुल्क पुनरावलोकन गर्न कार्यदल गठन भइसकेको छ । निजी विश्वविद्यालयको उक्साहटमा विद्यार्थीहरु आन्दोलन गर्ने गरेको भन्दै आरोप पनि लाग्ने गरेका छ । त्यतिमात्र होइन, अन्तर्राष्ट्रिय सम्बन्ध तथा कूटनीति, लैंगिक अध्ययन, सामाजिक कार्य र द्वन्द्व शान्ति तथा विकास अध्ययनको शुल्क घटाउनु पर्ने क्रान्तिकारीको माग रहेको छ ।*




*शुल्ककै नाममा केही साताअघि क्रान्तिकारीले पदाधिकारीको कार्यकक्षमा ताला लगाएको थियो । तर, सर्वोच्च अदालतको आदेश अनुसार प्रहरी प्रशासनले ताला खोलेको थियो । ताला खोले पनि क्रान्तिकारीले प्रवेशमा रोक लगाएकाले पदाधिकारीहरु आफ्नो कार्यकक्ष जान रोकिरहेको छ । यसरी विश्वविद्यालयलाई काम गर्न भन्दा पनि आतंकित बनाएर भड्काउने काममा उनीहरु सक्रिय भइरहेकाछन् ।*

*शुल्कका नाममा भन्दा चन्दा खोजेर आन्दोलन गर्ने विद्यार्थी संगठनहरुको भने पुरानै रोग हो । हरेक कलेजमा यस्तो प्रवृत्ति देखिने गरेको हुन्छ । त्यसैले, पनि त्रिविमा अहिले शुल्कको नाममा भइरहेका आन्दोलनको समर्थन कतैबाट पनि भइरहेको छ । त्रिविको आर्थिक भारका साथै कक्षा सञ्चालनका लागि शुल्कमा केही बढोत्तरी गर्नुपर्ने त्रिवि प्रशासनको दाबी छ । तर, विद्यार्थी नेताहरु भने शुल्क बढेको भन्दै विरोध गरिरहेका छन् ।*

*पदाधिकारीहरु उनीहरुको मागलाई सम्बोधन गर्न तयार देखिएका छन् तर वार्ता गर्न तयार भने देखिएका छैनन् । क्रान्तिकारीले भने वार्ता बोलाईदिओस् त्रिविले भन्ने चाहिरहेका छन् । तर, पदाधिकारीले आन्दोलनकारीलाई वार्तामा बोलाएर सम्मान गर्ने पक्षमा रहेको छैन । हरेक आन्दोलनमा वार्ता गर्ने र उनीहरुलाई सम्मान गर्ने प्रवृत्तिले आन्दोलनकारीलाई मनोबल बढाइरहेको पनि त्रिविमा चर्चा भइरहेको छ ।*

## राजनीतिज्ञहरुप्रति समाजले के सोचिरहन्छ ?

# जनताको राजनीति कि विलासिताको जीवनशैली !



**लोकबहादुर थापा मगर**
सहायक रथी(अप्रा.)

**लोकतान्त्रिक समाजमा नेतृत्वको मूल्याक्तन केवल संवैधानिक अधिकार वा प्रशासनिक क्षमताका आधारमा मात्र हुँदैन । त्यसको आचरण, प्रतीकात्मकता र नैतिक सुसंगतता ले पनि उत्तिकै महत्वपूर्ण भूमिका खेल्दछ । सार्वजनिक जीवनमा रहेको व्यक्तिको व्यक्तिगत जीवनशैली उसले प्रतिनिधित्व गर्ने मूल्य र भाषणसँग मेल खान्छ कि खाँदैन भन्ने कुरा जनविश्वासको केन्द्रमा रहन्छ ।**

जब कुनै सुधारवादी र स्थापित शक्तिको आलोचकका रूपमा चिनिएको राजनीतिक व्यक्तित्व महँगो विलासितासँग जोडिन्छ-चाहे त्यो सत्य होस् वा हल्लामात्र–त्यसको प्रभाव व्यक्तिगत तहमा सीमित नरही सम्पूर्ण लोकतान्त्रिक विमर्शमा फैलिन्छ ।

**प्रतीक र राजनीतिमा विश्वास**

यदि कुनै प्रमुख राजनीतिक व्यक्तित्व सार्वजनिक रूपमा करोडौँ मूल्यको विलासी सवारी प्रयोग गरिरहेको देखिएको दाबी सत्य ठहरियो भने त्यसको प्रभाव मुख्यतः कानूनीभन्दा बढी राजनीतिक र नैतिक हुन्छ । नेपालजस्तो आर्थिक असमानता गहिरो रहेको र राजनीतिक असन्तुष्टिले समाजलाई प्रभाव पारेको मुलुकमा प्रतीकहरूको शक्ति अत्यन्त तीव्र हुन्छ । एउटा महँगो सवारी साधन केवल आवागमनको साधन मात्र हुँदैन, त्यो वर्ग, पहुँच र विशेषाधिकारको संकेत बन्छ । साधारणता, स्पष्टता र अभिजात वर्गविरोधी छविमा आधारित राजनीतिक पहिचान बोकेको नेताका लागि यस्तो दृश्य जनमानसमा गहिरो विरोधाभास उत्पन्न गराउन पर्याप्त हुन्छ ।

**शब्द र व्यवहारको दूरी**

लोकतन्त्र विश्वासमा आधारित व्यवस्था हो, र त्यो विश्वास शब्द र व्यवहारबीचको सन्तुलनबाट कायम रहन्छ । विश्वका धेरै लोकतान्त्रिक देशहरूमा सुधारवादी नेताहरूले अनुभूति गरिसकेका छन् कि देखिने असंगति-कुनै कानूनी गल्ती नहुँदा पनि-जनविश्वास कमजोर बनाउन सक्छ । भारतमा आम आदमी पार्टीले सादगी र नैतिक शासनको नाराबाट लोकप्रियता हासिल गरेको थियो । तर, पछि उसका केही नेताहरू सुविधाजनक जीवनशैली र विशेषाधिकारसँग जोडिँदा आलोचकहरूले त्यसलाई परम्परागत राजनीतिक वर्गसँग तुलना गर्न थाले, जसले पार्टीको नैतिक दाबीलाई कमजोर बनायो । यस्तै, बेलायतमा पूर्वप्रधानमन्त्री बोरिस जोनसनले नीति मात्र होइन, जीवनशैली र विशेषाधिकारप्रतिको धारणा कारण पनि जनआक्रोशको सामना गर्नुपर्‍यो । यी उदाहरणहरूले देखाउँछन् कि लोकतन्त्रमा जवाफदेहिता केवल कानुनले होइन, जनधारणाले पनि निर्धारण गर्छ ।

**विलासिता र पारदर्शिताको प्रश्न**

नैतिक पक्ष अझ संवेदनशील हुन्छ जब विलासिता कुनै निजी व्यक्ति वा व्यवसायिक पक्षसँग जोडिएको देखिन्छ । सवारी साधन व्यक्तिगत स्वामित्वको होस्, उधारोमा लिइएको होस् वा सहयोगस्वरूप उपलब्ध गराइएको होस्-लोकतान्त्रिक मान्यताअनुसार स्पष्टता अपरिहार्य हुन्छ। फ्रान्सजस्ता मुलुकमा मन्त्रीहरूले कुनै भ्रष्टाचार प्रमाणित नभए पनि उपहार वा सुविधाको स्पष्ट विवरण नदिएको कारण पद त्याग गर्नुपरेको इतिहास छ । यहाँ लागू हुने मापदण्ड कानुनी दोष होइन, सार्वजनिक विश्वासको संरक्षण हो । यसले देखाउँछ कि सार्वजनिक पदमा देखिने व्यक्तिमाथि शंकाको छायाँ पर्नु नै पर्याप्त राजनीतिक क्षति हुन सक्छ ।

**कानूनभन्दा अगाडि नै हुने क्षति**

कानूनी दृष्टिले हेर्दा यस्ता विषयहरू सम्पत्ति विवरण र निर्वाचन खर्चसम्बन्धी कानूनसँग सम्बन्धित हुन्छन् । तर, लोकतान्त्रिक क्षति प्रायः कानुनी प्रक्रियाभन्दा अगाडि नै सुरु हुन्छ। जब राजनीतिक बहस नीति, सुशासन र सुधारभन्दा हटेर व्यक्तिगत सम्पन्नता र विलासितातर्फ मोडिन्छ, सुधारवादी राजनीति कमजोर बन्छ । ल्याटिन अमेरिकी लोकतन्त्रहरूमा पनि बाहिरी शक्ति विरोधी र अभिजात वर्गविरोधी नेताहरू प्रारम्भमा लोकप्रिय भए तर पछि व्यक्तिगत जीवनशैलीसम्बन्धी विवादले उनीहरूको नैतिक प्रभाव क्षीण बनाएको देखिन्छ ।

यस विषयको सबैभन्दा गहिरो अर्थ यसको प्रतीकात्मक पक्ष मा निहित छ । लोकतान्त्रिक संस्कृतिलाई बलियो बनाउन खोजिरहेका समाजमा नेताबाट संयम, संवेदनशीलता र जनताको जीवनस्तरप्रतिको समझ अपेक्षित हुन्छ। दक्षिण अफ्रिकामा नेल्सन मण्डेलाले सत्तामा पुगेपछि अपनाएको सादगी कुनै व्यक्तिगत संयोग थिएन। त्यो राजनीतिक नैतिकताको सचेत अभ्यास थियो। यसको विपरीत, जीवनशैली व्यवस्थापनमा असावधानी देखाउने नेताहरूले जननिराशा तीव्र रूपमा भोग्नुपरेको इतिहास पनि प्रशस्त छ ।

अन्ततः, विलासिता वा सम्पन्नता आफैँमा न अपराध हो न नै नैतिक दोष । लोकतन्त्रले नेताबाट गरिबी होइन, इमानदारी र पारदर्शिता माग्छ । स्पष्ट र समयमै दिएको जानकारीले हल्लालाई कमजोर बनाउँछ, तर मौनता र टार्ने प्रवृत्तिले शंकालाई झनै बलियो बनाउँछ। इतिहासले बारम्बार प्रमाणित गरेको छ कि जवाफदेही ढंगले प्रश्नको सामना गर्ने नेताहरू विवादबाट बाहिर निस्कन सक्छन्, तर प्रश्नलाई बेवास्ता गर्नेहरूका लागि साना विषयहरू पनि दीर्घकालीन राजनीतिक पहिचानमा बदलिन सक्छन् ।


निष्कर्षतः, यदि करोडौँ मूल्यको विलासी सवारी प्रयोगसम्बन्धी दाबी सत्य ठहरियो भने त्यसको सबैभन्दा ठूलो प्रभाव कानूनीभन्दा बढी लोकतान्त्रिक नैतिकता र राजनीतिक प्रतीकात्मकता मा पर्नेछ । सुधार, प्रामाणिकता र जनविश्वासमा आधारित राजनीतिक शक्तिका लागि स्पष्टता र संयम केवल व्यक्तिगत गुण होइन, लोकतान्त्रिक उत्तरदायित्वको अनिवार्य हिस्सा हुन् ।

*(लेखक परिचयः ब्रिगेडियर जनरल लोकबहादुर थापा मगर (सेवानिवृत्त) नेपाली सेनाका पूर्व अधिकृत तथा दक्षिण एसियाली भू-राजनीति र अन्तर र्राष्ट्रिय सम्बन्धका अनुसन्धानकर्ता हुन् । फोनः +९७७ ९८५१०७३४७७ । इमेलः thapalok53@gmail.com)*

**यदि करोडौँ मूल्यको विलासी सवारी प्रयोगसम्बन्धी दाबी सत्य ठहरियो भने त्यसको सबैभन्दा ठूलो प्रभाव कानूनीभन्दा बढी लोकतान्त्रिक नैतिकता र राजनीतिक प्रतीकात्मकता मा पर्नेछ । सुधार, प्रामाणिकता र जनविश्वासमा आधारित राजनीतिक शक्तिका लागि स्पष्टता र संयम केवल व्यक्तिगत गुण होइन, लोकतान्त्रिक उत्तरदायित्वको अनिवार्य हिस्सा हुन् ।**

## स्वास्थ्य/घरेलु उपचार

### काम र घरबीचको दवावमा थिचिँदै महिला



*सन् २०२६ फेब्रुअरीको पहिलो हप्तामा महिला तथा कामकाजी वर्गमा मानसिक तनाव, थकान र अनि{ाका समस्या बढ्दै गएको देखिएको छ । स्वास्थ्यकर्मीहरूका अनुसार यो समस्या विशेषगरी कार्यालयमा काम गर्ने महिला, स्वास्थ्यकर्मी, शिक्षक, बैंककर्मी र सेवा क्षेत्रमा संलग्न महिलामा बढी देखिएको हो ।*

*कामको चाप, समयमै काम सम्पन्न गर्नुपर्ने दबाब र त्यससँगै घर-परिवारको जिम्मेवारीले महिलाको मानसिक स्वास्थ्यमा गहिरो असर पारिरहेको देखिन्छ। बिहान कार्यालय, दिउँसो कामको लक्ष्य, साँझ घरायसी जिम्मेवारी र राति परिवारको हेरचाह-यी सबै भूमिकाले महिलालाई निरन्तर सक्रिय राख्छन्, तर आरामको समय भने कम हुँदै गएको छ ।*


*फेब्रुअरीको पहिलो हप्तामा धेरै महिलाले निद्रा नलाग्ने, टाउको भारी हुने, चिडचिडापन बढ्ने, आत्मविश्वास घट्ने जस्ता समस्या अनुभव गरेका छन् । मानसिक स्वास्थ्य विज्ञहरूका अनुसार महिलाले आफ्ना समस्या खुलेर भन्न नपाउनु पनि तनाव बढ्नुको एक कारण हो । "सबै मिलाउनुपर्छ" भन्ने सामाजिक अपेक्षाले महिलालाई मौन बनाइदिएको छ ।*

*कामकाजी महिलामा वर्क-लाइफ ब्यालेन्स गम्भीर चुनौती बनेको छ । घरबाट काम गर्ने महिलाहरू पनि कार्यालय र घरको सीमा मेटिँदा अझै बढी मानसिक दबाबमा परेका छन् । लगातार स्क्रिन हेर्ने, समयमै खाना नखाने र पर्याप्त निद्रा नपाउने प्रवृत्तिले स्वास्थ्य जोखिम बढाएको देखिन्छ ।*

*विशेषज्ञहरूका अनुसार महिलाको मानसिक स्वास्थ्यलाई व्यक्तिगत कमजोरीका रूपमा होइन, सामाजिक र संरचनात्मक समस्याका रूपमा बुझ्न आवश्यक छ । कार्यालयमा लचिलो समय, मानसिक स्वास्थ्यमैत्री नीति र परिवारभित्र कामको समान बाँडफाँड नभएसम्म समस्या समाधान हुन कठिन छ ।*

*स्वास्थ्यकर्मीहरूले महिलालाई आफ्ना भावनालाई महत्व दिन, थकान महसुस हुँदा विश्राम लिन र आवश्यक परे मानसिक स्वास्थ्य सेवाको सहयोग लिन सुझाव दिएका छन्। साथै, परिवार र कार्यस्थल दुवैले महिलाको मानसिक स्वास्थ्यप्रति संवेदनशील हुनुपर्ने आवश्यकता औंल्याइएको छ । फेब्रुअरीको पहिलो हप्तामा देखिएको यो अवस्था महिलाको स्वास्थ्य केवल शारीरिक मात्र होइन, मानसिक रूपमा पनि सुरक्षित हुनुपर्ने गम्भीर चेतावनीका रूपमा लिइएको छ ।*

### क्यान्सर परीक्षणतर्फ बढ्दो चेतना



*फेब्रुअरीको पहिलो हप्तामा विश्वभर क्यान्सरसम्बन्धी स्वास्थ्य परीक्षणप्रति जनचेतना उल्लेख्य रूपमा बढेको देखिएको छ । विशेषगरी समयमै स्वास्थ्य परीक्षण नगर्दा ज्यान गुमाउन सकिने जोखिमबारे चर्चा तीव्र भएको छ । चिकित्सकहरूका अनुसार धेरै मानिसले डर, खर्च वा बेवास्ताका कारण आवश्यक परीक्षणहरू टार्दै आएका छन् । तर पछिल्लो तथ्यांकले देखाएको छ-आरम्भिक चरणमै क्यान्सर पत्ता लागे उपचारको सफलता दर धेरै उच्च हुन्छ ।*

*यस अवधिमा अस्पताल तथा स्वास्थ्य केन्द्रहरूमा क्यान्सर स्क्रिनिङबारे जानकारी लिन आउनेको संख्या बढेको छ । विशेषज्ञहरूले असामान्य तौल घट्नु, लामो समयको थकान, निरन्तर दुखाइ वा शरीरमा देखिने असामान्य गाँठोलाई हल्का रूपमा नलिन आग्रह गरेका छन् ।*

*स्वास्थ्य क्षेत्रमा देखिएको यो सक्रियताले क्यान्सरलाई 'असाध्य रोग' भन्दा पनि 'समयमै नियन्त्रण गर्न सकिने रोग' को रूपमा बुझ्ने सोचलाई बलियो बनाएको छ ।*

### हृदय स्वास्थ्यप्रति सतर्कता र चासो



*फेब्रुअरी २०२६ को पहिलो साता हृदय स्वास्थ्यप्रति आममानिसको चासो बढेको देखिएको छ । हृदय रोग अझै पनि विश्वव्यापी रूपमा मृत्युको प्रमुख कारणमध्ये एक भए पनि, रोकथामका उपायबारे चेतना फैलिएको छ ।*

*स्वास्थ्य विज्ञहरूका अनुसार दैनिक जीवनमा साना परिवर्तन–नियमित हिँडडुल, सन्तुलित आहार, तनाव नियन्त्रण, पर्याप्त नि{ा र धूम्रपानबाट टाढा रहनु–ले हृदय रोगको जोखिम उल्लेख्य रूपमा घटाउन सक्छ ।*

*यस अवधिमा रक्तचाप, कोलेस्ट्रोल र मधुमेह परीक्षण गराउनेको संख्या बढेको छ । विशेषगरी ४० वर्षभन्दा माथिका मानिसहरूमा नियमित स्वास्थ्य परीक्षणको महत्वबारे छलफल तीव्र बनेको छ । हृदय स्वास्थ्यसम्बन्धी यो चासोले मानिसलाई उपचारभन्दा पनि रोकथामतर्फ उन्मुख गराएको देखिन्छ, जसलाई दीर्घकालीन रूपमा सकारात्मक संकेतका रूपमा लिइएको छ ।*

# देश बचाउने सेनालाई उपचारमा किन बेवास्ता ?

## चिट्ठी-पत्र

E-mail : sanghuweekly@gmail.com, gopaldai1@gmail.com

**सम्पादकज्यू, साँघु साप्ताहिक**

**पुष र माघको कठ्याङ्ग्रिने चिसोबाट जोगिन खोज्दाखोज्दै केही दिन अस्पतालमा भर्ना भएर बस्नुपर्‍यो । म स्वयं नेपाली सेनामा कार्यरत व्यक्ति भएकाले आफ्नै पसिनाबाट बनेको छाउनीस्थित वीरेन्द्र सैनिक अस्पतालमा उपचार गराएँ, जहाँ उपचारका लागि व्यक्तिगत रूपमा कुनै आर्थिक भार पर्नु पर्दैन । सुविधा सम्पन्न अस्पताल भए तापनि समयानुसार यसको विस्तार र आवश्यक दरबन्दी वृद्धि हुन नसक्दा हालको विरामी चाप धान्न सैनिक अस्पताल निकै अप्ठ्यारो अवस्थामा पुगेको महसुस भयो ।**

इमर्जेन्सी, ट्रमा, केबिन, भीआईपी कक्षदेखि जनरल वार्डसम्म जताततै सेनाका बिरामीको अत्यधिक भीड देखियो। सीमित डाक्टरका कारण वरिष्ठ चिकित्सकहरूलाई भ्याइनभ्याइ भएको स्पष्ट देखिन्थ्यो । बिहानको राउण्डमा जाँच गर्न आउने डाक्टरलाई समेत बिरामीले घण्टौँ कुर्नुपरेको अवस्था पाइयो ।

यसको मुख्य कारण पेन्सन अवधि पुगेपछि वरिष्ठ डाक्टरहरू सरकारी सेवा छोडेर निजी अस्पतालतर्फ आकर्षित हुनु हो । नेपाली सेनामा हुने विविध खटनपटन र वरिष्ठ भएर पनि अत्यधिक व्यस्त हुनुपर्ने अवस्थाका कारण ओपीडी तथा इमर्जेन्सी जस्ता संवेदनशील सेवाहरू इन्टर्नसिप गरिरहेका चिकित्सकले धान्नुपर्ने बाध्यता देखिन्छ ।

यसकारण वरिष्ठ तथा विशेषज्ञ डाक्टरहरूलाई लामो समयसम्म सैनिक अस्पतालमै रोकेर राख्ने ठोस योजना अस्पताल प्रशासन र आर्मी हेडक्वाटरले संयुक्त रूपमा बनाउनैपर्छ। यति समस्या हुँदाहुँदै पनि बिरामीको सेवा-सुसारमा भने कुनै कमी देखिएन । खाना स्तरीय छ, सरसफाइ पर्याप्त छ, र प्याथोलोजी विभागमा भिटामिन डी लगायतका रक्त परीक्षणहरू अस्पतालभित्रै हुन थालेको सकारात्मक पक्ष पनि उल्लेखनीय छ ।

वि.सं. २०४४ सालमा तत्कालीन प्रधानसेनापति स्व. सत्चित शम्शेर जबराले "केही ठोस काम गरौँ" भन्ने सोचका साथ कल्याणकारी कोषबाट सुरु गरेको यो सैनिक अस्पताल आजसम्म पनि शान्ति मिसनमा जाने सकलदर्जाबाट संकलित रकमकै भरमा सञ्चालन हुँदै आएको छ । सुरुमा ५० हजार सेना र तिनका परिवारलाई लक्षित गरेर बनाइएको योजना त्यतिबेला पर्याप्त थियो । तर, अहिले लगभग लाख वहालवाला सेना र लाखकै संख्यामा पूर्व सेना र उनीहरूका परिवारको समेत उपचारको भार यही अस्पतालले बोकिरहेको छ । खुला स्थानमा नयाँ भवनहरू बने पनि अझै पर्याप्त छैन ।

सुन्नमा आएअनुसार सेनाका लागि छुट्टै जग्गा खरिद गरी नयाँ अस्पताल निर्माण गर्न नेपाल सरकारसँग अनुरोध गर्दा निवर्तमान सरकारका प्रमुखले खासै चासो नदेखाएको भन्ने चर्चा छ । संसारका कुनै पनि देशमा सेनाले आफ्नै जवानको रकमबाट अस्पताल बनाउँदैनन्, यो राज्यको दायित्व हो ।

सेनाको महत्व नबुझ्ने नेता र सरकारलाई आपत् पर्दा यही सेना चाहिन्छ-चाहे बाह्य आक्रमण होस्, दैवी प्रकोप, आन्तरिक अशान्ति वा आतंककारी गतिविधि । गत भदौ २३ र २४ गतेको विद्यार्थी आन्दोलनमा घुसपैठ भई देशभर अशान्ति फैलिँदा प्रधानमन्त्रीलाई हेलिकप्टरबाट उद्धार गर्नुपरेको अवस्थामा पनि सेना नै आवश्यक पर्‍यो । यदि सेनाले संयमता नदेखाई जनतालाई आहत दिने नेतृत्वलाई जेसुकै गरून् भनेर छोडिदिएको भए कति ठूलो क्षति हुन सक्थ्यो, कल्पना मात्र गर्न सकिन्छ ।

यही सेनाको काम छैन, संख्या घटाए पनि हुन्छ भन्ने केही अवसरवादी, विदेश बुझेर नेपाल नबुझेका नेताको सुरक्षासमेत अन्ततः सेनाले नै गर्छ । त्यसैले नेताहरूको चेत बदलिन आवश्यक छ। साथै, उच्च तहका निजामती कर्मचारीहरूले पनि व्यक्तिगत फाइदाभन्दा माथि उठेर राज्यका संवेदनशील निकायप्रति जिम्मेवार बन्नुपर्छ । सेनाले प्रस्ताव गरेका योजना बीचमै तुहाउने, मन्त्री-प्रधानमन्त्रीसमक्ष नकारात्मक ढंगले प्रस्तुत गर्ने प्रवृत्ति गम्भीर समस्या हो ।



निजामती कर्मचारीका लागि अत्याधुनिक अस्पताल निर्माण हुन्छ, जसमा उनीहरूको एक पैसाको लगानी छैन । तर, सेनाले आफ्नै खर्चमा स्वास्थ्य उपचार गर्नुपर्ने अवस्था कत्तिको न्यायसंगत छ, सम्बन्धित निकायले आत्मसमीक्षा गर्नुपर्छ। वीर अस्पताल विस्तारका लागि भक्तपुरमा जग्गा लिएको वर्षौं भइसक्दा पनि काम सुरु हुन सकेको छैन, जसले ग्रामीण र गरिब नेपालीको उपचारमा ठूलो बाधा पुर्‍याएको छ ।

सेनाको ऐतिहासिक महाँकाल अस्पतालको जग्गा वीर अस्पतालको ट्रमा सेन्टरका लागि दिइनु सकारात्मक भए पनि सेनाका लागि छुट्टै अस्पताल निर्माण गर्नु नेपाल सरकारको दायित्व हो । बढ्दो महँगो उपचार खर्चको युगमा सर्वसाधारण नेपालीले निःशुल्क र गुणस्तरीय स्वास्थ्य सेवा पाउनुपर्छ। शिक्षा र स्वास्थ्य निःशुल्क भनिए पनि व्यवहारमा गरिब नेपालीले न त समयमै उपचार पाउँछन्, न गुणस्तरीय शिक्षा। यही विषय आजको पुस्ता (Gen Z) को आन्दोलनको केन्द्रमा छ ।

नयाँ सैनिक अस्पताल निर्माणका लागि सेनाको तर्फबाट के-कस्तो पहल भइरहेको छ, थाहा नभए पनि सेनाका आवश्यकताका प्रस्तावहरू अझ दरिलो ढंगले नेता र मुख्यसचिवसमक्ष राखिनुपर्छ । हामी जति इमानदार र अनुशासित भए पनि सेनालाई बेवास्ता गर्ने प्रवृत्ति चिन्न सक्नुपर्छ । नत्र छाउनीको खुला चौर जस्तै आर्मी क्लब वरिपरिका खुला स्थान पनि क्रमशः मासिँदै जानेछन् ।

अब सेनाको आवश्यकता अनुसार अस्पताल विस्तार, दरबन्दी वृद्धि र दीर्घकालीन योजना बनाएर नेपाल सरकारसमक्ष प्रस्तुत गर्ने बेला आएको छ । चुनावी सरकार भए पनि यसतर्फ गृहकार्य सुरु गरौँ । देश र जनताको हितमा हुने राय-सल्लाह दृढतापूर्वक राख्ने साहस गरौँ ।

*-पूर्ण ओली, महासेनानी (अ.प्रा.)*
*मिति : २०८२ माघ १७*

## उपसचिव रमेश बस्नेतसँग सम्बन्धित समाचारको खण्डन

साँघु साप्ताहिकको २०८२ पुष २८ गते "मन्त्रीलाइ बद्नाम गराउने पात्र को को ? " शीर्षकमा प्रकाशित समाचारप्रति वन तथा वातावरण मन्त्रालयमा कार्यरत उपसचिव रमेश बस्नेतले आपत्ति जनाउँदै बस्तुगत आधार, ठोस प्रमाण बिना सम्बन्धित मन्त्रालयमा सामान्य सोधपुछ समेत नगरी पत्रकार आचारसंहिता विपरीत समाचार प्रकाशित गरिएको आपत्ति प्रकट गरिएको छ ।

खण्डन पत्रमा साँघु साप्ताहिकको समाचार एकपक्षीय, असन्तुलित, भ्रामक भएको दावी गर्दै प्रेस काउन्सिल नेपालमार्फत खण्डन प्राप्त भएकाले उक्त समाचारको खण्डन गरिएको छ । साँघु साप्ताहिकको उद्देश्य कुनै पनि व्यक्तिको चरित्रमा आँच पुर्‍याउने होइन, सरकारी निकायहरुबाट प्रदान गरिने सेवा प्रवाह स्वच्छ, स्वस्थ रहोस् होस् भन्ने पवित्र भावना रहेको समेत जानकारी गराइन्छ । त्यसैले उपसचिव रमेश बस्नेतको पनि व्यक्तिगत, व्यावसायिक र सामाजिक प्रतिष्ठामा आँच पुर्‍याउने नियतले समाचार प्रकाशित नगरिएको जानकारी गराइन्छ ।

*-समाचार डेस्क*

# ममता : मधेसकी महिला, राजनीति र विश्वासघातको कथा ! जसको पहुँच माथिसम्म थियो, उसैले रास्वपाको टिकट पायो



**ममता शर्मा** (संस्थापक सभापति, मधेस प्रदेश, रास्वपा)

*(ममता शर्मा आज केवल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)की मधेस प्रदेश संस्थापक सभापति मात्र होइनन्, उनी मधेसमा महिलाले प्रत्यक्ष राजनीतिमा स्थान खोज्दा भोग्नुपर्ने संरचनागत अवरोध र राजनीतिक द्विविधाको प्रतीक पनि हुन् । समानुपातिक सूचीमा नाम नदेखिएको र प्रत्यक्ष निर्वाचनको टिकटसमेत नपाएपछि उनका समर्थक, शुभेच्छुक र अग्रजहरू चिन्तित भए । तर, त्यस अवस्थालाई उनले व्यक्तिगत निराशामा सीमित नराखी राजनीतिक चेतनाको बहसमा रूपान्तरण गरिन् ।*

*समानुपातिक छनोट प्रक्रियामा प्राइमरी र 'पोलिटिकल प्रोक्सिमिटी'का आधारमा उनी मधेसी क्लस्टरतर्फ तेस्रो स्थानमा पुगेकी थिइन् । तर, ११० जनाको बन्द सूची तयार हुँदा उनको नाम सातौँ स्थानमा राखियो । सामाजिक सञ्जालमा चासो र दबाब बढेपछि सच्याउने छलफलसमेत भयो । तर, नेतृ ममता शर्माले सुरुदेखि नै समानुपातिकभन्दा प्रत्यक्ष निर्वाचनलाई प्राथमिकता दिएकी थिइन् । उनका लागि संसद् पुग्नु मात्र लक्ष्य थिएन, जनताको माझबाट उठेर जनताको मत पाएर आउने राजनीति नै उनको विश्वास थियो ।*

*मधेसमा महिलाहरू अझै पनि प्रत्यक्ष राजनीतिमा सीमित रूपमा देखिन्छन् । अधिकांशलाई उप-भूमिका वा प्रतिनिधिकै रूपमा राखिने यथार्थलाई चुनौती दिन उनले केन्द्रको सामूहिक सल्लाहअनुसार समानुपातिक सूचीबाट नाम झिकेर प्रत्यक्षतर्फ जाने निर्णय गरिन् । यो निर्णय जोखिमपूर्ण थियो, तर, ममता शर्माको राजनीतिक यात्रा नै जोखिमसँग जुध्दै अघि बढेको इतिहास हो ।*

*उनले बारा क्षेत्र नम्बर २ रोज्नुको पनि स्पष्ट आधार थियो । अघिल्लो उपनिर्वाचनमा उमेर नपुगे पनि पार्टीका उम्मेदवार रमेश खरेलको प्रस्तावक बनेर गाउँ-गाउँ, टोल-टोल पुगेकी थिइन् । त्यही क्रममा उनले महिलामाथि हुने हिंसा, अत्याचार र आम नागरिकका पीडा नजिकबाट देखिन् र भोगिन् । त्यसैले प्रत्यक्ष आवाज बनेर जनताको प्रतिनिधित्व गर्ने चाहना उनको राजनीतिक प्रतिबद्धता बन्यो । विकल्पमा बारा-१ पनि थियो, जुन उनको कर्मभूमि हो । यसपटक पार्टीले आफूभन्दा योग्य उम्मेदवार पाएको भन्दै उनले टिकट नपाएको स्वीकार गरेकी छिन् । सदनमा उनलाई देख्न चाहने धेरै मनहरू निराश भए, तर ममता शर्मा स्वयं भने थाकिनन् । "मेरो आवाज सदनमा नपुगुन्जेल पनि जनताका पक्षमा निरन्तर गुन्जिरहनेछ," भन्ने उनको भनाइले उनी संसद् बाहिर पनि सक्रिय राजनीतिक भूमिकामा रहने संकेत गर्छ ।*

*यो केवल व्यक्तिगत अन्याय होइन । यो सन्देश हो-संकटमा पार्टी बनाउने महिलालाई आवश्यक परे प्रयोग गरिन्छ, सत्ता र अवसरको बेला पन्छाइन्छ । मधेसमा महिलालाई राजनीतिमा ल्याउन गाह्रो छ भन्ने यथार्थबीच यस्तो व्यवहारले नयाँ पुस्ताका महिलालाई के सन्देश जान्छ ?*

*उनको भविष्य जे जस्तो भए पनि, एउटा कुरा स्पष्ट छ-ममता शर्माको कथाले मधेस, महिला र नयाँ राजनीतिबीचको सम्बन्धमाथि असजिलो । तर, आवश्यक बहस सुरु गरिदिएको छ । यही बहसले आगामी दिनमा नेपाली राजनीतिमा महिलाको स्थान कहाँ छ भन्ने प्रश्नलाई अझ चर्को बनाउनेछ । प्रस्तुत छ, ममता शर्मासँगको संक्षिप्त कुराकानी-संपादक)*

**प्रश्नः तपाईं रास्वपा मधेस प्रदेशकी संस्थापक सभापति हुनुहुन्छ । तर, यसपालि टिकट नपाउँदा कस्तो महसुस भयो ?**

ममता शर्माः सिधै भन्नुपर्दा धोखा महसुस भयो । म पार्टीमा सुरुदेखि लागेकी हुँ । मधेसमा रास्वपाको नाम-निशान नहुँदा आठवटै जिल्ला घुमेर संगठन बनाएकी थिएँ । आज पार्टी ठूलो भयो, तर मलाई नै पाखा लगाइयो ।

**प्रश्नः पार्टीले तपाईंलाई टिकट दिने आश्वासन दिएको थियो कि थिएन ?**

शर्माः खुलेर दिएको थियो । सभापति रवि लामिछानेज्यूले नै मधेसमा प्रत्यक्षबाट चुनाव लड्नुपर्छ भन्नुभएको थियो । उपसभापति डीपी अर्यालज्यू, मनीष झाज्यूसहित सबैले अन्तिम समयसम्म " बारा-२ को टिकट तपाईंको हो" भन्नुभएको थियो ।

**प्रश्नः टिकट नपाएको थाहा कहिले पाउनुभयो ?**

शर्माः अचम्म लाग्दो तरिकाले । म राति १२-१ बजेसम्म जनकपुरको होटलमा बसेर खबर कुरिरहेकी थिएँ । सबै नेताहरू "पर्खिनुस्" भन्दै एक-एक गरेर बाहिरि नुभयो । राति दुई बजे मात्र बारा फर्किएँ । त्यसपछि थाहा पाएँ-बारा-२ मा चन्दन सिंहलाई टिकट दिइसकिएको रहेछ ।

**प्रश्नः समानुपातिकमा पनि तपाईंको नाम काटिएको थियो, होइन ?**

शर्माः हो । प्राइमरी निर्वाचनमा म तेस्रो नम्बरमा थिएँ । तर, लिस्ट बनाउँदा सात नम्बरमा पुऱ्याइयो । त्यसपछि मैले समानुपातिक अस्वीकार गरेँ । किनभने मलाई प्रत्यक्षको आश्वासन दिइएको थियो ।

**प्रश्नः पार्टीभित्र तपाईंको नाम कसले काट्यो भन्ने थाहा पाउनुभयो ?**

शर्माः अहिलेसम्म थाहा पाएकी छैन । मधेस प्रदेश सभापति तपेश्वर यादवज्यूले पनि मेरो नाम एक नम्बरमै सिफारिस भएको भन्नुभएको छ । तर अन्तिममा कसले काट्यो, किन काट्यो–त्यो केन्द्रकै रहस्य बनेको छ ।

**प्रश्नः पार्टीभित्र बालेन, अमरेश सिंहलगायत विभिन्न टिमबाट टिकट वितरण भएको चर्चा छ । यसले असर गऱ्यो ?**

शर्माः स्पष्ट रूपमा गऱ्यो । टिकट वितरण एक ढोकाबाट होइन, धेरै ढोकाबाट भएको महसुस भयो । जसको पहुँच माथिसम्म थियो, उसैले टिकट पायो । मधेसमा रास्व पार्टी बनाउने र संगठन गर्नेले होइन, बाहिरबाट ल्याइएकाले अवसर पाए ।

**प्रश्नः मधेसकी चर्चित नेतृ भएर तपाईंलाई दोहोरो मार परेको हो ?**

शर्माः बिल्कुल । मधेसमै महिलाहरू राजनीति गर्न हिच्किचाउँछन् । यस्तो अवस्थामा परिवर्तनको नारा बोकेको पार्टीले नै महिलासँग विश्वासघात गऱ्यो भन्ने महसुस भयो । यसले मधेसका महिलालाई निराश पनि बनायो ।

**प्रश्नः अब तपाईंको अगाडिको बाटो के हो ? पार्टीमै रहनुहुन्छ कि अलग निर्णय लिनुहुन्छ ?**

शर्माः अहिले म सबै कुरा गम्भीर रूपमा मूल्यांकन गर्दैछु । परिवर्तनका लागि लागेको मान्छेलाई पटक-पटक अपमान सहन गाह्रो हुन्छ । निर्णय समयले बताउनेछ ।

**प्रश्नः अन्तिम प्रश्न–रास्वपाले मधेसमा के सन्देश दियो जस्तो लाग्छ ?**

शर्माः पहिले आशा र भरोसा थियो, अहिले प्रश्न छन् । "जसले मधेशमा दुःख गरेर राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) बनायो, उसलाई न्याय भएन भने हामीलाई के हुन्छ ?" भन्ने मनोविज्ञान मतदातामा बलियो हुँदै गएको छ ।

# 'मलाई अहिले जेनजीको सरकार भन्न नै लाज लाग्छ'

## सुप्रिया राज्य लक्ष्मी शाही, जेनजी अगुवा

**(जाजरकोटको कुशे गाउँपालिका-४, तम्ती-जहाँ अझैसम्म गाडी गुड्ने सडक पुगेको छैन । यही विकट गाउँमा जन्मिएकी सुप्रिया राज्य लक्ष्मी शाही जेन-जी अगुवा तथा समाजसेवी हुन् । विकट गाउँबाट काठमाडौंसम्मको संघर्षपूर्ण यात्रामा शाहीले कलिलो उमेरमै आफ्नो राजनीतिक र सामाजिक सक्रियता स्थापित गर्न सफल भएकी छिन् । उनै शाहीसँग साँघु साप्ताहिकका लागि क्षितिज सर्गमले २०८२ को जेन-जी नेतृत्व, मुलुकको राजनीति र समाजसेवालगायतका विविध विषयमा केन्द्रित रहेर गरेको कुराकानीको अंश : संपादक)**



**० जेनजीका अगुवामध्ये तपाईं पनि एक हुनुहुन्छ । दिनचर्या कसरी बित्दैछ ?**

सुप्रिया-अहिले म कर्णालीमै केन्द्रित छु । मलाई मेरो कर्णाली बनाउनुछ । कर्णालीका लागि विकासको गोरेटो खन्नुछ । अहिले कर्णालीका विभिन्न जिल्लामा अन्तरक्रिया कार्यक्रम गरिरहेकी छु । साथै म विद्यार्थी पनि भएकाले आफ्नो अध्ययनलाई पनि प्राथमिकताका साथ अगाडि बढाइरहेकी छु ।

**० विकट गाउँबाट काठमाडौं आएर कुनै पेसा नगरे पनि निरन्तर आन्दोलन र गतिविधिमा सक्रिय हुनुहुन्छ । तपाईंलाई आर्थिक सहयोग कहाँबाट आउँछ ?**

मेरो कुनै पनि एनजीओ, आइएनजीओ, विदेशी संस्था वा दलालसँग आर्थिक संलग्नता छैन । मैले कहिल्यै त्यस्ता संस्थाबाट पैसा लिएर काम गरेको छैन, न त जोडिएर काम नै गरेकी छु । म कुनै एजेन्डाको प्रतिनिधि होइन । म त समस्या देख्दा आवाज उठाउने एउटा माध्यम मात्रै हुँ ।

कुनै ठाउँमा समस्या छ भने म त्यसलाई सार्वजनिक गर्छु, सम्बन्धित निकाय वा सक्षम व्यक्तिसम्म पुऱ्याइदिन्छु । त्यसपछि कसले, कसरी सहयोग गर्छ भन्ने कुरा उनीहरूको विवेकको विषय हो-त्यसको श्रेय वा जिम्मेवारी म लिँदिनँ ।

**० अनि व्यक्तिगत खर्च कसरी चल्छ त ?**

म सानै उमेरदेखि फिल्डमा हिँडेकी मान्छे हुँ । मलाई बाँच्न, चल्न वा काम गर्न एनजीओको पैसा चाहिन्छ भन्ने सोच नै छैन । म आफैं पनि केही गर्न सक्छु, र मेरो परिवारले सधैं साथ दिएको छ । मेरो सबैभन्दा ठूलो शक्ति नै मेरो परिवार हो ।

त्यसपछि मेरा साथीभाइ, दिदीबहिनीहरू छन्, जसले "केही गर्न सकिन्छ, प्रतिकारलाई समर्थन गर्नुपर्छ" भनेर सधैं हौसला दिनुहुन्छ । अभाव हुँदाहुँदै पनि उहाँहरूले मलाई कहिल्यै अभाव महसुस गर्न दिनुभएन । मेरो लक्ष्य सिधा छ-मेरो जिल्लाका दबिएका आवाजहरू सदनसम्म पुगून् । म आफैं नपुगे पनि, कसैमार्फत भए पनि त्यो आवाज पुग्नुपर्छ भन्ने विश्वास राखेर काम गर्छु । म कसैको पैसाले होइन, आफ्नै विवेक, आफ्नै मेहनत र आफ्नै साहसले यहाँसम्म आइपुगेकी हुँ ।

पहिलो पटक काठमाडौं आउँदा म सपना बोकेकी, साधनविहीन छोरी थिएँ । पढाइलाई निरन्तरता दिन घरबेटीको भाँडा माझ्थें, र त्यही मेहनत कहिलेकाहीं मेरो भाडा बन्थ्यो ।

**० जेनजी आन्दोलन अघि तपाईं किन कर्णालीमा सक्रिय हुनुहुन्नथ्यो ?**

म पहिलादेखि नै अन्याय र अत्याचारका विरुद्ध बोल्ने मान्छे हुँ । कुनै ठाउँमा अन्याय भइरहेको छ र त्यहाँ कोही बोल्दैन भने म चुप लागेर बस्न सक्दिनँ । हाम्रो समाजमा धेरैजसो बेला "जो ठूलो स्वरले बोल्छ, उसकै कुरा सही" भन्ने मानसिकता हाबी थियो । त्यसैले अन्याय देख्दा त्यसको प्रतिक्रिया स्वरूप मलाई आवाज उठाउन मन लाग्छ । म आफूलाई कुनै ठूलो क्रान्तिकारी भनेर प्रचार गर्न चाहन्न । तर, जहाँ अन्याय हुन्छ, त्यहाँ चुप लाग्ने मान्छे म होइन । गाउँ-समाज, स्थानीय तह र जाजरकोट क्षेत्रमा भइरहेका समस्या, सेवा-सुविधाको कमी, जनताको पीडा र विकाससँग जोडिएका विषयमा मैले एक्लै भए पनि निरन्तर आवाज उठाउँदै आएकी छु । अहिले पनि त्यो क्रम जारी छ, र यस यात्रामा साथीभाइहरूले साथ दिइरहनुभएको छ ।

**० जेनजीहरू कि राजनीति पार्टीका हुन् कि एनजीओकर्मी हुन् भन्ने गरिन्छ । तपाईं पार्टीको जेनजी कि एनजीओका ?**

त्यस्तो होइन । जेनजी भनेको एउटा उमेर समूह हो । अरू जेनजी साथीहरू के-कसरी छन्, मलाई थाहा छैन । म अहिलेसम्म कुनै पार्टी वा संघ-संस्थामा आबद्ध छैन ।

**० तपाईंलाई २०८२ भदौ २३ र २४ गतेको जेनजी आन्दोलनमा एमाले पार्टीबाट परिचालित भएको आरोप छ नि ?**

होइन । म देशमा भइरहेको बेथितिका विरुद्ध लड्न गएकी हुँ । म कसैबाट परिचालित होइन, छैन ।

**० उसो भए केपी ओली र महेश बस्नेतसँग बसेर खिचिएका तपाईंका फोटोहरू कसरी बाहिर आए त ?**

फोटो त वास्तविक हुन्, मैले आफैं खिचेको फोटो हो । म किन डराउनु ? त्यो फोटो खिचिँदा केपी शर्मा ओली प्रधानमन्त्री हुनुहुन्थ्यो । त्यो झन्डै एक वर्षअघिको फोटो हो । प्रधानमन्त्रीसँग फोटो खिच्नु अपराध हो त ? सामाजिक काममा सक्रिय मान्छे भएको नाताले प्रचण्ड प्रधानमन्त्री हुँदाखेरिको फोटो पनि मसँग छ । मेरो फेसबुक प्रोफाइल हेर्नुभयो भने सजिलै देख्न सक्नुहुन्छ । शेरबहादुर देउवाजीसँगको फोटो पनि हुन सक्छ, कांग्रेसका नेताहरूसँगको पनि हुन सक्छ । किनकि जिल्लामा काम गर्दा सबैसँग सहकार्य गरेर अघि बढ्नुपर्छ । त्यो मेरो जिम्मेवारी र कर्तव्य दुवै हो ।

केपी शर्मा ओली प्रधानमन्त्री हुँदाखेरि उहाँलाई बधाई दिँदै पोस्ट गरिएको फोटो नै 'मिडिया ट्रायल' बनाइयो । त्यस्तै, प्रचण्डजीसँगको फोटो उहाँ प्रधानमन्त्री हुँदाखेरि जाजरकोटमा भइरहेको एउटा फुटबल प्रतियोगिताको कार्यक्रममा खिचिएको समूह फोटो हो । त्यतिबेला उहाँलाई हाम्रो कार्यक्रममा दाइहरूले निम्तो गर्नुभएको थियो ।

**० भदौ २३ र २४ गतेको जेनजी आन्दोलनमा तपाईं कसको निर्देशन वा आग्रहमा त्यहाँ पुग्नुभयो थियो ?**

हामी आफैं स्वेच्छाले गएका हौं । म स्वतन्त्र रूपमा आन्दोलनमा सहभागी हुँदैछु भनेर आफ्नो जिम्मेवारी स्पष्ट पारेरै अघि बढेका हौं । कुनै दल, कुनै संगठन वा कुनै बाह्य निर्देशनको भरमा होइन-आफ्नै विवेक र जिम्मेवारीबोधका आधारमा म त्यहाँ पुगेकी हुँ ।

- **पढाइलाई निरन्तरता दिन घरबेटीको भाँडा माझ्थें ।**
- **जनताको पीडा नयाँहरूका लागि केवल कन्टेन्ट बने ।**
- **आन्दोलन सधैं सहजै सम्पन्न हुँदैन ।**
- **बच्चाहरू सुरक्षित रहन्थे भने सिंहदरवारलगायत जल्दैनथे ।**
- **फेसबुकका फलोअर्स हेरेर टिकट दिने पार्टीले देश विकास गर्दैन ।**
- **कर्णालीमा घण्टी पार्टीको घण्टी बज्न निकै मुस्किल छ ।**

**० जेनजीहरूले यो–यो ठाउँमा ध्वस्त पार्ने भनेर अगाडिदेखि नै योजना बनाएका थिए रे नि ?**

त्यस्तो होइन । हामीबीच आन्तरिक रूपमा छलफल भएको थियो-कसैले कसैलाई लिड नगर्ने, कुनै उक्साहट नगर्ने र शान्तिपूर्ण रूपमा आन्दोलनमा सहभागी हुने । त्यसैअनुसार हामीले आफ्नै नेतृत्वमा अघि बढ्ने निर्णय गरेका हौं ।

भदौ २४ गते बिहान करिब ९ बजे हामी माइतीघरमा थियौं । त्यसपछि शान्तिपूर्ण रूपमा अघि बढ्यौं सुदनजीहरू पनि हामीसँगै हुनुहुन्थ्यो । उहाँहरू गाडीमा हुनुहुन्थ्यो, हामी सँगसँगै हिँडिरहेका थियौं । आन्दोलन अघि बढ्दै जाँदा पानीका फोहोरा र अश्रुग्यास प्रहार भयो । त्यस्तो अवस्थामा पनि हामीले धेरै कुरा नियन्त्रणमा राख्ने प्रयास गऱ्यौं । तर, एकैछिनमै अवस्था रणभूमि बन्यो । हाम्रो उद्देश्य स्पष्ट थियो-शान्तिपूर्ण आन्दोलन, जिम्मेवार सहभागिता र युवाको आवाज । त्यसबाहेक हाम्रो कुनै लुकेको एजेन्डा थिएन ।

**० एजेन्डा नभए बुलेट बाइक पड्काउँदै सिंहदरबारमा आगो लगाउन जाने तपाईंहरूकै साथी होइनन् र ?**

त्यस्तो होइन । युवाहरूमा आक्रोश थियो-तर त्यो आक्रोश देशप्रतिको माया, परिवर्तनको चाहना र देशभक्तिबाट उत्पन्न भएको थियो । त्यसैले धेरै युवा आकर्षित हुनु स्वाभाविक थियो । कतिपय उत्साहित भए, कतिपय अप्ठ्यारो परिस्थितिमा परे ।

नागरिक स्तरमा कति क्षति भयो भन्ने विषय अहिले छानबिन समितिको जिम्मामा छ । सत्य-तथ्य छानबिनले नै बाहिर ल्याउनेछ । बुलेट बाइक पड्काउँदै अरू कुन हेतुले गएका हुन्, थाहा भएन । हामी चाहिँ देशकै लागि गएका हौं ।

**० काँधमा नेपालको झण्डा राखेर सिंहदरबारमा आगो लगाउँदै विध्वंस मच्चाएपछि सुशासन आयो त ?**

यसलाई विध्वंसभन्दा पनि समयको मागका रूपमा बुझ्नुपर्छ । यो अचानक आएको होइन । कुनै आवश्यकता र मागका कारण नै यस्तो अवस्था सिर्जना भएको हो । आन्दोलन सधैं सहजै सम्पन्न हुँदैन । यदि आन्दोलन सजिलै चलिरहेको भए यसले कस्तो प्रभाव पार्दथ्यो होला ? त्यसैले यसलाई विध्वंस नभई परिवर्तनको प्रक्रियाका रूपमा बुझ्न आवश्यक छ ।

**० उसो भए अदालत र सिंहदरबारमा आगो लगाउनुलाई पनि परिवर्तन मान्नुपर्ने ?**

संसद भवन, सर्वोच्च अदालत र सरकारी संरचनाहरू जले-हामी स्वीकार गर्छौं, त्यो गलत थियो । तर, आँखै अगाडि आन्दोलनमा उन्नाइस जना युवामाथि गोली चलाइयो । यदि बच्चा र नागरिकहरू सुरक्षित रहन्थे भने सायद संसद, सिंहदरवार र अन्य संरचनाहरू जल्दैनथे ।

यस विषयमा म व्यक्तिगत टिप्पणी गर्दिनँ, किनकि यो छानबिनको विषय हो । सरकारले कानूनी ढंगले इन्भेस्टिगेसन गर्नुपर्छ । मिडिया ट्रायलभन्दा पनि कानूनी प्रक्रिया अपनाइनुपर्छ । कानूनी राज्यको नियमअनुसार अघि बढ्नुपर्छ ।

**० हिजो तपाईंहरूले सरकार बनाउनुभयो, आज फेरि त्यही सरकारको अगाडि फाइल च्यात्दै हिँड्नुहुन्छ-किन ? कि भागबन्डा नपुगेको हो ?**

म यो सरकारको पनि विरोधी हुँ । किनकि यदि यो नागरिकको सरकार हो भने नागरिकका विषयमा सर्भिस डेलीभरीमा ढिलाइ गर्ने छुट यसलाई छैन । हामीले यत्रो त्याग गरेर आन्दोलन गऱ्यौं । त्यसको सार एउटै हो- सरकार र दलहरुको गलत कार्यको विरोध र सहीको पक्षपोषण । मलाई अहिले जेनजीको सरकार भन्न नै लाज लाग्छ ।

**० किन नि ?**

यो सरकार चुनाव गराउन मात्रै बनेको जस्तो देखिन्छ । ६ महिनामा भ्रष्टाचार नियन्त्रणलगायत अरू पनि धेरै काम गर्न सकिन्थ्यो, तर केही पनि भएन । मेरो आफ्नै मान्छे गलत हुँदा पनि म सही भन्न सक्दिनँ । जो गलत छ, ऊ गलत नै हो । सहीलाई सही र गलतलाई गलत भन्न नसक्ने मान्छे कहिल्यै सफल हुँदैन । यही सिद्धान्तका आधारमा हामीले आन्दोलन गरेका हौं । हाम्रो उद्देश्य सरकार ढाल्नु होइन, सरकारलाई जिम्मेवार बनाउनु हो ।

**० अन्त्यमा, जेन–जी साथीहरू र आम जनतालाई तपाईंको सुझाव के छ ?**

नयाँ मुहारहरू अहिले भोट माग्दै गाउँ-शहरमा निस्किएका छन् । अब नाम वा प्रचार हेरेर मात्र भोट दिनुहुँदैन । उम्मेदवारको योग्यता, क्षमता, व्यक्तित्व, नेतृत्व कौशल र जनसेवाप्रतिको प्रतिबद्धता हेरेर मात्रै मतदान गर्नुपर्छ ।

भाइरल भएर टिकट लिएका अवसरवादीहरूले तपाईंलाई भ्रममा पार्न खोज्नेछन् । यिनीहरूको उद्देश्य सेवा होइन, व्यक्तिगत स्वार्थ हो । त्यसैले भाइरलहरुबाट सचेत रहनुहोस् । देशको भविष्य तपाईंको भोटमा निर्भर छ । सही उम्मेदवार छान्नु मात्र होइन, अवसरवादीहरूबाट जोगिनु पनि आजका युवा-जेन-जीहरुको कर्तव्य हो ।

# चुलिँदो व्यापार घाटाले देखाएको आर्थिक यथार्थ
# रेमिट्यान्सको छायाँमा लुकेको व्यापार संकट



शंकरमान सिंह

**नेपालको वैदेशिक व्यापार संरचना हाल गम्भीर चुनौतीको मोडमा उभिएको छ । पछिल्लो तथ्याङ्कअनुसार मुलुकको व्यापार घाटा तीव्र गतिले बढ्दै गएको छ, जसले वैदेशिक मुद्रा सञ्चिति र समग्र आर्थिक स्थिरतामा ठूलो दबाब सिर्जना गरेको छ । चालु आर्थिक वर्षको पहिलो ६ महिनामा मात्र व्यापार घाटा ७ खर्ब ९७ अर्ब रुपैयाँ पुगेको छ ।**

यद्यपि निर्यातमा केही वृद्धि देखिएको छ, तर यो वृद्धि मुख्यतया पाम र भटमासको कच्चा तेल आयात गरी पुनः प्रशोधन गरेर गरिने 'पुनः निकासी' मा आधारित छ, जसले दिगो आर्थिक वृद्धिको संकेत गर्दैन । आन्तरिक उत्पादन क्षमताको कमी, उच्च उत्पादन लागत र परम्परागत कृषि क्षेत्रको व्यावसायीकरण हुन नसक्नु व्यापार घाटाका मुख्य कारणहरू हुन् । नेपालको वैदेशिक व्यापारको वर्तमान अवस्था, संरचनागत अवरोधहरू र भविष्यका रणनीतिक सुधारका बाटाहरूको विश्लेषण हुनु आवश्यक छ ।

**प्रमुख आयातित वस्तुहरू**

नेपालको आयात सूचीमा अत्यावश्यक तथा पूँजी निर्माण गर्ने वस्तुहरूको वर्चस्व छ ।

इन्धन (पेट्रोलियम पदार्थ): १ खर्ब ५१ अर्ब रुपैयाँ (कुल निर्यात १ खर्ब ४२ अर्ब भन्दा बढी), वनस्पति तेल र घिउः ७६ अर्ब ३३ करोड रुपैयाँ, फलाम र स्टिलः ६६ अर्ब १३ करोड रुपैयाँ, मेसिनरी र सवारी साधनः क्रमशः ६३ अर्ब ८९ करोड र ५५ अर्ब ३१ करोड रुपैयाँ । निर्यात क्षेत्रका चुनौती र 'पुनः निकासी' को भ्रम, नेपालको निर्यात वृद्धि दर उच्च देखिए तापनि यसको आधार कमजोर छ ।

**पुनः निकासीको जोखिमः** निर्यातमा भएको वृद्धिको ४३ प्रतिशत हिस्सा सोयाबिन र सूर्यमुखी तेलले ओगटेका छन् । यी वस्तुहरू कच्चा पदार्थका रूपमा आयात गरी सामान्य प्रशोधनपछि भारत पठाइन्छ । भारतले आयात शुल्क घटाउँदा यस्ता वस्तुको प्रतिस्पर्धात्मक क्षमता घट्ने र निर्यात तुरुन्तै खस्कने जोखिम रहन्छ ।

**साफ्टा (SAFTA) सुविधाको अनिश्चितताः**

नेपालले दक्षिण एसियाली स्वतन्त्र व्यापार क्षेत्रअन्तर्गत पाउने शून्य भन्सार सुविधा भारतको नीतिगत परिवर्तनसँगै प्रभावित हुने गरेको छ । घरेलु उत्पादनको कमीका कारण गलैंचा, तयारी पोसाक र हस्तकला जस्ता परम्परागत वस्तुहरूको निर्यात स्थिर वा सुस्त छ । तुलनात्मक लाभ भएका वस्तुहरू (चिया, अलैंची, जडीबुटी) को अन्तर्राष्ट्रिय गुणस्तर प्रमाणीकरण र बजारीकरणमा समस्या छ ।

**व्यापार घाटाका संरचनागत र नीतिगत कारणहरू**

विशेषज्ञ र तथ्याङ्कका अनुसार नेपालको व्यापार असन्तुलनका पछाडि गम्भीर संरचनागत समस्याहरू छन् ।

**उत्पादनशील आधारको कमजोरी**

नेपालको औद्योगिक आधार कुल गार्हस्थ्य उत्पादन (GDP) को करिब ५-७ प्रतिशत मात्र छ । कृषि प्रधान देश भए तापनि दाल र चामल जस्ता आधारभूत वस्तुहरूमा समेत अर्बौंको आयात घाटा छ । जमिन उत्पादनको साधन नभई सट्टेबाजीको माध्यम बन्दा कृषि उत्पादनमा गिरावट आएको छ । दुवै उच्च छन् ।

**चीनसँगको असन्तुलनः** चीनबाट १ खर्ब ९६ अर्बको सामान आयात हुँदा निर्यात मात्र ६४ करोड ९ लाख रुपैयाँमा सीमित छ । चिनियाँ बन्दरगाहहरू (शेन्जेन, तियानजिन आदि) र सुक्खा बन्दरगाहहरूको प्रयोग गरी भारतीय निर्भरता कम गर्ने सम्झौता भए पनि कार्यान्वयन फितलो छ ।

**तेस्रो मुलुकः** १५० भन्दा बढी मुलुकसँग व्यापार सम्बन्ध रहे पनि केवल ३३ देशसँग मात्र नेपाल व्यापार नाफामा छ ।

**आगामी बाटो र सिफारिसहरू**

व्यापार घाटा कम गर्न र दिगो आर्थिक विकासका लागि देहायका उपायहरू अवलम्बन गर्नुपर्ने देखिन्छ ।

**आयात व्यवस्थापनः** आयात रोक्नु मात्र समाधान होइनन् उपलब्ध विदेशी मुद्रालाई विकास, इक्विटी र आधारभूत आवश्यकता पूरा गर्ने वस्तुहरूमा अनुकूलतम विनियोजन गर्नुपर्छ ।

**ऊर्जा र सेवा निर्यातमा जोडः** जलविद्युत् र सूचना प्रविधि (IT) क्षेत्रलाई निर्यातको प्रमुख आधार बनाउनु पर्छ । पर्यटनलाई विदेशी मुद्रा आर्जनको भरपर्दो स्रोतका रूपमा विकास गर्नुपर्छ ।

**कृषि व्यावसायीकरणः** कृषि क्षेत्रमा उत्पादनदेखि निर्यात बजारसम्मको 'भ्यालु चेन' निर्माण गर्नुपर्छ ।

**पूर्वाधार लगानीः** निर्यात उद्योगहरूको सघनता भएका क्षेत्रमा पर्याप्त लगानी गर्दै सडक, रेल्वे तथा भण्डारण सुविधाको विस्तार गर्नुपर्छ ।

**नीतिगत स्थिरता र प्रोत्साहनः**

निर्यातकर्ताहरूलाई नगद प्रोत्साहन, शुल्कमा कमी र प्रक्रियागत सरलीकरणमार्फत सहयोग गर्नुपर्छ । "विकासका लागि निकासी" को नारालाई व्यवहारमा उतार्न सार्वजनिक-निजी साझेदारी (PPP) मोडल प्रभावकारी बनाउनु पर्छ।

**सन् २०२६ को संक्रमणः**

नेपाल मध्यम आय भएको विकासोन्मुख देशमा स्तरोन्नति हुँदा गुम्ने व्यापार सुविधाहरूलाई ध्यानमा राखी नयाँ बजार र प्रतिस्पर्धी क्षमताको खोजी अहिल्यै सुरु गर्नुपर्छ ।

नेपालको व्यापार घाटा केवल अङ्कको खेल मात्र नभई देशको कमजोर उत्पादन क्षमताको उपज हो। पेट्रोलियम पदार्थको बढ्दो आयात र कमजोर निर्यात आधारले अर्थतन्त्रलाई परनिर्भर बनाएको छ । रेमिट्यान्सको प्रवाहले तत्काल भुक्तानी सन्तुलन देखिए पनि दीर्घकालीन रूपमा आन्तरिक उत्पादन र रणनीतिक निर्यात सुधार बिना अर्थतन्त्रको जग बलियो हुन सक्दैन ।

व्यापार नीति २०७२ ले पनि आयात व्यवस्थापनबारे खासै बोलेको छैन । आयात रणनीतिको उद्देश्य यस्तो तरिकाले आयातको योजना, व्यवस्थापन र सिंहावलोकनमा केन्द्रित हुनुपर्छ, जसले आन्तरिक उत्पादनमा वृद्धि गरी भविष्यमा उच्च आयातलाई समर्थन गर्न अर्थतन्त्रको क्षमता अभिवृद्धि गर्दछ । उत्पादन बढाउने र बहुसंख्यक जनताका आधारभूत आवश्यकताहरू पूरा गर्ने वस्तुहरूको आयातमा उपलब्ध विदेशी मुद्राको विनियोजनलाई अनुकूलन गर्नुपर्छ ।

स्वदेशी उत्पादनमा वृद्धि गर्ने रणनीतिको पहिलो अङ्ग भनेको आन्तरिक उत्पादन बढ्ने गरी आयातको योजना बनाउनु हो । कच्चा पदार्थ उपलब्ध भएका क्षेत्रमा आयात प्रतिस्थापन गर्ने उद्योगहरूलाई प्रोत्साहन गर्नुपर्छ । सिमेन्ट जस्ता कम मूल्य तर तौल बढी हुने उत्पादन गर्ने उद्योगहरूलाई स्वदेशमै प्रवर्द्धन गर्नुपर्छ भने बाह्य बजारमा प्रतिस्पर्धात्मकताका आधारमा निर्यातमुखी उद्योगहरूलाई प्रवर्द्धनतर्फ बढी प्रयास गर्नुपर्छ ।

यस्ता उद्योगहरूको विकासका लागि उपयुक्त बृहत् आर्थिक नीतिहरू आवश्यक हुन्छन् । त्यस्ता नीतिहरूमा यथार्थपरक विनिमय दर, वित्तीय नीति, निर्यातलाई मद्दत गर्ने गरी डिजाइन गरिएका मौद्रिक नीति, मूल्य स्थिरता कायम गर्ने उद्देश्य तथा थप यथार्थपरक र सरलीकृत ऋण नीति समावेश हुनुपर्छ ।

उदारीकरणको जोड मध्यवर्ती र पूँजीगत वस्तु उद्योगहरूको प्रविधि र दक्षता सुधारतर्फ पनि सर्नुपर्छ, जसले स्वदेशी उत्पादनको लागत घटाउने, उद्योगहरूको प्रतिस्पर्धात्मकता व्यापक रूपमा बढाउने र दीर्घकालीन आत्मनिर्भरताको आधार निर्माण गर्न मद्दत गर्छ । नेपालले उच्च पारवहन लागत हुने यातायात मोडालिटीलाई सरल बनाउँदै सीमा पार गर्ने समय सुधार गर्न, अस्थायी भण्डारण सुविधा विस्तार गर्न र प्रशासनिक झन्झट हटाउन आवश्यक छ ।

### व्यापारको वर्तमान अवस्था र तथ्यांकीय विश्लेषण

नेपालको वैदेशिक व्यापारको खाडल वार्षिक रूपमा फराकिलो बन्दै गएको छ । भन्सार विभागको तथ्याङ्कले आयातको तुलनामा निर्यातको आकार निकै सानो देखाउँछ ।

**मुख्य व्यापारिक सूचकहरू (चालु आ.व.को ६ महिना)**

| सूचक | विवरण | परिवर्तन दर |
|---|---|---|
| कुल वैदेशिक व्यापार | १० खर्ब ८१ अर्ब रुपैयाँ | १७.३६ प्रतिशत वृद्धि |
| कुल आयात | ९ खर्ब ३९ अर्ब २ करोड रुपैयाँ | १४.१८ प्रतिशत वृद्धि |
| कुल निर्यात | १ खर्ब ४२ अर्ब २ करोड रुपैयाँ | ४३.७६ प्रतिशत वृद्धि |
| व्यापार घाटा | ७ खर्ब ९७ अर्ब रुपैयाँ | १०.१५ प्रतिशत वृद्धि |
| आयात-निर्यात अनुपात | ६.६१ : १ सुधार | (गत वर्ष ८.३२ : १ बाट) |

**नीतिगत र प्रशासनिक अवरोध**

**फ्लिप-फ्लप नीतिः**

सरकारका नीतिहरू स्थिर नहुनु र कार्यान्वयनमा नोकरशाही झन्झट कायम रहनुले उद्योगीहरू हतोत्साहित छन् । नेपाल व्यापार एकीकृत रणनीति (NTIS) ले पहिचान गरेका वस्तुहरूले अपेक्षित प्रदर्शन गर्न सकेका छैनन् । कूटनीतिक निष्क्रियताका कारण विदेशस्थित नेपाली नियोगहरूले नेपाली उत्पादनको प्रवर्द्धनमा सक्रिय भूमिका खेल्न नसकेको गुनासो छ ।

**भौगोलिक र पूर्वाधारजन्य समस्या**

भूपरिवेष्ठित अवस्थाका कारण उच्च ढुवानी लागत र लामो ट्रान्जिट समय । भारतमाथिको एकल निर्भरता (नेपालको कुल वैदेशिक व्यापारको ठूलो हिस्सा भारतसँग मात्र सीमित) । चीनसँगका व्यापारिक नाकाहरूमा हुने अवरोधले आयात-निर्यात थप जटिल बनेको छ ।

**रणनीतिक साझेदार र बजार विविधीकरण**

नेपालले आफ्नो व्यापार सन्तुलन मिलाउन साझेदार मुलुकहरूसँगको सम्बन्ध पुनर्परिभाषित गर्न आवश्यक छ ।

**भारतसँगको व्यापारः** भारत नेपालको सबैभन्दा ठूलो साझेदार हो, जहाँ निर्यात (रु. १ खर्ब १५ अर्ब) र आयात (५ खर्ब ३२ अर्ब)

## फेसबुक सामाजिक सञ्जाल

फेसबुक सामाजिक सञ्जाल

### आन्दोलनपछि पनि चेत नआएको राज्य



केही दिनदेखि समाचारहरूमा निरन्तर पढिरहेछु-सुर्खेतमा रु. १४ अर्बको सिमेन्ट कारखाना, चितवनमा रु. ५ अर्बको औषधि उद्योग, काठमाडौं बाहिरका तारे होटल र रिसोर्टहरू, नयाँ हवाई कम्पनीहरू, नयाँ राइड-सेयरिङ कम्पनीहरू, सौर्य ऊर्जा परियोजनाहरू, नयाँ जलविद्युत् आयोजना, चितवन, विराटनगर र काठमाडौंमा नयाँ सुपर-स्पेसलिस्ट अस्पतालहरू, साथै नयाँ केवलकार परियोजनाहरू ।

यी सबै परियोजनाहरू स्वास्थ्य, ऊर्जा, पर्यटन र उद्योगसँग सम्बन्धित छन् । निजी क्षेत्र जेन्जी आन्दोलनमा तहसनहस हुँदाहुँदै पनि लगानीका लागि अझै तत्पर देखिन्छ, आत्मविश्वासका साथ अघि बढिरहेको छ ।

**तर, प्रश्न उठ्छ-के सरकार तयार छ त ?**

के सरकारले-पर्यटक वृद्धि गर्न हवाई टिकटमा लाग्दै आएको भ्याट हटाउन तयार छ ?

-सिमेन्टको खपत बढाउन बिटुमिनको सट्टा कंक्रिट सडक निर्माण गर्न तयार छ ?

-हाल नेपालमा करिब ४५ प्रतिशत मात्र नेपाली औषधिले बजार ओगटेको अवस्थामा, नीतिगत परिवर्तन गरी नेपाली औषधिको हिस्सा ७५-८० प्रतिशत पुऱ्याउन सरकार तयार छ ?


-वन र जग्गासम्बन्धी समस्या सहज रूपमा समाधान गरेर परियोजनाहरू समयमै सम्पन्न गराउन र लागत घटाउन सरकार इच्छुक छ ?

दुर्भाग्यवश, आन्दोलनपछिसमेत सरकारमा बसेकाहरूमा कुनै गम्भीर चेत आएको देखिँदैन । सरकारकै मन्त्रीहरू प्रशासनिक अवरोधका कारण काम गर्न नसकेको भनेर खुलेआम स्वीकार गरिरहेका छन् ।

अब बन्ने नयाँ सरकारले यदि प्रशासनिक संरचनामा व्यापक फेरबदल गर्न सकेन भने, नयाँ सरकार र नयाँ पार्टी पनि केही वर्षमै पुराना सरकार र पुराना पार्टीझैँ असफल हुनेछन् । यसर्थ, ब्युरोक्रेसीमा 'Major Surgery' नगरी देश अघि बढ्न सक्दैन ।

*-प्रवल जंग पाण्डे*

### श्री ३, सेना र सत्ता : इतिहास लेखनका केही भ्रम लेखकहरूले अब सुधार गर्नुपर्ने केही महत्वपूर्ण विषय



१) मुख्तियार भीमसेन थापाको पालादेखि जंगबहादुर कुँवर राणाको उदयपछि करिब १०४ वर्षसम्म कायम रहेको व्यवस्था मूलतः राजतन्त्रात्मक नै थियो । नेपालको इतिहासमा यस अवधिलाई प्रायः "राणा शासन" वा "राणा पिरियड" भनेर लेखिएको र बोलिएको पाइन्छ, जसले राणाहरूको राज भएको अर्थ दिन्छ । तर, वस्तुगत रूपमा हेर्दा त्यो राणाहरूको शासन होइन, राणा प्रशासन काल थियो ।

राजतन्त्रात्मक राज्यमा अन्तिम निर्णय राजाको लालमोहर (आदेश) बाट हुने व्यवस्था नै राजतन्त्रको मूल विशेषता हो । त्यो विशेषता भीमसेन थापाको पालामा पनि थियो र राणा प्रशासनकालमा पनि यथावत् थियो । यद्यपि प्रधानमन्त्री अत्यन्त शक्तिशाली थिए, तर राजा अस्तित्वमा थिए र राजकीय वैधानिकता उनैबाट आउँथ्यो। संविधान नभए पनि व्यवहारमा त्यो व्यवस्था संवैधानिक राजतन्त्रकै रूप थियो । त्यसैले उक्त काललाई "राणा शासन काल" होइन, "राणा प्रशासन काल" भन्नु ऐतिहासिक रूपमा उपयुक्त हुन्छ ।

२) जर्मनीबाट एजम को थेसिस लेख्न नेपाल आएका एक जर्मन विद्यार्थीलाई नाम चलेका एक नेपाली इतिहासकारले श्री ३ जंगबहादुरदेखि मोहनशमशेरसम्म नेपाली सेनाका मार्शल (Supreme Commander-in-Chief) श्री ३ हरू नै थिए भन्ने जानकारी दिएको कुरा सुनियो । आज दिउँसो मसँगको अन्तर्वार्तामा सोही प्रश्न गर्दा मैले त्यसलाई गलत भन्दै स्पष्ट पारेँ र उनको जिज्ञासा समाधान गरें ।

यसका कारणहरू यस्ता छन् : क) श्री ३ महाराज को पद कास्की र लम्जुङ दुई जिल्लासम्म सीमित थियो । ख) त्यसै कारण श्री ३ महाराज कास्की र लम्जुङका मात्र सुप्रिम कमाण्डर-इन-चिफ थिए, सम्पूर्ण नेपाल अधिराज्यका होइनन् ।

३) राणा श्री ३ हरू अत्यन्त शक्तिशाली थिए भन्ने तथ्य अस्वीकार गर्न सकिँदैन । व्यवहारमा उनीहरूले नेपाल अधिराज्यकै श्री ३ र सुप्रिम कमाण्डर-इन-चिफ जस्तो शक्ति प्रयोग गरेको पनि सत्य हो। तर व्यवहार र वैधानिक हैसियतलाई एकै मान्नु इतिहास लेखनको कमजोरी हो ।

४) अन्त्यमा भन्नुपर्दा, यो कमजोरी न राणाहरूको हो, न शाह राजाहरूको । यो कमजोरी हामी कलमजीवी, इतिहास लेखक र विश्लेषकहरूको हो । इतिहास लेख्दा शब्द, पद, अधिकार र वैधानिक संरचनामा अझ बढी सचेत हुन आवश्यक छ । सुझाव दिनुहोला ।

*-प्रेम सिंह बस्न्यात*

### शहीदलाई फाँसी, बाहुनलाई जातच्युत : विक्रम सम्वत १९९७ सालको कठोर यथार्थ



संवत् १९९७ मा चार जना शहीदहरूलाई मृत्युदण्ड दिइयो । तर बाहुन भएकै कारण चार जना क्रान्तिकारीहरू-टंकप्रसाद आचार्य, रामहरि शर्मा, गोविन्दप्रसाद उपाध्याय र चूडाप्रसाद शर्मा–लाई मृत्युदण्ड नदिई चारपाटा मुडेर जातच्युत गराई आजीवन कारावासको सजाय दिइयो । त्यतिबेला जातच्युत गरिएकाहरूलाई समाजमा सबैभन्दा तल्लो जात, अर्थात् 'पोडे' सरह मानिन्थ्यो ।



यसै क्रममा भद्रगोल जेलमा टंकप्रसाद आचार्यको भान्सामा खाना बहिष्कार गर्ने 'क्रान्तिकारी' बन्दीहरूको संख्या बढ्दै गयो। अन्ततः आचार्यको भान्सामा खाना खानेहरू गणेशमान सिंह, रामहरि शर्मा, गोविन्दप्रसाद उपाध्याय र चूडामणि शर्मा मात्र रहे ।

यस अवस्थाले टंकप्रसाद आचार्यलाई गहिरो चिन्तामा पाऱ्यो । साथीभाइहरूले पनि उनलाई जनै फिर्ता माग्नुपर्ने सल्लाह दिन थाले । अन्ततः उनले राणा शासकहरूलाई एउटा बिन्तीपत्र लेखे । के मन बद्लियो कुन्नी, जुद्ध शमशेर राणाले उनीहरू सबैको जनै फिर्ता गरिदिए । यस घटनाले त्यसबेलाका क्रान्तिकारीहरूको जातीय चेतना र सामाजिक सोचलाई स्पष्ट रूपमा देखाउँछ ।

*स्रोतः मेरा कथाका पानाहरू- गणेशमान सिंह*

*-खिलध्वज थापा*

### मौसमी मल्ल : बालकलाकारदेखि सफल अभिनेत्रीसम्म



अभिनेत्री मौसमी मल्लको वास्तविक नाम विष्णु ठकुरी हो । ८० को दशकको अन्त्यतिर र ९० को दशकको सुरुवातमा निर्माण भएका धेरै नेपाली चलचित्रहरूमा अभिनय गर्नुभएको मौसमी मल्ल त्यतिबेला निकै चर्चित अभिनेत्री हुनुहुन्थ्यो । उहाँले अभिनय गरेका धेरै चलचित्रहरू व्यावसायिक रूपमा पनि सफल भएका थिए ।

मौसमी मल्लको जन्म सैनिक परिवारमा भएको हो। उहाँलाई सानैदेखि खेलकुदमा निकै रुचि थियो । खेलाडी बन्ने चाहनाअनुसार हाईस्कूलमै पढ्दाखेरि एथलेटिक्सतर्फ लाग्नुभयो र राष्ट्रिय खेलाडीसमेत बन्न सफल हुनुभयो ।



नृत्य गर्न मन लागे पनि स्कुल जीवनमा अभिनय गर्ने सोच भने थिएन । मौसमी मल्लले कक्षा १० मा पढ्दाखेरि १५ वर्षको उमेरमै डी.बी. मल्लसँग विवाह गर्नुभयो । विवाहपछि पहिलो छोरालाई जन्म दिएपछि मात्र उहाँले चलचित्र 'कान्छी' बाट अभिनय यात्रा सुरु गर्नुभयो । उक्त चलचित्रमा बालकको भूमिकामा देखिए पनि वास्तविक जीवनमा उहाँ ४ महिनाको छोराकी आमा भइसकेकी हुनुहुन्थ्यो । त्यतिबेला उहाँको उमेर मात्र १६ वर्ष थियो ।

काठमाडौं आएको चार वर्षपछि नीर शाहको निर्देशनमा बनेको चलचित्र 'पच्चीस वसन्त' मा सह-नायिकाको भूमिकामा अभिनय गर्ने अवसर पाउनुभयो । यस चलचित्रपछि उहाँको माग एकाएक बढ्यो । त्यसपछि 'भाग्यरेखा', 'तिलहरी', 'भुमरी' लगायत आधा दर्जनभन्दा बढी चलचित्रमा मुख्य भूमिकामा देखिनुभयो । तीमध्ये प्रायः चलचित्रहरू सफल भए ।


विभिन्न कारणले गर्दा उहाँ केही समय विदेश जानुभयो । विदेशबाट फर्किएपछि करिब १३ वर्षपछि आफ्नै लगानीमा 'गिरफ्तार' र 'समय' चलचित्र निर्माण गर्नुभयो । पहिलो चलचित्रले लगानी उठाए पनि दोस्रो चलचित्रले भने आधाभन्दा बढी व्यापार घाटा व्यहोर्नुपऱ्यो ।

त्यसपछि साथी सन्देशमान श्रेष्ठसँग मिलेर उहाँले होटल व्यवसाय सुरु गर्नुभयो । मौसमी मल्ल नेपाली चलचित्र क्षेत्रकी एक कुशल तथा सफल अभिनेत्री हुनुहुन्छ । 'कान्छी', 'पच्चीस वसन्त', 'सपना', 'जन्मभूमि', 'सौभाग्य', 'पृथ्वी', 'टुहुरो', 'पुकार', 'रक्षा', 'अरुणिमा', 'झुमा', 'परिवार', 'तिलहरी', 'भाग्यरेखा', 'भुमरी' लगायत धेरै चलचित्रहरूमा उहाँले आफ्नो उत्कृष्ट अभिनय प्रस्तुत गरिसक्नुभएको छ । नेपाली चलचित्र क्षेत्र(कलिउड)मा सफल अभिनेत्रीका रूपमा आफ्नो नाम स्थापित गर्न मौसमी मल्ल पूर्ण रूपमा सफल हुनुभएको छ ।

*-चक्रवहादुर चन्द*

## रंग विरंग

### पूर्णचन्द्रले बदलियो मानिसको व्यवहार



*सन् २०२६ फेब्रुअरी १ को रात विश्वभर पूर्ण चन्द्रमा देखियो । 'स्नो मून' भनिने यो पूर्णचन्द्र केवल खगोलीय घटना मात्र बनेन, मानिसको सामाजिक र भावनात्मक व्यवहारमा समेत अनौठो तरंग ल्याएको देखियो ।*


*यस रात र त्यसपछिका केही दिनमा सामाजिक सञ्जाल र डिजिटल प्लेटफर्ममा असामान्य गतिविधि बढेको देखिएको समाचारहरु अन्तर्राष्ट्रिय सञ्चार माध्यमहरुले दिएका छन् । ती समाचारहरु अनुसार, सम्बन्ध टुट्ने घोषणा, पुराना सम्बन्धमा माफी माग्ने सन्देश, मध्यरातमा गरिएका भावुक संवादहरू र अचानक जीवनबारे निर्णय लिने पोस्टहरू उल्लेख्य रूपमा बढे । विभिन्न देशका मनोवैज्ञानिकहरूले यसलाई "पूर्णचन्द्रसँग जोडिएको सांस्कृतिक विश्वास र मानवीय अवचेतन" को परिणामका रूपमा व्याख्या गरेका छन् ।*

*वैज्ञानिक रूपमा पूर्णचन्द्रले प्रत्यक्ष रूपमा मानिसको व्यवहार बदल्छ भन्ने प्रमाण नभए पनि, पूर्णचन्द्रलाई लिएर समाजमा रहेको धारणा बलियो रहेको देखिन्छ । धेरै संस्कृतिमा पूर्णचन्द्रलाई भावनात्मक उत्कर्ष, निर्णयको घडी र आत्मपरीक्षणको समय मानिन्छ । यही विश्वासका कारण मानिसहरू दबिएका भावना बाहिर ल्याउन प्रेरित भएको देखिन्छ ।*

*यस अवधिमा मानसिक स्वास्थ्य परामर्श सेवामा पनि सम्पर्क बढेको रिपोर्ट गरिएको छ । विशेषगरी सम्बन्ध, तनाव र भविष्यसम्बन्धी चिन्तालाई लिएर मानिसहरूले सहयोग खोजेका छन् । यो अवस्थाले खगोल, संस्कृति र मनोविज्ञानबीचको सम्बन्धलाई फेरि एकपटक चर्चामा ल्याएको छ ।*

*फेब्रुअरीको पहिलो हप्ताको यो पूर्णचन्द्र एउटा स्मरण बन्यो-आकाशमा देखिने एउटा गोलो चन्द्रले पृथ्वीमा बस्ने मानिसका भावनामा कति ठूलो छायाँ पार्न सक्छ ।*

### आकाशमा एकैचोटी देखिए ६ ग्रह



*फेब्रुअरी २०२६ को पहिलो हप्ता आकाशप्रेमीहरूका लागि विशेष बन्यो । सूर्यास्तपछि पश्चिमी आकाशमा एकपछि अर्को गर्दै छ वटा ग्रह देखिन थाले । यसलाई 'ग्रहहरूको परेड' भनेर चिनियो ।*

*शुक्र, बुध, मंगल, बृहस्पति, शनि र नेप्चुन एउटै दिशामा देखिनु दुर्लभ खगोलीय संयोग हो । सबै ग्रह पूर्ण रूपमा एकैचोटी चम्किएर नदेखिए पनि, स्पष्ट मौसम भएका स्थानहरूमा मानिसहरूले नाङ्गो आँखाले नै धेरै ग्रह अवलोकन गर्न सके ।*

*यस घटनाले विश्वभर खगोल अवलोकन केन्द्र, विद्यालय र सर्वसाधारणमा उत्साह बढायो । धेरै ठाउँमा राति आकस्मिक आकाश अवलोकन कार्यक्रम आयोजना भए । मानिसहरू मोबाइल एप र दूरबिनको सहायताले ग्रह चिन्ने प्रयासमा लागे ।*

*खगोलविद्हरूका अनुसार यस्तो परेड ग्रहहरूको कक्षीय गति मिल्दा देखिन्छ । यसले कुनै विनाश वा अलौकिक संकेत जनाउँदैन, तर ग्रहहरूको दूरी, प्रकाश र गति बुझ्न महत्वपूर्ण अवसर दिन्छ ।*

*यो दृश्यले वैज्ञानिकभन्दा बढी आममानिसलाई आकाशतर्फ फर्कायो । शहरको प्रदूषित आकाशमा पनि मानिसहरू केही क्षण तारा र ग्रह खोज्दै उभिएका देखिए । व्यस्त जीवनमा ब्रम्हाण्डतर्फ फर्किने यो उत्सुकता आफैंमा अनौठो सामाजिक दृश्य बन्यो । फेब्रुअरीको पहिलो हप्ता आकाशले मानिसलाई सम्झायो-हामी एक्लै होइनौं, विशाल ब्रम्हाण्डको सानो हिस्सा हौं ।*

### भाइरल मिथक र विचित्र विश्वास



*फेब्रुअरी २०२६ को पहिलो हप्तामा सामाजिक सञ्जालमा एउटा अनौठो दाबी तीव्र रूपमा फैलियो-"फेब्रुअरी २०२६ आठ सय वर्षमा एकपटक आउने दुर्लभ महिना हो ।"*

*समाचार एजेन्सीहरुको दाबीअनुसार, यो महिनामा हरेक हप्ता र हरेक दिन चार-चार पटक दोहोरिन्छ भन्ने भनाइ फैलाइयो । धेरै मानिसले यसलाई चमत्कार, सौभाग्य र विशेष ऊर्जा भएको समय भन्दै सेयर गरे । केहीले त विवाह, व्यापार र धार्मिक कर्मका लागि यही महिना शुभ भएको दाबीसमेत गरे ।*

*तर, केही दिनमै यो दाबी गलत भएको पुष्टि भयो । विशेषज्ञहरूले स्पष्ट पारे-फेब्रुअरी २०२६ साधारण गैर-लीप वर्षको महिना हो, जसमा २८ दिन र चार हप्ता मात्र हुन्छ । यसमा गणितीय वा खगोलीय रूपमा कुनै अनौठो संयोग छैन ।*

*यस घटनाले सामाजिक सञ्जालमा सूचना कसरी फैलिन्छ भन्ने पुरानै प्रश्नलाई फेरि उजागर गऱ्यो । भावनात्मक भाषा, आकर्षक दाबी र 'दुर्लभ' शब्दले तथ्यभन्दा अघि स्थान पाएको देखियो । फेब्रुअरीको पहिलो हप्ताको यो भ्रम एउटा चेतावनी पनि बन्यो-डिजिटल युगमा विचित्र समाचार केवल घटनाबाट होइन, गलत सूचनाबाट पनि जन्मिन्छ ।*

# सुन-चाँदीको सुनामी : विश्व अस्थिर, बजार डगमग

● सुशील बुढाथोकी

**काठमाडौं। पछिल्ला दिनहरूमा नेपाली बजारमा सुन र चाँदीको मूल्यले तीव्र उतार-चढाव देखाएको छ। केही दिनअघि ऐतिहासिक उचाइ नजिक पुगेको सुन-चाँदीको मूल्य पछिल्लो कारोबारमा उल्लेख्य रूपमा घटेको नेपाल सुनचाँदी व्यवसायी महासङ्घले जनाएको छ।**



महासङ्घका अनुसार २०८२ माघ १६ गते स्थानीय बजारमा एक तोला छापावाल सुनको मूल्य ३ लाख १८ हजार ८०० रुपैयाँ र चाँदीको मूल्य ७ हजार ६५ रुपैयाँ कायम भएको थियो । यसअघि २०८२ माघ १५ गते छापावाल सुन प्रतितोला ३ लाख ३९ हजार ३०० रुपैयाँ र चाँदी ७ हजार ५०५ रुपैयाँमा कारोबार भएको थियो । केही दिनको अन्तरालमै सुन-चाँदीको मूल्यमा आएको यो ठूलो घटबढले बजारमा अन्योल सिर्जना गरेको छ ।

सोही अवधिमा अन्तर्राष्ट्रिय बजारमा एक औंस सुन करिब ५ हजार ५३७ अमेरिकी डलर र चाँदी ११७ डलर आसपास कारोबार भइरहेको देखिएको थियो ।

**एक वर्षमै ७५ हजारले बढेको सुन**

नेपाली बजारमा पछिल्लो एक वर्षको अवधिमा सुनको मूल्य प्रतितोला झण्डै ७५ हजार रुपैयाँले वृद्धि भएको छ । केही साताअघि मात्र सुनको मूल्य प्रतितोला ३ लाख १८ हजार रुपैयाँ नाघ्दै इतिहासकै उच्च विन्दु नजिक पुगेको थियो। चाँदीको मूल्य पनि सोही अवधिमा अस्वाभाविक रूपमा उकालो लागेको थियो ।

सन् २०२६ को सुरुवातसँगै अन्तर्राष्ट्रिय बजारमा सुनले ऐतिहासिक उचाइ छोयो । जनवरी महिनामा एक औँस सुन पहिलो पटक ५ हजार अमेरिकी डलर पार गर्दै नयाँ कीर्तिमान कायम भयो। तर अत्यधिक उचाइपछि बजार लामो समय स्थिर रहन सकेन । लगानीकर्ताहरूले नाफा सुरक्षित गर्न थालेपछि सुन र चाँदी दुवैको मूल्यमा तीव्र गिरावट देखियो ।

**सुन किन यति तीव्र गतिमा महँगियो ?**

विश्लेषकहरूका अनुसार सुनको मूल्य आकासिनुका पछाडि मुख्य कारण विश्वव्यापी आर्थिक र राजनीतिक अनिश्चितता हो । पछिल्ला तीन वर्षयता विश्वका केन्द्रीय बैंकहरूले सुन खरिद गर्ने प्रवृत्ति अभूतपूर्व रूपमा बढाएका छन् । वर्ल्ड गोल्ड काउन्सिलका अनुसार लगातार तीन वर्षसम्म विश्वका केन्द्रीय बैंकहरूले हरेक वर्ष १,००० टनभन्दा बढी सुन भण्डारमा थपेका छन् । सन् २०२५ मा पहिलो पटक केन्द्रीय बैंकहरूसँग रहेको सुनको कुल मूल्य करिब ४ ट्रिलियन अमेरिकी डलर पुगेको छ, जुन अमेरिकी ट्रेजरी बन्डमा गरिएको लगानीभन्दा बढी हो ।

यससँगै सुन अमेरिकी डलरपछि विश्वको दोस्रो ठूलो अन्तर्राष्ट्रिय रिजर्भ सम्पत्ति बनेको छ । चीन, रुस, भारत तथा ब्रिक्स राष्ट्रहरू डलरमा आधारित वित्तीय प्रणालीसँग जोडिएका जोखिमबाट जोगिन सुनमा निर्भरता बढाउँदै गएका छन् ।

**डलरमाथिको घट्दो भरोसा**

सन् २०२२ मा अमेरिकाले रुसको अन्तर्राष्ट्रिय सम्पत्ति 'फ्रिज' गरेपछि धेरै देशहरू डलरमा आधारित सम्पत्तिप्रति सतर्क बने । अन्तर्राष्ट्रिय वित्तीय प्रणाली राजनीतिक निर्णयबाट प्रभावित हुन सक्ने देखिएपछि सुनलाई 'राजनीतिमुक्त' र सुरक्षित सम्पत्तिका रूपमा हेरिन थालियो ।

**युद्ध र भूराजनीतिक तनावको प्रभाव**

युक्रेन-रुस युद्ध, गाजा संकट, इरान र भेनेजुएलासम्बन्धी तनाव, ग्रीनल्याण्डको विषयलाई लिएर अमेरिका र नेटोबीच बढ्दो चिसोपन-यी सबै घटनाले विश्व बजारमा अन्योल सिर्जना गरेका छन् । यस्तो अवस्थामा लगानीकर्ताहरू जोखिमयुक्त बजारबाट बाहिरिँदै सुन र चाँदीतर्फ आकर्षित हुन्छन् ।यसैबीच अमेरिकी केन्द्रीय बैंकले ब्याजदर घटाउन सक्ने संकेत गरेपछि बन्डजस्ता साधनबाट प्राप्त हुने प्रतिफल घट्ने अपेक्षा बढेको छ । ब्याजदर घट्ने वातावरणमा सुन झन् आकर्षक बन्ने पुरानो बजार सिद्धान्त पुनः सक्रिय भएको देखिन्छ ।

**इतिहासकै उचाइपछि किन आयो गिरावट ?**

लगातार उचाइमा पुगेपछि बजारमा नाफा सुरक्षित गर्ने प्रवृत्ति तीव्र भयो । ठूलो परिमाणमा बिक्री हुँदा बजारमा एकैचोटि दबाब सिर्जना भयो । अमेरिकी डलर बलियो बन्दै जाँदा सुन र चाँदीबाट लगानीकर्ता बाहिरिन थाले ।

फ्युचर्स बजारमा मार्जिन आवश्यकतामा वृद्धि हुँदा ऋण लिएर लगानी गरेका व्यापारी 'मार्जिन कल' को चपेटामा परे। परिणामस्वरूप जबरजस्ती बिक्री बढ्यो । जनवरीको अन्त्यतिर सुनको फ्युचर्स मूल्य एकै दिन ११.४ प्रतिशत घट्दै प्रति औँस ४,७४५ डलरमा झर्‍यो भने चाँदी ३१.४ प्रतिशत घट्दै ७८ डलर आसपास पुगेको थियो । यो गिरावट दशकौँयताकै ठूलो मानिन्छ ।

**नेपाली बजारमा प्रत्यक्ष असर**

अन्तर्राष्ट्रिय बजारको उतार-चढाव नेपाली बजारमा तुरुन्त देखिन्छ। नेपालमा सुनको मूल्य अन्तर्राष्ट्रिय बजार, डलरको विनिमय दर र भन्सार नीतिसँग प्रत्यक्ष जोडिएको हुन्छ । उच्च मूल्यका कारण सामान्य उपभोक्ताको माग घटेको व्यवसायीहरू बताउँछन् । विवाह, चाडपर्व र सामाजिक कार्यक्रममा सुनको खरिद सीमित देखिएको छ । तर लगानी प्रयोजनका लागि सुन किन्ने प्रवृत्ति भने अझै कायम छ ।

**सुन र चाँदी किन सधैं मूल्यवान् ?**

अहिलेसम्म पृथ्वीबाट करिब २ लाख १६ हजार टन सुन मात्र निकालिएको छ । अझै करिब ६४ हजार टन सुन भूमिगत खानीमा बाँकी रहेको अनुमान छ । आपूर्ति सीमित र माग निरन्तर बढ्दो भएकाले सुन दीर्घकालीन रूपमा सुरक्षित सम्पत्ति मानिन्छ ।

**निष्कर्ष**

समग्रमा, सुन र चाँदीको मूल्यमा देखिएको यो उथलपुथल केवल बहुमूल्य धातुको व्यापारको कथा होइन। यो डलरमाथिको विश्वास, विश्व शक्ति सन्तुलन, युद्ध र आर्थिक सुरक्षाको खोजीसँग गहिरो रूपमा जोडिएको विषय हो। अन्तर्राष्ट्रिय बजारको सानो परिवर्तनले पनि नेपाली बजारमा ठूलो प्रभाव पार्ने भएकाले आगामी दिनमा सुन-चाँदीको कारोबार अझ संवेदनशील रहने देखिन्छ । विश्व अस्थिर हुँदा सुन सुरक्षित आश्रय बन्छ। तर जब सुन आफैं डगमगाउँछ, विश्व अर्थतन्त्र अझै अनिश्चित दिशातर्फ अघि बढिरहेको संकेत दिन्छ ।

# भुजहवा नाकामा कुखुरा-बाख्रा तस्करी मौलाउँदै

## स्थानीय व्यवसाय संकटमा, सशस्त्रको भूमिकामाथि प्रश्न

साँघु संवाददाता



नवलपरासी (पश्चिम)। नेपाल-भारत खुला सीमाअन्तर्गत पर्ने नवलपरासी पश्चिमको भुजहवा नाका पछिल्लो समय अवैध कुखुरा तथा बाख्रा तस्करीको केन्द्र बन्दै गएको छ । स्थानीय बासिन्दा र व्यवसायीहरूका अनुसार भारतबाट ठूलो परिमाणमा कुखुरा अवैध रूपमा नेपाल भित्र्याइँदै आएको छ भने नेपालबाट भारतीय बजारतर्फ नेपाली बाख्रा तस्करी भइरहेको छ । तर सीमा सुरक्षा र तस्करी नियन्त्रणको जिम्मेवारी पाएको सशस्त्र प्रहरी बल यस विषयमा मौन बसेको आरोप लागेको छ ।

स्थानीय पोल्ट्री व्यवसायीहरू भन्छन्, भारतमा कुखुराको मूल्य नेपालभन्दा प्रतिकिलो करिब २० रुपैयाँ सस्तो भएकै कारण तस्करहरू सक्रिय भएका हुन् । यही मूल्य अन्तरको फाइदा उठाउँदै भारतबाट दैनिक सयौँदेखि हजारौँ कुखुरा गैरकानूनी रूपमा नेपाल ल्याइने गरेको उनीहरूको दाबी छ । खुला सीमा भएकाले तस्करहरूले पैदल, साइकल, मोटरसाइकल तथा साना सवारी साधन प्रयोग गरी सजिलै कुखुरा नेपाल भित्रचाउने गरेका छन् । एक स्थानीय पोल्ट्री व्यवसायीले भने, "हामीले कर तिरेर, बैंक ऋण लिएर, नियम पालना गरेर उत्पादन गरेको कुखुरा बजारमा टिक्नै नसक्ने अवस्थामा पुगेको छ । तस्करीले मूल्य यति खसालिदिएको छ कि लागतसमेत उठ्दैन ।"

**करोडौँ लगानी जोखिममा**

देशभर पोल्ट्री व्यवसायमा करोडौँ रुपैयाँ लगानी भएको छ । तर, भुजहवा नाकाबाट भइरहेको तस्करीले वैध व्यवसाय गम्भीर संकटमा परेको व्यवसायीहरूको भनाइ छ । दाना, औषधि, मजदुरी, ढुवानी खर्च बढ्दै जाँदा बजार मूल्य भने निरन्तर घटिरहेको उनीहरू बताउँछन् । यही अवस्था लामो समय कायम रहे सयौँ पोल्ट्री फार्म बन्द हुने र हजारौँ श्रमिक बेरोजगार बन्ने खतरा रहेको उनीहरूको चेतावनी छ ।

**बाख्रा तस्करी पनि उस्तै**

कुखुरामात्र होइन, यही नाकाबाट नेपाली बाख्रा भारततर्फ तस्करी भइरहेको स्थानीयको भनाइ छ । दिउँसै टेम्पो तथा साना सवारी साधनमा बाख्रा लोड गरी भारत लैजाने गरिएको आरोप छ । स्थानीयहरू भन्छन्, सबैले देख्ने गरी हुने यो तस्करीमाथि समेत सशस्त्र प्रहरी बल, नेपाल प्रहरीबाट नियन्त्रणका लागि कुनै कारबाही नहुनु गम्भीर विषय हो । निर्वाचनको मौका छोपेर "दिउँसोको उज्यालोमै बाख्रा बोकेर जान्छन्, प्रहरी, प्रशासन सबैलाई थाहा छ, तर कसैले रोक्दैन," एक स्थानीयले गुनासो गरे ।

**सशस्त्र प्रहरीको भूमिकामाथि प्रश्न**

भुजहवा क्षेत्रमा तैनाथ सशस्त्र प्रहरी बलको भूमिकामाथि स्थानीयहरूले गम्भीर प्रश्न उठाएका छन् । उनीहरूका अनुसार यदि नेपाल प्रहरी र सशस्त्र प्रहरी इमान्दार र सक्रिय रूपमा खटिएको भए तस्करी नियन्त्रण असम्भव हुने थिएन । उल्टै, सुरक्षाकर्मीको मिलेमतो र संरक्षणकै कारण तस्करी झनै मौलाएको आरोप लगाइएको छ । भुजहवास्थित सशस्त्र प्रहरी बलको बीओपीमा हाल सशस्त्र प्रहरी निरीक्षक सन्तोष थापा प्रमुखको जिम्मेवारीमा छन् । उनको कार्यकालमै तस्करी बढेको भन्दै स्थानीयले असन्तुष्टि जनाएका छन् । पटक-पटक गुनासो गर्दा पनि ठोस कारबाही नभएको पीडितहरूको भनाइ छ ।

**राज्यलाई ठूलो राजस्व क्षति**

तस्करीका कारण राज्यको राजस्व संकलनमा समेत ठूलो क्षति पुगेको बुद्धिजीवीहरू बताउँछन् । भन्सार छलि भित्रिने कुखुरा र बाहिरिने बाख्राले सरकारी आम्दानी घटाउनुका साथै वैध व्यवसायीहरू निरुत्साहित भएका छन् । स्थानीय प्रशासन, सुरक्षा निकाय र राजश्व अनुसन्धान कार्यालय जानकार हुँदाहुँदै पनि प्रभावकारी कदम नचालिएको आरोप छ, जसले तस्करहरूलाई झनै हौसला दिएको स्थानीयको निष्कर्ष छ ।

**आन्दोलनको चेतावनी**

तस्करीबाट पीडित व्यवसायीहरू आन्दोलनमा जान बाध्य हुने चेतावनी दिन थालेका छन् । उनीहरूले भुजहवा नाकामा भइरहेको अवैध कारोबारको निष्पक्ष छानबिन, तस्करहरूलाई संरक्षण गर्ने सुरक्षाकर्मीमाथि कडा कानूनी कारबाही, नेपाली पोल्ट्री तथा पशुपालक व्यवसायीको संरक्षण नीति र सीमा सुरक्षामा कडाइ गर्न सरकारसँग माग गरेका छन् । स्थानीयहरू चेतावनी दिन्छन्-यदि प्रशासन र सुरक्षा निकाय समयमै गम्भीर बनेन भने भुजहवा नाका तस्करको स्थायी अखडा बन्नेछ र यसले दीर्घकालमा राष्ट्रिय अर्थतन्त्र, रोजगारी र सुरक्षा प्रणालीमै गम्भीर असर पार्नेछ ।

# कोइलावास भन्सारको राजस्व किन ओरालो लाग्दै छ ?

● साँघु संवाददाता

**दाङ । भारतसँग जोडिएको दाङको एकमात्र भन्सार नाका कोइलावास भन्सार कार्यालय चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो छ महिनामै राजस्व सङ्कलनमा लक्ष्य चुकाउन पुगेको छ । कार्यालयले पुस मसान्तसम्म ८४ लाख ९७ हजार रुपैयाँ राजस्व उठाउने लक्ष्य राखेको भए पनि वास्तविक सङ्कलन ७६ लाख २३ हजार ३६२ रुपैयाँमै सीमित भएको छ । यसअनुसार करिब ८ लाख ७३ हजार रुपैयाँभन्दा बढी राजस्व घाटा देखिएको छ ।**

भन्सार कार्यालयको प्रगति लक्ष्यको ९० प्रतिशतभन्दा तल झरेको तथ्याङ्कले देखाउँछ कि समस्या केवल एक महिनाको होइन, निरन्तरको हो । साउनदेखि मङ्सिरसम्म कुनै पनि महिनामा भन्सारले तोकिएको लक्ष्य भेटाउन सकेन। साउनमा १३ लाखभन्दा बढी उठाउने लक्ष्य लिइएको भए पनि १० लाखभन्दा कम राजस्व उठ्यो। भदौ र असोजमा पनि अवस्था झनै कमजोर रह्यो। कात्तिक र मङ्सिरमा समेत लक्ष्य र उपलब्धिबीच ठूलो अन्तर देखियो ।

२०८२ पुस महिनामा भने भारतीय पर्यटकको आवागमन बढेसँगै राजस्व एकाएक बढेको भन्सार कार्यालयले जनाएको छ । सो महिनामा १३ लाख ४० हजार रुपैयाँको लक्ष्यविरुद्ध ३३ लाख रुपैयाँभन्दा बढी राजस्व सङ्कलन भयो । तर, यसले अघिल्ला पाँच महिनामा भएको घाटा पूर्ति गर्न सकेन ।

स्थानीय व्यापारी र सरोकारवालाहरू भने राजस्व ओरालो लाग्नुको मूल कारण खुला सीमा र बढ्दो तस्करी भएको बताउँछन् । भारतसँगको खुला नाकाबाट दैनिक उपभोग्य वस्तु, किराना सामान, लत्ताकपडा लगायतका सामग्री भन्सार छली, चोरी गरेर अवैध रूपमा भित्रिने गरेको उनीहरूको गुनासो छ । "वैध रूपमा सामान ल्याउनेले कर तिर्नुपर्छ, तर अवैध रूपमा आउने सामानले बजार कब्जा गर्छ । तस्करीहरुले राजश्व मारिरहेछन् भने यस्तो अवस्थामा राजस्व कसरी बढ्छ ?" एकजना व्यापारीको प्रश्न छ ।

भन्सार प्रशासन भने व्यापारिक गतिविधि सुस्त हुनु, सीमावर्ती बजारमै निर्भरता बढ्नु र पूर्वाधारको अभावलाई प्रमुख कारणका रूपमा अघि सार्छ । तर स्थानीय स्तरमा भने सुरक्षा निकाय र राजश्वको अनुगमन कमजोर हुनु, जनशक्ति अभाव र भन्सारका कर्मचारीहरु-तस्कर मिलेमतोको आशंकासमेत उठ्न थालेको छ ।

यदि पर्यटक बढ्दा एकै महिनामा राजस्व तेब्बर हुन सक्छ भने, बाँकी महिनामा नियमित रूपमा कडाइ किन हुन सकेन भन्ने प्रश्न पनि स्वाभाविक रूपमा उठेको छ । यसले कोइलावास नाकामा सीमा सुरक्षा, तस्करी नियन्त्रण र सरकारी संयन्त्रको प्रभावकारितामाथि गम्भीर प्रश्न खडा गरेको छ ।

समयमै अनुगमन कडा नबनाइए र संरचनागत सुधार नगरे आगामी महिनामा पनि कोइलावास भन्सारको राजस्व लक्ष्य कागजमै सीमित हुने खतरा कायमै देखिन्छ । अब स्पष्ट प्रश्न उभिएको छ-राजस्व घट्नुको जिम्मेवारी भन्सार, कर्मचारी, राजश्व अनुसन्धान, प्रशासन र सुरक्षा निकाय मध्ये कसले लिने ? सीमा क्षेत्रको तस्करी नियन्त्रणका लागि प्रशासन, सुरक्षा निकाय कहिले सक्रिय हुने ? र, भन्सार प्रशासन कहिले सुधारको बाटोमा गम्भीर हुने ? निर्वाचनको अवसर छोपेर तस्करहरुको सक्रिता जतातत‌ै बढेको तर्फ राजश्व अनुसन्धान विभाग र भन्सार कार्यालयहरुको ध्यान कहिले पुग्ने ?

## 'तस्करी कसरी चल्छ ?'
## अवैध व्यापारको अदृश्य सञ्जाल



कोइलावास भन्सार नाका दिनको उज्यालोमा वैध व्यापारको प्रवेशद्वार देखिए पनि रात पर्नासाथ यही नाका तस्करीको सहज मार्गमा परिणत हुने गरेको स्थानीयको भनाइ छ । खुला सीमा, सीमित सुरक्षाकर्मी र कमजोर अनुगमन तस्करका लागि सबैभन्दा ठूलो 'सुविधा' बनेको छ ।

स्थानीय स्रोतका अनुसार, भारततर्फबाट किराना सामग्री, लत्ताकपडा, प्लास्टिकजन्य सामान, कस्मेटिक, साना विद्युतीय सामग्रीदेखि मदिरासम्म अवैध रूपमा भित्र्याइन्छ । यस्ता सामान प्रायः साँझपख वा मध्यरातपछि साना सवारी साधन, मोटरसाइकल र कहिलेकाहीँ पैदलैसमेत भित्र्याइने गर्छन् ।

तस्करीको पहिलो चरण सीमापारिबाट सुरु हुन्छ । भारतीय बजारमा सस्तोमा खरिद गरिएका सामानहरू सीमावर्ती बस्ती हुँदै नेपालतर्फ ल्याइन्छ । भन्सार नाका बाहिरका कच्ची बाटो, खोल्सा र खेतबारी हुँदै सामान ओसार्ने वैकल्पिक मार्गहरू प्रयोग गरिन्छ । यी बाटोहरू स्थानीय तस्करले वर्षौंदेखि प्रयोग गर्दै आएका छन् ।


दोस्रो चरणमा 'लाइन मिलाउने' काम हुन्छ । स्थानीयस्तरमा प्रभाव भएका केही व्यक्ति, बिचौलिया र सूचनादातामार्फत सुरक्षाकर्मीको गतिविधिबारे जानकारी लिइन्छ । कतिपय अवस्थामा भन्सार र सुरक्षा निकायभित्रै सूचना चुहावट हुने आशंकासमेत स्थानीयले व्यक्त गर्छन्

तेस्रो चरणमा सामान सुरक्षित गोदाममा राखिन्छ। सीमावर्ती गाउँका घर, खाली गोठ वा अस्थायी टहरालाई गोदाम बनाइन्छ । त्यहाँबाट मागअनुसार दाङका विभिन्न बजारतर्फ सामान पठाइन्छ यसरी भित्रिएको सामानले स्थानीय बजारमा वैध व्यापारीलाई प्रत्यक्ष मार पार्ने गरेको छ ।

वैध रूपमा आयात गर्ने व्यापारीले कर, भन्सार शुल्क र अन्य प्रक्रियागत झन्झट व्यहोर्नुपर्छ । तर तस्करीको सामान सस्तो पर्ने भएकाले बजारमा त्यही हाबी हुन्छ । यसले न केवल राजस्व घटाउँछ, इमानदार व्यवसायीलाई विस्थापित गर्ने अवस्था पनि सिर्जना गर्छ ।

भन्सार प्रशासनले बेला-बेलामा तस्करी नियन्त्रणका लागि निगरानी बढाउने दाबी गरे पनि व्यवहारमा त्यो पर्याप्त देखिँदैन सीमित जनशक्ति, प्राविधिक साधनको अभाव र राजनीतिक दबाबका कारण तस्करी नियन्त्रण प्रभावकारी हुन नसकेको सरोकारवालाको भनाइ छ ।

स्थानीयहरू भन्छन्-जबसम्म नियमित गस्ती, कडा अनुगमन र भन्सार-सुरक्षा निकायबीच समन्वय बढ्दैन, तबसम्म कोइलावास नाकाबाट चल्ने तस्करी रोक्न कठिन छ । तस्करी नियन्त्रण नगरी राजस्व बढाउने लक्ष्य केवल कागजमै सीमित हुने उनीहरूको निष्कर्ष छ ।



# अर्थात् : जेमन्त



– शरदराज गौतम –

*चमत्कार नेपाली समाजिक व्यवस्थाले*
*लामो बेथा बोकेर कोरलेको पाण्डुलिपी हो ।*
*त्यसलाई उसले लामो कथेको छ, वाचन गरेको छ ।*
*र, बाँच्ने सूत्रधार अभिनय गरेको छ ।*
*चमत्कारले जिन्दगी फेरिन्छ, फेरिदैन ।*
*तर, उसलाई त्यो कथि रहन मज्जा लाग्छ ।*
*त्यसको स्वैरकल्पनामा 'हुन' ऊ रमाउँछ ।*
*नेपाली अनुहारमा देखिने सदाबहारको मुस्कान*
*त्यसैको बलियो र जल्दोबल्दो प्रमाण हो ।*
*चमत्कार नेपाली समाजमा चिरञ्जीबी रहन्छ ।*
*यसलाई झुठ्ल्याउन सजिलो छैन ।*
*त्यसैले यो हरेक पुस्तामा रुपान्तरण खोज्छ ।*
*अवतरण खोज्छ र अष्ट चिरञ्जीवी बन्छ ।*
*आजको मुलुकको मेटाफरको तस्बिर यै हो ।*
*एउटा भुँई मान्छे फेरि पनि चमत्कारप्रति 'आशे' हुन्छ ।*
*र, मुसुक्क मुस्कुराउँछ ।*
*पहाडबाट झरेर अनिंदो परेको एउटा मानिस*
*सिमावर्ती बजारमा औषधि बेच्ने चटकेको भीडमा मिसिन्छ ।*
*चटके यसपटक मच्छडबाट बच्ने अचुक औषधि बेच्दो हुन्छ ।*
*रातभरि मच्छड टोकाईबाट अनिंदो परेको मानिस*
*मच्छडबाट जोगिने अचुक औषधिको किस्सामा मख्ख पर्दछ ।*
*चटके आफ्ना सानामसिना चटक देखाउँदै औषधि बेच्छ ।*
*रुप्पे गोटा मच्छडको अचुक औषधि पुडिया ।*
*भीडमा सब ठेलमठेल गरि किन्छन् ।*
*त्यतिनै बेला चटके जोडले डमरु ठोक्छ ।*
*पुडिया किन्नेहरु सब एकाएक स्तब्ध भएर रोकिन्छन् ।*
*चटके एउटा महत्वपूर्ण घोषणा गर्दछ ।*
*पुडिया घर लगेर मात्र खोल्नु पर्ने ।*
*लगभग यो औषधिको शर्त जस्तै भनिन्छ ।*
*नत्र यसको असर देखिन्न भनेर सुनाइन्छ ।*
*हो न हो औषधिको असर कम हुने डरले*
*औषधि किन्नेहरु पुडिया खोल्दैनन् ।*
*र, बेस्मारी मुट्ठी कसेर राख्छन् ।*
*चटके आफ्नो किस्सा वाचन सिद्ध्याउँछ ।*
*आफ्नो थैली बन्द गर्दै चटके अलप हुन्छ ।*
*मानिसहरु मच्छडबाट बच्ने औषधि च्यापेर फर्किन्छन् ।*
*मच्छडबाट बच्ने अचुक औषधिको पुरियाले*
*औषधि किन्ने मानिसको ओंठमा त्यतिखेर मुस्कान दिन्छ*
*जतिखेर ती औषधिको पुरिया सुत्ने बेला खोल्न पुग्छन् ।*
*पुडिया भित्र कुनै बुटी वा औषधि हुन्न ।*
*केबल लेखिएको छ, 'झुल लाएर सुत्नु' ।*
*मच्छडबाट जोगिने अचुक उपाय ।*
*पहाडबाट झरेका मानिस मुस्कुराउँछ मात्र ।*
*सिमावर्ती इलाकामा दिनहुँ चटके*
*मच्छडबाट जोगिने अचुक बुटी बेचेर आफ्नो कौशल देखाउँछ ।*
*मच्छडको मार खेप्न नसक्ने पहाडबाट झरेका मानिसहरु*
*रुप्पे गोटाको औषधि किनेर मुस्कुराउँछन् ।*
*मानिसहरु दिनहुँ चमत्कार खोजेर मुस्कुराउँछन ।*
*आजको दिनमा मुलुकमा चुनाव हुँदोछ ।*
*भोट माग्ने र भोट दिने सबलाई सबको बेथा मालुम छ ।*
*तर, पनि कोई रुप्पे गोटाको औषधि बेच्छन् ।*
*र, कोई रुप्पे गोटाको औषधि किनेर मुस्कुराउँछन् ।*
*सबै चमत्कारको एउटै पटाक्षेप हो*
*झुल लाएर सुत्नु ।*
*सबको ओंठमा मुस्कुराहट छ ।*
*भनिन्छ, नेपाली समाजको यो सदाबहार मुस्कान हो ।*
*चमत्कारको स्वैरकल्पनामा आफैंमा भरिपूर्ण मुस्कान ।*

## मतदाताको मन...

तीनवटै गाउँपालिका (पुठा उत्तरगंगा, भूमे र सिस्ने) मा माओवादीको बलियो पकड छ । तर, यसपटक उनलाई रोक्न नेपाली कांग्रेसले कुसुम देवी थापा र प्रगतिशील लोकतान्त्रिक पार्टी (जनार्दन शर्मा पक्ष) का सन्दीप पुनले चुनौती दिइरहेका छन् । एमालेले पनि सन्दीप पुनलाई नै समर्थन गर्ने संकेत गरेपछि प्रचण्डका लागि यो निर्वाचन 'प्रतिष्ठाको लडाइँ' बनेको छ ।

**सर्लाही–४ः गगन बनाम अमरेश**

काठमाडौं-४ छोडेर मधेस झरेका नेपाली कांग्रेसका प्रभावशाली नेता गगन थापा र पूर्व कांग्रेस नेता तथा हाल रास्वपाका उम्मेदवार डा. अमरेश कुमार सिंहबीच यहाँ रोचक प्रतिस्पर्धा हुँदैछ । गगनले मधेसको शिक्षा र आइटी विकासको मुद्दा अघि सारेका छन् भने अमरेश सिंह आफ्नो स्थानीय पकड र रास्वपाको नयाँ क्रेज प्रयोग गरेर गगनलाई रोक्ने दाउमा छन् । यहाँको भिडन्तले मधेसमा पुराना दलप्रतिको विश्वास र नयाँ लहरको परीक्षण गर्नेछ ।

**काठमाडौँ–३ः कुलमान बनाम राजु**

काठमाडौं-३ मा 'उज्यालो नेपाल' का नायक मानिने कुलमान घिसिङ र काठमाडौं महानगरका पूर्व नगर प्रहरी प्रमुख राजु पाण्डे (रास्वपा) बीचको प्रतिस्पर्धाले नयाँ आयाम थपेको छ । 'उज्यालो नेपाल पार्टी' बाट चुनावी मैदानमा उत्रिएका कुलमानलाई विकासप्रेमी प्रशासकको रूपमा हेरिएको छ भने राजु पाण्डे रास्वपाको तर्फबाट बलियो उम्मेदवार बनेका छन् । यहाँका बौद्धिक र सहरी मतदाताहरू यी दुई 'काम गरेर देखाएका' पात्रहरूमध्ये कसलाई रोज्ने भन्ने दोधारमा देखिन्छन् ।

**रौतहटः बहु–भिडन्त**

मधेस राजनीतिको केन्द्र मानिने रौतहटमा यसपटकको निर्वाचन निकै रोचक र चुनौतीपूर्ण बनेको छ । यहाँ पुराना राजनीतिक खेलाडी आफ्नो विरासत जोगाउने दाउमा छन् भने केही नयाँ र 'मिडिया सेलिब्रेटी' अनुहारहरूले चुनावी मैदानलाई तताइरहेका छन् ।

**रौतहट–१ः माधव नेपालको चुनौती**

पूर्व प्रधानमन्त्री तथा एकीकृत नेकपाका प्रभावशाली नेता माधव कुमार नेपाल आफ्नो गृहक्षेत्र रौतहट-१ बाट चुनावी प्रतिस्पर्धामा छन् । यो क्षेत्र उनको पुरानो गढ मानिन्छ, जहाँ उनले अघिल्लो निर्वाचनमा पनि जित हासिल गरेका थिए ।

**अवस्थाः** माधव नेपालका लागि यो निर्वाचन केवल एक सिटको जित मात्र नभई उनको राजनीतिक अस्तित्व र प्रभावको परीक्षण पनि हो । क्षेत्र नं. १ का स्थानीय पालिकाहरूमा उनको पकड बलियो रहे पनि यसपटक एमाले र अन्य साना दलहरूको मोर्चाबन्दीले उनलाई कडा चुनौती दिइरहेको छ ।

**प्रक्षेपणः** आफ्नो लामो राजनीतिक अनुभव र स्थानीय विकासमा पुऱ्याएको योगदानका कारण उनी अझै पनि बलियो उम्मेदवारका रूपमा देखिएका छन् । तर, 'गठबन्धन' भित्रको आन्तरिक कलहले उनलाई केही असहज बनाउन सक्छ ।

**रौतहट–३ः प्रभु साहको विरासत**

रौतहट-३ मा आम जनता पार्टीका अध्यक्ष प्रभु साह चुनावी मैदानमा छन् । मधेस प्रदेशमा २०६४ सालयता लगातार चुनाव जित्ने रेकर्ड बनाएका साह यसपटक पनि आफ्नो 'अपराजित' विरासत जोगाउने प्रयासमा छन् ।

**अवस्थाः** प्रभु साहले पछिल्लो समय 'आम जनता पार्टी'मार्फत मधेसका भुँईतहका मुद्दाहरूलाई उठाइरहेका छन् । एमाले र माओवादी दुवैबाट अलग भएर आफ्नै शक्ति निर्माण गरेका साहलाई यसपटक पुराना ठूला दलहरूले संयुक्त रूपमा रोक्ने रणनीति बनाएका छन् ।

**प्रक्षेपणः** साहको व्यक्तिगत प्रभाव र मधेसमा उनको विशेष 'कमान्ड' का कारण उनी अझै पनि यस क्षेत्रका सबैभन्दा भारी उम्मेदवार हुन् । उनलाई टक्कर दिन कांग्रेस र एमालेले कस्तो रणनीति अपनाउँछन्, त्यसैमा हार-जितको फैसला हुनेछ । तर, मधेस प्रदेशका केही जिल्लामा केन्द्रित प्रभु साहको पार्टीले ३ प्रतिशत मत पाउन मुस्किल रहेकाले समानुपातिकमा शून्य सिटको खतरा रहेको छ ।

**रौतहट–४ः धमलाको प्रवेश**

यसपटकको निर्वाचनको सबैभन्दा ठूलो सरप्राइज भनेको सञ्चारकर्मी ऋषि धमलाको उम्मेदवारी हो । प्रभु साह नेतृत्वको आम जनता पार्टीबाट उम्मेदवारी दिएका धमला रौतहट-४ बाट चुनावी मैदानमा उत्रिएका छन् ।

**अवस्थाः** "जनता जान्न चाहन्छन्" भन्दै क्यामेरा अगाडि नेताहरूलाई प्रश्न गर्ने धमला अहिले आफैं जनताको कठघरामा खडा भएर अनेक रुपमा प्रदर्शन गरेर भोट माग्दै पुगिरहेका छन् । उनको भोट माग्ने शैली र घरदैलोका भिडियोहरू सामाजिक सञ्जालमा भाइरल भइरहेका छन् । रौतहट-४ मा उनको मुख्य प्रतिस्पर्धा नेपाली कांग्रेसका देवप्रसाद तिमल्सिना र एमालेका उम्मेदवारसँग हुने देखिएको छ ।

**प्रक्षेपणः** धमलाको उम्मेदवारीले यस क्षेत्रको चुनावी अंकगणित बिगारेको चर्चा छ । मिडियामा उनको पहुँच र 'सेलिब्रेटी' छविका कारण उनले युवा र तटस्थ मतदाताको भोट तान्ने सम्भावना छ । यद्यपि, राजनीतिक धरातलमा अनुभवी नेताहरूलाई उछिनेर सफलता हात पार्न उनले निकै ठूलो कसरत गर्नुपर्ने देखिन्छ ।

## चर्चाको शिखरमा...

समानुपातिक भोट जोगाउने डर मात्रै रहेको छ । प्रत्यक्षतर्फ भने खासै ठूलो डर नदेखिएको पनि नेताहरूले बताउने गरेका छन् ।

समानुपातिक भोट घट्न नदिने नीति लिन खोजिएको छ । तर, पछिल्ला दिनमा एमालेका शुभेच्छुकहरू पनि ओलीप्रति आक्रोशित रहेका कारण समानुपातिक भोट प्रभावित हुने डर मानिरहेका छन्। एमालेभित्र त्यस्तो डर हुनुको कारण सक्रिय कार्यकर्ताहरूमध्ये झन्डै २ लाखले पार्टी सदस्यता नविकरण नगरेको तथ्य पनि हो ।

महाधिवेशनका बेलामा उक्त संख्या बाहिर निस्किएको हो । एमालेको ठूलो पंक्तिले पार्टी सदस्यता नविकरण नगरेका कारण त्यसको असर पार्टीमा पर्ने अनुमान गरिएको छ । हुन त त्यसरी नवीकरण नगर्नुमा माधव नेपाल र झलनाथ खनालसँग एउटा ठूलो पंक्ति रहेका कारणले पनि हो । तर, पनि पछिल्ला दिनमा नयाँ थपिनेको संख्या कम हुन थालेपछि एमालेले चुनावी डर राख्न थालेको हो ।

आँधीबेहरीको संकेतका कारण एमालेभित्र अहिले ५ देखि ८ लाख भोट प्रभावित हुने अनुमान हुन थालेको छ । समानुपातिकमा ती भोट प्रभावित भएमा पार्टीलाई ठूलो क्षति हुने बुझाइमा एमाले नेताहरू रहेका छन् । त्यसैले अहिलेको करिब २६ लाख भोटलाई कायम राख्ने प्रयास रहेको छ । तर, एमालेको भोट घटेर २० लाखसम्म झर्ने अनुमान भइरहेको छ ।

त्यो भोट रास्वपामा जान्छ कि छरिएर बाँडचुड हुन्छ भन्ने चाहिँ अनुमान भइसकेको छैन । एकथरी भने रास्वपामा जाने खतरा औंल्याइरहेका छन् । मधेसबाट अघिल्लो पटक एमालेले राम्रो भोट र सिट पाएको थियो । तर, अहिले उक्त क्षेत्रमा गुमाउने खतरा देखिएको बताइन्छ । एमालेले मुख्यमन्त्री र प्रदेश प्रमुखको हकमा केही समयअघि गरेको हर्कतले पनि मधेसमा असन्तुष्टि बढाएको आलोचकहरूले टिप्पणी गरिरहेका छन् ।

## चुनाव किन...

आलोचना पनि भइरहेको छ । अहिले पनि जिल्लाले अस्वीकार गरेका बेलामा गंगा दाहालकै बलमा राजनले टिकट पाएको आरोप लाग्दै आएको छ । त्यही आरोपपछि हरिबोल गजुरेलले राजनको विकल्प खोजेका हुन् ।

गजुरेलले केही वर्षदेखि प्रचण्डमाथि गम्भीर प्रश्न उठाइरहेका थिए । जिल्लाको हकमा गजुरेलको टिकट खोसेर पहिला प्रचण्डले राजनलाई दिएका थिए । त्यतिबेला पनि असन्तुष्ट बनेका गजुरेलले पार्टीको जिम्मेवारीबाट राजीनामा नै दिएका थिए ।

पार्टीभित्र लिखित असहमति पनि राखेका थिए । त्यसका बाबजुद पनि राजनले जित भने निकालेका थिए । तर, गजुरेल भने निरन्तर प्रचण्डसँग असन्तुष्ट बन्दै आएका थिए । यद्यपि, प्रचण्ड प्रधानमन्त्री भएको बेला सल्लाहकारको भूमिकामा पनि रहेका थिए ।

तर, बीचमा उनले राजीनामा दिएर हिँडे । त्यसपछि प्रचण्डसँग उनको सम्बन्ध सुधार भइरहेको अनुमान थियो । तर, अघिल्लो चुनावमा टिकट खोसिएका गजुरेल यो पटक आफूले नलिने तर पार्टीमा लामो त्याग गरेका स्वस्थ छवीका युवा महेश्वर दाहाललाई टिकट दिलाउने प्रयासमा थिए । तर, प्रचण्डले महेश्वरलाई बाइपास गरेर राजनलाई निरन्तरता दिए । त्यसपछि गजुरेल र महेश्वरको विरुद्धमा प्रचण्ड खनिए ।

त्यसैले अहिले सिन्धुलीमा महेश्वर दाहाल र राजन दाहालको प्रतिस्पर्धाभन्दा पनि प्रचण्ड र गजुरेलको प्रतिस्पर्धाको रूपमा व्याख्या हुन थालेको छ । अन्य निर्वाचन क्षेत्र नगएका प्रचण्डले पहिलो पटक सिन्धुली पुगेर राजन दाहालको पक्षमा भोट मागे । आफ्नै छोरी रेणु दाहालको पक्षमा भोट नमागेका प्रचण्डले राजन दाहालको चिन्ता गर्नुलाई गजुरेलसँग प्रचण्डले प्रतिष्ठाको लडाइँ लडेको अर्थमा पनि हेरिएको छ ।

## अनेक काण्ड...

गरेका रेग्मीलाई त्यही ह्विस्की प्रकरणले अप्ठ्यारामो पार्ने स्याङ्जा क्षेत्र नम्बर-१ का मतदाताहरु बताउछन् ।

तोकिएको भन्दा बढी परिमाणमा मदिरा बोकेर आएका रेग्मी भन्सार छलीको विवादमा तानिएका मात्र होइनन् गल्ती स्वीकार गरेर जरिवानासमेत तिरेका थिए ।

रेग्मी पर्यटन बोर्डको सीईओ हुँदा भ्रष्टाचार अभियोगमा निलम्बन नै भएका थिए । पदीय हैसियतको दुरुपयोग गरेको र आर्थिक अनियमिततामा मुछिएको आरोपमा रेग्मीलाई निलम्बन गर्ने निर्णय गरिएको थियो ।

नेपाल प्रहरीमा हुँदा अनेक विवादमा परेका पूर्वडीएसपी गोविन्द पन्थीलाई रास्वपाले गुल्मी-२ बाट प्रतिनिधि सभाको उम्मेदवार बनाएको छ । २०७४ फागुनमा तत्कालीन महानगरीय प्रहरी प्रभाग पुल्चोकको प्रमुख रहेको समयमा उनलाई प्रहरी प्रधान कार्यालयको १ नम्बर गणमा-२ महिना राखेर अनुसन्धान गरिएको थियो । प्रहरी अनुशासन र आचरणविरुद्ध काम गरेको आरोपमा गणमा राखी अनुसन्धान गरिएको थियो । जुन समयमा आईजीपी प्रकाश अर्याल रहेका थिए । पुल्चोक प्रभागमा हुँदा उनले पानीको जार समेत त्यहींबाट शंखमूलस्थित घरमा लाने गरेको समाचारहरु त्यसबेला प्रकाशित भएका थिए ।

नेपाल प्रहरीले २०६० तिर गठन गरेको विशेष टोलीमा पन्थी करिब १० वर्ष कार्यरत रहेका थिए । गैरीधारादेखि विभिन्न ठाउँमा गोप्य कार्यालय राखी वैदेशिक रोजगार ठगी, अमेरिकी डलर, हुन्डी, पीसी गर्नेहरुलाई ल्याउँदै तर्साउँदै छाड्ने कार्य गरेको आरोप लागेपछि विशेष प्रहरी टोली नै बदनाम हुन गएको थियो । नेपाली नागरिकता लिएका तिब्बती र मारवाडीहरुलाई पनि बोलाउने, तर्साउने कार्य विशेष टोलीका प्रहरीले गरेको आरोप त्यसबखत लागेको थियो ।

शुरुमा विशेष टोलीको प्रमुख राजेन्द्रसिंह भण्डारी र छविलाल बन्जाडे जोशी रहेका थिए । सहकारी ठगी काण्डमा रास्वपा अध्यक्ष रवि लामिछानेसँगै मुद्दा परेका ग्यालेक्सी टीभीका उपाध्यक्ष पूर्वडीआईजी छवि जोशी बन्जाडेपछि विशेष टोलीको प्रमुखमा राजेन्द्रसिंह भण्डारीलाई जिम्मेवारी दिइएको थियो । त्यसबखत पूर्वएआईजी भण्डारी भने त्यति विवादमा परेनन् । तर, भण्डारीपछि पूर्वआईजीपी रमेश चन्द ठकुरीले डीएसपी जगतमान श्रेष्ठलाई विशेष टोलीको प्रमुख बनाए ।

जगतमान आएपछि विशेष टोली टोली झनै विवादमा पऱ्यो । जगतमानले हुन्डी, डलर, पीसी, विवादस्पद नागरिकता केसको आरोपमा मानिस पक्राउ गरेर ल्याउने र कानून पढेका तत्कालीन सई गोविन्द पन्थीलाई जिम्मा दिएर डिल गर्न लाउने गरेको आरोप लागेको थियो ।

साइनबोर्डबिनाको विशेष प्रहरी कार्यालयमा डिल मिले छाड्ने, नमिले मुद्दा चलाउन जिल्ला प्रहरी कार्यालयमा पठाउने गरेको पीडितहरुको आरोप थियो । डीएसपी जगतमान श्रेष्ठको कमाण्डमा रहेको विशेष टोलीले तर्साउने, असुल्ने गरेको आरोप बाहिरिएपछि व्यापक विवादमा पऱ्यो । त्यसपछि प्रहरीको विशेष टोली नै खारेज गर्न प्रहरी विभाग बाध्य भएको थियो । प्रहरीको विशेष टोलीलाई असुली टोली बनाउनेमा मुख्यतया डीएसपी जगतमान श्रेष्ठ, सईद्वय गोबिन्द पन्थी र प्रकाश पाण्डेको नाम चर्चामा थियो ।

## फेक रेस्क्यु...

गुनासो उठ्दै आएको छ ।

स्रोतहरूका अनुसार, छानबिनका क्रममा केही ठूला र प्रभावशाली व्यक्ति तथा कम्पनीहरूको नाम योजनाबद्ध रूपमा हटाइएको थियो। लबिङ, राजनीतिक दबाब र प्रशासनिक संरक्षणका कारण प्रतिवेदन कमजोर बनाइएको आरोप छ । अहिले अर्थसचिव रहेका उपाध्यायमाथि प्रतिवेदन निर्माणकै क्रममा बदमासी भएको दाबी गरिन्छ, तर त्यसबारे कहिल्यै औपचारिक छानबिन भएन ।

**राजनीतिक पहुँच र 'नयाँ' अनुहार**

सबैभन्दा गम्भीर तथ्य के हो भने, त्यतिबेला प्रतिवेदनबाट उम्किएका धेरै व्यक्ति अहिले राजनीतिक रूपमा अझ बलिया बनेका छन् । केही विभिन्न राजनीतिक दलको उच्च तहमा पुगेका छन् भने केही राष्ट्रिय स्वतन्त्र पार्टीबाट उम्मेदवारसमेत बनेका छन् । यदि २०७५ कै प्रतिवेदन कार्यान्वयन भएको भए उनीहरू आज चुनावी मैदानमा होइन, कानुनी कठघरामा हुने पर्यटन व्यवसायीहरू दाबी गर्छन् ।

कतिपय व्यक्तिहरूले दलका नेताहरूलाई आर्थिक सहयोग, सामाजिक कार्यक्रम र दानमार्फत आफ्नो छवि 'समाजसेवी' का रूपमा स्थापित गरेका छन् । आफ्नै व्यक्तित्वको गुणगानसहित पुस्तक प्रकाशन गराएर राजनीतिक नेतृत्वसम्म पहुँच बनाइएको आरोप पनि छ । यही कारण अहिले उनीहरूको नाम लिएर प्रश्न उठाउनसमेत डर मान्ने अवस्था सिर्जना भएको ठमेल क्षेत्रका व्यवसायीहरू बताउँछन् ।

**गायब प्रतिवेदन, मौलाएको धन्दा**

फेक रेस्क्यु प्रकरणको सबैभन्दा रहस्यमय पक्ष भनेको छानबिन प्रतिवेदन नै गायब हुनु हो । पर्यटन मन्त्रालय स्रोतका अनुसार मन्त्रालयमा सुरक्षित हुनुपर्ने उक्त प्रतिवेदन अहिले त्यहाँ छैन । अध्ययन प्रतिवेदन राखिने फाइल कक्षमा समेत त्यो कागजात भेटिँदैन ।

दबाब झेल्न नसकेपछि मन्त्रालयले कार्यान्वयनका लागि भन्दै उक्त प्रतिवेदन गृह मन्त्रालयमा पठाएको बताइन्छ । तर त्यसपछि प्रतिवेदन कहिल्यै खोलिएन, न सार्वजनिक भयो, न त कारबाहीको आधार बन्यो। यसलाई कारबाही छल्ने रणनीतिक कदमका रूपमा लिइन्छ । त्यसयता फेक रेस्क्यु व्यवसाय झनै संगठित र मौलाएको व्यवसायीहरूको आरोप छ ।

**अस्पताल, बीमा र एयरलाइन्सको मिलेमतो**

अनुसन्धानको अर्को गम्भीर पाटो अस्पताल, बीमा कम्पनी र हवाईजहाज कम्पनीहरूको मिलेमतो हो । स्रोतका अनुसार, कतिपय अस्पतालले उपचार नै नगरी कागजमा मात्रै एक जना बिरामीको बिल झन्डै एक करोड रुपैयाँसम्म देखाएर बीमा रकम असुल्ने गरेको पाइएको छ । यस्ता घटनामा हवाईजहाज कम्पनी र ट्रेकिङ व्यवसायीको समन्वय अनिवार्य हुने भएकाले यो सानो गिरोहको काम नभएको स्पष्ट हुन्छ ।

कतिपय अवस्थामा विदेशी पर्यटक स्वयं नै बीमा रकम पाउन फेक रेस्क्युका लागि तयार हुने र त्यसका लागि नेपाली कम्पनीलाई उक्साउने गरेको पनि पाइएको छ। तर यस्तो अन्तर्राष्ट्रिय मिलेमतोबारे प्रहरीले गहिरो अनुसन्धान गरेको छैन ।

**पर्यटन उद्योगमा गम्भीर असर**

फेक रेस्क्यु प्रकरणले नेपाल पर्यटन उद्योगको विश्वसनीयतामा गम्भीर धक्का पुऱ्याएको छ । यस्ता घटनाहरू बढेपछि विदेशी बीमा कम्पनीहरूले नेपाल आउने पर्यटकहरूका लागि बीमा प्रिमियम बढाएका छन् । यसले नेपाल भ्रमण महँगो बनाएको छ ।

परिणामस्वरूप कम खर्च गर्ने पर्यटकहरू मात्रै नेपाल आउने र उच्च खर्च गर्ने, विलासी पर्यटकहरूको संख्या घट्दै गएको पर्यटन व्यवसायीहरू बताउँछन् । ठमेलमा ठूला होटल बनाएका र घर किनेका धेरै व्यक्ति फेक रेस्क्यु प्रकरणसँग जोडिएको र उनीहरू नै राजनीतिक दलसँग आबद्ध भएकाले कारबाही कठिन बनेको टिप्पणी पनि छ ।

**निष्कर्ष : मौनता कि निर्णय ?**

फेक रेस्क्यु प्रकरण अब सामान्य अपराध होइन, यो राज्यको नियमन क्षमता, राजनीतिक इच्छाशक्ति र पर्यटन क्षेत्रको भविष्यसँग जोडिएको विषय बनेको छ । विगतको छानबिन प्रतिवेदन सार्वजनिक नगरी नयाँ समिति बनाउने मात्र औपचारिकता हुने व्यवसायीहरूको तर्क छ ।

प्रश्न अझै खुला छ-के फेक रेस्क्युका ठूला खेलाडीहरू सधैं राजनीतिक संरक्षणको छातामुनि सुरक्षित रहनेछन्, कि अब साँच्चै राज्यले आफ्नो प्रतिवेदन खोजेर सत्य बाहिर ल्याउने साहस गर्छ ?

## लोकप्रियता...

विभाजनतिर लैजाने सपना छर्दै हिँड्न थालेको कुरालाई राम्रो संकेत मान्न सकिँदैन ।

**नयाँ नेताको अलोकतान्त्रिक प्रवृत्ति**

अहिले मुलुक भू-राजनीतिक द्वन्द्वको शिकार हुने जोखिम अत्यन्त बढेको छ । पछिल्लो समयमा नेपालले स्वतन्त्र तिब्बत अभियानमा लागेका मानिस र समूहलाई बढावा दिएको आरोप चिनियाँ सञ्चार माध्यम र सञ्चारकर्मीले लगाउन थालेको चर्चा-परिचर्चा समेत हुन थालेको पाइन्छ ।

दुई ठूला र प्रभावशाली तथा प्रतिस्पर्धी मुलुकको बीचमा अवस्थित मुलुक नेपालले आफ्नो हित र स्वार्थको रक्षा र प्रवर्द्धन गर्नको निम्ति सन्तुलित र असंलग्न परराष्ट्र नीतिको अवलम्बन गर्न आवश्यक रहेको कुरालाई नेपालको संविधानले समेत अंगीकार गरेको छ ।

यस बेला मुलुकको परराष्ट्र नीति सम्बन्धी अडान र व्यवहारका विषयमा विश्वशक्तिको रूपमा स्थापित शक्तिशाली छिमेकी मुलुक समेतको तर्फबाट आशंका प्रकट भएको अवस्था छ भन्ने कुरा पनि चर्चामा रहेको छ । मुलुकको भू-राजनीतिक संवेदनशीलतासँग जोडिएको यस्तो गम्भीर विषयप्रति नेपालका चर्चित राजनीतिक दलका शीर्षस्थ र प्रभावशाली नेताहरू र सरकारबाट अपेक्षित चासो र चिन्ता नदेखिएको कुरालाई नेपाली बुद्धिजीवी र विश्लेषकहरूले समेत अनुपयुक्त ठानेको पाइन्छ ।

**भू–राजनीतिको संवेदनशीलता**

लिपुलेक र कालापानी विवादको विषयमा नेपालको पक्षमा नउभिएको कारणको प्रचार गरेर चीन भ्रमणको निम्तो स्वीकार नगरेको भनिएका एउटा चर्चित उम्मेदवारले भारतले नेपालको कालापानी र लिपुलेक नेपाललाई फिर्ता नगरे पनि हामीहरूले भारतको विरोध गर्नु हुँदैन भनेर भनेको भन्ने कुरा समेत चर्चामा आएको छ । यो कुरा साँचो हो भने ती उम्मेदवार असंलग्न परराष्ट्र नीतिको पक्षमा नरहेको आशंका उत्पन्न हुन्छ ।

नेपालजस्तो भू-राजनीतिक अवस्थामा रहेको मुलुक परराष्ट्र नीतिको सञ्चालनमा सन्तुलित र संयमित हुन सकेन भने मुलुकलाई अपूरणीय क्षति पुग्ने अवस्थाको सिर्जना हुन सक्छ भन्ने कुरामा उम्मेदवारहरू र मतदाताहरू अत्यन्त चनाखो हुनुपर्ने अवस्था अहिले देखिन्छ ।

त्यसैले दलहरूको बीचमा कार्यक्रम र नीतिगत दृष्टिकोणका आधारमा मित्रवत प्रतिस्पर्धा हुने अवस्थाको सिर्जना र परराष्ट्र नीति, राजनीतिक प्रणाली र आर्थिक-सामाजिक प्रणाली समेतका राष्ट्रिय मामिलाहरूमा सर्वपक्षीय सहमति र साझा दृष्टिकोणको सिर्जना अहिले मुलुकको हितको रक्षाको निम्ति सबैभन्दा बढी आवश्यक छ भन्ने कुरालाई निर्वाचनमा सहभागी सबै दल र नेताहरूले स्वीकार गर्न जरुरी छ र सो अनुरूपको व्यवहार र विचार अंगीकार गर्न जरुरी देखिन्छ ।

**मतदाता सचेतना र राष्ट्रहितको प्रश्न**

राष्ट्रको हार र जितको कुरा निर्वाचनमा हार र जितको कुराभन्दा महत्वपूर्ण हुन्छ भन्ने तथ्यमा सबैको ध्यान जान जरुरी छ । त्यसैले परराष्ट्र नीति र राष्ट्रको आन्तरिक एकता र शान्ति तथा पारस्परिक सद्भावप्रतिको असंवेदनशीलताले राष्ट्रको अस्मिता संकटमा पर्ने वा राष्ट्रले हार्ने अवस्थाको सिर्जना नहोस् भन्ने कुरामा राष्ट्रलाई माया गर्ने उम्मेदवार र मतदाताहरू सबै सचेत हुन आवश्यक छ ।

मतदाताहरूले पनि को कति उमेरको छ वा कसले कस्तो अभिनय गर्छ जस्ता अर्थ राजनीतिसँग प्रत्यक्ष रूपमा नजोडिएका विषयलाई आधार बनाएर होइन, राष्ट्रको स्वाधीनता बन्धकी राखेर निर्वाचनको माध्यमबाट सत्ता र शक्तिमा पुग्न कोही प्रयत्नशील छ, छैन ? वा कोही राष्ट्रमा द्वन्द्व र अविश्वासको खेती गर्ने काममा लागेको छ छैन भन्ने जस्ता उम्मेदवारका व्यवहारिक तथा नीतिगत अडानको मूल्यांकन गरेर कसलाई मत दिने वा नदिने भन्ने कुराको निर्णयमा पुग्न जरुरी छ । पहिले कुनै जिम्मेवारीमा रहेको व्यक्ति उम्मेदवार छ भने उसले त्यसरी पदमा रहेको बेलामा जनसाधारणलाई मानवीय दृष्टिकोणले हेर्दथ्यो कि हेर्दैनथ्यो र नागरिक हक अधिकारको हनन गर्दथ्यो कि गर्दैनथ्यो भन्ने कुराको समेत मूल्यांकन गरेर मात्र उसलाई मत दिने नदिने भन्ने विषयमा निर्णय लिनुपर्ने देखिन्छ ।

## सेनाको ५०...

गोप्य मूल्यांकन र सीमित पहुँचका आधारमा गरिएको निर्णयले भविष्यमा कानूनी तथा संस्थागत विवाद निम्त्याउन सक्ने उनीहरूको चेतावनी छ । यस विषयमा संभार रथी विभाग, नेपाली सेना मुख्यालय वा सम्बन्धित अधिकारीको आधिकारिक धारणा भने हालसम्म सार्वजनिक भइसकेको छैन ।

## जेन–जी...

भने चुनावको मुखमा एमालेले के गर्छ ? भन्ने चासो रहेको छ । दोषी किटान गरेर प्रतिवेदन बुझाएको अवस्थामा एमाले सडकमा निस्केन र चुनाव नै प्रभावित हुने खतराबारेमा विश्लेषण भइरहेको छ । अर्कातिर प्रतिवेदन बुझाए पनि सार्वजनिक नगर्ने चुनाव अघिसम्म भनेर सहमति हुने संभावना पनि रहेको छ ।

यो कुरामा सहमति नभएमा समितिको म्याद थप हुने संभावना पनि रहेको छ । स्रोतहरुको अनुसार, अहिले यी दुई विकल्पमा छलफल भइरहेको छ । साथै, केपी ओलीले केही दिनअघि प्रधानमन्त्री सुशीला कार्कीलाई भेटेर पनि यो कुरामा चासो राखेका थिए । त्यसमा ठोस जवाफ प्रधानमन्त्री कार्कीले नदिएपनि चुनावको वातावरण नभाँड्ने भने उनले संकेत गरेकी छिन् । त्यसैले, प्रतिवेदनका लागि समय थपेर चुनावपछि सम्म लैजान सरकार तयार रहेको संकेत पनि बुझिएको छ । २०८२ माघ २२ गते बिहीबार ओलीले झन्डै १ घण्टा प्रधानमन्त्री कार्कीसँग कुराकानी गरेका थिए । त्यसमा चुनावको विषयमा पनि ओलीले चासो राखेका थिए । झापाको प्रहरी प्रमुख सरुवा गरेको प्रकरणदेखि चुनाव सार्न सकिने विकल्पको बारेमा पनि ओलीले प्रधानमन्त्रीसमक्ष कुरा राखेको तर कार्कीले २१ फागुनको चुनाव नसर्ने अडानमात्र राखिन् आफ्नो घर मर्मतको जिम्मा दिइसकेको भन्दै ओलीलाई चुनावमा लाग्न पनि भनेकी छिन् । अन्तरिम सरकार जसरी पनि चुनाव गराउने मुडमा रहेको पाइन्छ ।

## भूमिव्यवस्था...

हुँदैआएको गुनासो गरेका छन् ।

प्रधानमन्त्री कार्कीले जेनजीको सिफारिसमा राखेका 'सुशासन विज्ञ' ओलीले भूमिब्यवस्था मन्त्रालयबाट अन्यत्र सरुवा हुने र अन्यत्रबाट भूमिव्यवस्थामा सरुवा हुन चाहने कर्मचारीहरुको बिचौलियामार्फत् ठेक्का लिएर संघीय मामिला तथा सामान्य प्रशासनमा धाउने गरेको कर्मचारी स्रोत बताउछ ।

निजामती सेवा नियमावली, २०५० को नियम ३८ को उपनियम (२)को खण्ड (ख) मा 'निजामती कर्मचारीलाई सरुवा गर्ने निर्णय भएपछि सरुवा हुने कर्मचारीलाई यस्तो निर्णय भएको तीन दिनभित्र अनुसूची (११क) बमोजिमको सरुवापत्र जारी गरिसक्नुपर्नेछ । यस्तो सरुवापत्र प्राप्त भएपछि सम्बन्धित कार्यालयले नियम ४० बमोजिमको म्यादभित्र अनुसूची (१२) बमोजिमको रमानापत्र दिनुपर्नेछ' भन्ने ब्यवस्था रहेको छ भने सोही उपदफाको खण्ड (ग) मा 'सरुवा भएको कुनै निजामती कर्मचारीलाई खण्ड (ख) बमोजिमको म्यादभित्र रमाना नदिई निज सरुवा भइसकेको कार्यालयबाट तलब तथा भुक्तानी दिएमा रमाना दिनुपर्ने म्यादभन्दा बढी अवधिको त्यस्ता कर्मचारीले खाएको तलबभत्ता समेत त्यसरी रमाना नदिई तलबभत्ता खुवाउने कार्यालय प्रमुख र लेखा प्रमुखबाट असुल उपर गरिनेछ' भन्ने कानूनी व्यवस्था रहेको छ ।

त्यसैगरी सोही नियमावलीको नियम ३९ मा सरुवा भएको कर्मचारी तोकिएको समयभित्र सरुवा भएको कार्यालयमा हाजिर हुन जानुपर्ने र निर्धारित समयभित्र सरुवा भएको कार्यालयमा हाजिर हुन नजाने निजामती कर्मचारीलाई विभागीय कारबाही हुने व्यवस्था गरेको छ । सोही नियमावलीको नियम ४० मा बरबुझारथको समय बढीमा २१ (एक्काईस) दिन तोकिएको छ ।

भूमि व्यवस्थापन तथा अभिलेख विभागको भू-सूचना प्रविधि शाखामा विगत १० वर्षदेखि कार्यरत रहेका कम्प्युटर अधिकृत बलराम काफ्लेको अन्यत्र मन्त्रालय वा अन्तर्गत सरुवा भएको थियो । तर, उल्लेखित कानुनी व्यवस्था भन्दा उडाउँदै काफ्लेबाट ब्यक्तिगत लाभ लिएर उनको रमाना जेनजीका प्रतिनिधिका रुपमा राखिएका तिनै दीपक ओलीले रोकेको स्रोत बताउछ । र, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा बलराम काफ्लेको सरुवा बदर गराउन ओली नै धाउने गरेको कर्मचारीहरु बताउछन् ।

प्रधानमन्त्रीले खटाएको व्यक्तिसंग मन्त्रालयका सचिवसम्मका कर्मचारीहरु डराउने र उनले शक्तिको चरम दुरुपयोग गरी नापी र मालपोत कार्यालयबाट हुने जग्गा दर्ता लगायतका जग्गा प्रशासनसँग सम्बन्धित काम, मन्त्रालय र विभागहरुबाट हुने कर्मचारी सरुवा, मन्त्रालय र विभागहरुबाटभएका बोलपत्र, परामर्श सेवा, मन्त्रालय र मन्त्रिपरिषद्बाट हुने जग्गा प्रशासनसँग सम्बन्धी निर्णय लगायतमा बिचौलिया मार्फत सेटिङ गरी रकम उठाइरहेको उजुरीमा उल्लेख छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, भूमिव्यवस्थ मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, भूमि व्यवस्थापन तथा अभिलेख विभागलगायतका निकायमा २०८२ माघ १४ गते कारबाहीको माग गर्दै उजुरी परेको स्रोत बताउछ ।

## गगनको...

कैलालीमा कांग्रेस कमजोर हुने अनुमान गरिएको छ । अघिल्लो चुनावमा आरजु राणा डेरा गरेरै बसेकी थिइन् । अहिले प्रत्यक्ष चुनाव लड्ने तयारीमा थिइन् । तर, थापाले उनलाई टिकट दिएनन् । त्यसले तुलनात्मक रुपमा राम्रो भएपनि सुदूरपश्चिमको हकमा शेरबहादुर देउवाले टिकट नपाउनुले परिणाममा फरक पार्ने पनि बताइएको छ । अहिले देउवाको उत्तराधिकारीको रुपमा नैनसिंह महरले टिकट पाएका छन् । तर ,पनि सुदूरपश्चिममा देउवा परिवारको प्रभावका कारणले कांग्रेसको सिट संख्या फेरबदल हुन सक्ने पनि बताईएको छ ।

चुनावको बेलामा देउवाको चासो भने सुदूरपश्चिममा देखिएको छैन । उत्तराधिकारी भनिएका महरकै पक्षमा पनि देउवा खुलेका छैनन् । उनीसँग भेटघाट पनि नभएको चर्चा भइरहेको छ । त्यसैले, अहिले देउवाले चुनावको बेलामा सुदूरपश्चिममा के गर्छन् ? भन्ने चासो भने बढेको छ ।

## सेनाका हेलिकप्टर...

**२७२ दिनको सम्झौता, हेलिकप्टर अझै फिर्ता छैन**

सैनिक हेडक्वार्टर स्रोतका अनुसार, २०८० साल असोज महिनामा भएको सम्झौताअनुसार नेपाली सेनाका दुई थान एमआई-१७ हेलिकप्टर मर्मतका लागि भारतको मद्रासस्थित सीपियार्ट (एमडीएसएल) कम्पनीलाई दिइएको थियो । सम्झौतामा २७२ दिनभित्र मर्मत सम्पन्न गरी हेलिकप्टर नेपाली सेनालाई हस्तान्तरण गर्ने स्पष्ट प्रावधान राखिएको थियो । तर, सम्झौतामा तोकिएको समयावधि समाप्त भइसक्दा पनि ती दुई हेलिकप्टर नेपाली सेनालाई फिर्ता नआएको सैनिक स्रोतको भनाइ छ । स्रोतका अनुसार, सम्झौताका सर्तहरू उल्लंघन भइसकेको अवस्थामा पनि न त कम्पनीमाथि कुनै कारबाही अघि बढाइएको छ, न त ढिलाइको स्पष्ट कारण सार्वजनिक गरिएको छ ।

**रक्षा मन्त्रालय र सेनाको मौनता**

उच्च मूल्यका सैन्य सम्पत्ति विदेश पठाएर लामो समयसम्म फिर्ता नआउँदा पनि रक्षा मन्त्रालय, नेपाली सेना र अख्तियार दुरुपयोग अनुसन्धान आयोगको तर्फबाट कुनै ठोस प्रतिक्रिया नआउनु गम्भीर विषय भएको रक्षा मामिलाका जानकारहरूको टिप्पणी छ । "सामान्य सरकारी कार्यालयको सवारी साधन ढिला हुँदा समेत जवाफदेहिता खोजिन्छ, तर अर्बौं मूल्यका दुईवटा सैन्य हेलिकप्टर वर्षौंसम्म बाहिर रहँदा पनि मौनता रहनु अस्वाभाविक छ," एक पूर्व सैनिक अधिकारीले भने ।

**अख्तियारमाथि पनि प्रश्न**

यस प्रकरणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कुनै चासो नदेखाएको भन्दै आलोचना बढ्न थालेको छ । सार्वजनिक सम्पत्तिको सुरक्षा, सम्झौता उल्लंघन र सम्भावित आर्थिक तथा रणनीतिक क्षतिको विषय जोडिँदा पनि अनुसन्धान नथालिनु 'संस्थागत लापरवाही'को संकेत भएको विश्लेषकहरूको भनाइ छ ।

**प्रधानमन्त्रीसम्म पुगेको विषय, तर, निष्कर्ष किन शून्य**

बालुवाटार स्रोतका अनुसार, प्रधानमन्त्री तथा रक्षा मन्त्री कार्कीले यस विषयलाई गम्भीर रूपमा लिँदै स्पष्ट विवरण मागेकी भए पनि सम्बन्धित निकायबाट सन्तोषजनक जवाफ नआएपछि विषय अझै अनिर्णीत अवस्थामा रहेको छ । हेलिकोप्टर राखिएको स्थानको भाडा करोडौं करोड तिर्नुपर्ने समस्या रहेको झुठो र गोलमटोल सम्बन्धित निकायले जवाफ प्रधानमन्त्री तथा रक्षा मन्त्री कार्कीलाई दिएको स्रोत बताउछ । सही सत्य कुरा चाहिं दुई थान एमआई-१७ हेलिकप्टर मर्मतपछि सर्टिफाई गर्ने अधिकार नै नभएको कम्पनी एमडीएसएललाई मर्मतको जिम्मेवारी दिएपछि अबौंका हेलिकोप्टर माटोमा परिणत हुन पुगेका छन् ।

**पारदर्शिताको माग**

रक्षा क्षेत्रका विज्ञहरूका अनुसार, सेनाको जस्तो संवेदनशील संस्थासँग सम्बन्धित यस्ता प्रकरणमा पूर्ण पारदर्शिता, समयमै सार्वजनिक जानकारी र स्वतन्त्र छानबिन अपरिहार्य हुन्छ । अन्यथा, यसले केवल राज्यको आर्थिक क्षति मात्र होइन, संस्थागत विश्वसनीयता र राष्ट्रिय सुरक्षामाथि समेत गम्भीर असर पार्न सक्छ । यस विषयमा नेपाली सेना, रक्षा मन्त्रालय वा एमडीएसएल कम्पनीको आधिकारिक धारणा भने हालसम्म सार्वजनिक किन गरिएको छैन भन्ने अर्को गम्भीर प्रश्न उठेको छ ।


**निर्वाचनको समयमा मतदाताले ध्यान दिनुपर्ने कुरा**

- मतदाता नामावलीमा नाम तथा विवरण सही भए नभएको यकिन गरौं ।
- तोकिएको केन्द्रमा प्रमाणसहित मतदान गर्न जाऔं ।
- मतदान स्थल, केन्द्र, समय र प्रक्रियाका बारेमा अरुलाई पनि जानकारी गराऔं ।
- महिला, वृद्धवृद्धा, अपांगता, भएका व्यक्ति र अशक्तहरुलाई मतदान गर्न सहयोग गरौं ।
- निर्वाचन आचारसंहिताका बारेमा जानकारी राखौं र अरुलाई पनि जानकारी गराऔं ।
- आचारसंहिता उल्लंघन भएको देखिएमा निर्वाचन आयोग वा निर्वाचन अधिकृत वा मतदान अधिकृतलाई जानकारी गराऔं ।
- कसैको डर, त्रास, धम्की वा लोभ लालचामा नपरौं/नपारौं ।

**निर्वाचनको निष्पक्षता कायम गर्न सहयोग गरौ र गराऔं ।**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**


**प्रकाशक** : गोपाल बुढाथोकी, **सम्पादक** : रामकला बुढाथोकी, **कार्यालय** : बागबजार, यतिप्लाजा (पद्मकन्या क्याम्पस अगाडि), काठमाडौं, **फोन** : ५३३०७४८, पो.ब.नं. २९८४, **मुद्रण** : ॐ शिवशक्ति प्रेस, बागबजार